किनाराका आवाजहरु :
नेपालमा अपाङ्गता भएका महिलाहरुको न्यायमा पहुँचको स्थिति

अनुसन्धान प्रतिवेदन

access planet

विषयसूची

कृतज्ञता 4
कार्यकारी सारांश 6
अनुसन्धान विधि 7
अध्ययन क्षेत्र र स्थल छनोट 8
प्रमुख खोजनतिजाहरू 8
सिफारिसहरू 13
अध्याय एक : परिचय 17
अपाङ्गता र अवरोधहरू 20
अनुसन्धानको औचित्य 21
उद्देश्य 21
अनुसन्धान विधि 22
अध्ययन क्षेत्र 23
प्रदेशहरूको संक्षिप्त विवरण 24
प्रदेशअनुसार अपाङ्गता भएका व्यक्तिहरूको तथ्याङ्क 25
सर्वेक्षण 26
प्रमुख सूचनादातासँगको अन्तर्वार्ता 27
घटना अध्ययन 29

तथ्याङ्क विश्लेषण..30
नैतिक र पहुँचयुक्ततासम्बन्धी पक्षहरू..31
अध्याय २ : नीति तथा कानुनी संरचना 33
न्यायमा पहुँचसम्बन्धी अन्तर्राष्ट्रिय कानुनी संरचना..........................33
न्यायमा पहुँचसम्बन्धी राष्ट्रिय कानुनी संरचना.................................39
नेपालको न्याय संयन्त्र 45
अध्याय ३ : हिंसाको अनुभव...49
अध्ययनका सहभागीहरूको सामाजिक जनसांख्यिक विवरण............49
अपाङ्गताको गम्भीरता र परिचयपत्र..54
उमेर, वैवाहिक स्थिति र छोराछोरी..59
शिक्षाको स्तर..60
सङ्घसंस्थाको सदस्यता 62
रोजगारको स्थिति..62
माथिको ग्राफ चार्टको व्याख्या : विभिन्न प्रदेशमा सर्वेक्षणमा सहभागीउत्तरदाताको रोजगारको स्थिति 63
न्याय संयन्त्रसम्बन्धी ज्ञान...64
सेवाप्रदायकबारे ज्ञान..66
हिंसाको अनुभव 68
अनुभव गरिएका हिंसाको प्रकार...69
परिवार र समुदायको हेर्ने दृष्टिकोण 73
हिंसापछि न्याय खोजीको प्रयास..73
अध्याय चार : नेपालको न्याय संयन्त्रमा रहेका अन्तरविविध अवरोधहरू...77
अपाङ्गता भएका महिलाको न्यायको पहुँचमा रहेका अन्तरविविध अवरोधहरूको विश्लेषण 77

संस्थागत तथा नीतिगत अवरोधहरू..81
प्रदेशअनुसार नीतिहरूको स्थिति 83
अपाङ्गता भएका व्यक्तिहरूको न्यायमा पहुँचका सम्बन्धमा रहेका प्रणालीगत अवरोधहरू 85
सामाजिक अवरोध 90
भौतिक अवरोध र सञ्चारजन्य अवरोध......................................93
समावेशी न्यायप्रणालीका लागि सिफारिसहरू 97
असल अभ्यासहरू: व्यक्तिगत र प्रणालीगत प्रयासहरू 99
प्रदेशस्तरका असल अभ्यास 101
अध्याय ५: निष्कर्ष र सिफारिस 104
सिफारिसहरू.. 105
सन्दर्भ सामग्री 109
अनुसूची १: सर्वेक्षण प्रश्नावली 112

कृतज्ञता

"किनाराका आवाजहरू : नेपालमा अपाङ्गता भएका महिलाहरूको न्यायमा पहुँचको स्थिति" नामक यस अनुसन्धान वुमन फन्ड एशियाको आर्थिक सहयोगमा "अपाङ्गता भएका महिला मानवाधिकार रक्षकहरूको सशक्तीकरण र अपाङ्गता भएका बालिका तथा महिलाहरूको न्यायमा पहुँच अभिवृद्धि" नामक परियोजनाअन्तर्गत् पूरा गरिएको हो। यस परियोजनालाई एक्सेस प्लानेट संस्थाले सन् २०२२ को डिसेम्बरदेखि सन् २०२५ को अक्टोबरसम्मका लागि सञ्चालन गरिरहेको छ। यस अध्ययनलाई सम्पन्न गर्न सहयोग गर्ने सबै व्यक्ति र संस्थाहरूप्रति एक्सेस प्लानेट संस्था हार्दिक आभार व्यक्त गर्दछ।

हाम्रो मुख्य अनुसन्धान परामर्शदाता डा. नीति अर्याल खनाल, ज्योतिका रिमाल र उहाँहरूको टोलीप्रति विशेष धन्यवाद व्यक्त गर्दछौं। महिला र अपाङ्गता अधिकारको क्षेत्रमा उहाँहरूको विज्ञता र अनुभवले यस अनुसन्धानलाई योजनाबद्ध गरी कार्यान्वयन गर्न र यस प्रतिवेदनलाई विश्वसनीय बनाउन ठूलो योगदान पुर्‍याएको छ।

एक्सेस प्लानेटका टोली सदस्यहरू, विशेषगरी कार्यकारी निर्देशक लक्ष्मी नेपाललाई यस अनुसन्धान प्रक्रियाभर उहाँको अमूल्य मार्गदर्शनका लागि विशेष धन्यवाद दिन चाहन्छौं। अपाङ्गता भएका महिलाहरूको अधिकारप्रति उहाँको दृढ प्रतिबद्धता नै यस अध्ययनलाई अघि बढाउने मुख्य प्रेरणा बनेको छ।

हाम्रा फिल्ड गणकहरूप्रति हामी अत्यन्त आभारी छौं।। उहाँहरू समुदायकै अपाङ्गता भएका महिलाहरू हुनुहुन्थ्यो; र उहाँहरूले कठिन भूगोल र स्थानहरूमा गएर तथ्याङ्क सङ्कलन गरी अनुसन्धान प्रक्रियालाई समावेशी र विश्वसनीय बनाउन ठूलो सहयोग पुर्‍याउनुभएको छ। प्रतिवेदन समिक्षा गरी सहयोग पुर्याउनु हुने उपसचीव नीरा अधिकारी र अपाङ्गता अधिकारकर्मी राजु बस्नेत प्रति आभार व्यक्त गर्न चाहन्छौं ।

हामी यस अध्ययन अन्तर्गतका सर्वेक्षण र लक्षित समूह छलफलमा सहभागी भएर आफ्ना अनुभव, व्यक्तिगत कथा र विचारहरू बताउनुहुने अपाङ्गता भएका महिलाहरूलाई हृदयदेखि धन्यवाद दिन्छौं। उहाँहरूको साहस र सहभागिताप्रतिको इच्छाले अपाङ्गता भएका महिलाहरूले न्यायमा पहुँचका क्रममा झेल्नुपरिरहेका

समस्याहरू उजागर गर्न मद्दत पुऱ्याएको छ। हाम्रा साझेदारहरू – अपाङ्गता अधिकारमा काम गर्ने स्थानीय संस्था, समुदायका अगुवा र अन्य सरोकारवालाहरू – लाई पनि यस अनुसन्धानमा गरेको सहयोग र सहकार्यका लागि विशेष धन्यवाद छ।

अन्त्यमा, यस परियोजनाको दूरदृष्टिप्रति विश्वास राखेर अनुसन्धानका लागि आवश्यक स्रोत उपलब्ध गराउने वुमन फन्ड एशियाप्रति हामी कृतज्ञ छौँ। यो अनुसन्धान नेपालमा अझ समावेशी एवं समतामूलक न्याय प्रणाली बनाउन एउटा महत्वपूर्ण स्रोत र पैरवी दस्तावेज बन्नेछ भन्नेमा हामी अत्यन्त आशावादी छौँ।

सधन्यवाद,
गार्गी नेपाल
अध्यक्ष,
एक्सेस प्लानेट संस्था

कार्यकारी सारांश

विश्व स्वास्थ्य सङ्गठनका अनुसार विश्वको करिब १६% जनसङ्ख्यामा कुनै न कुनै प्रकारको अपाङ्गता छ; यसरी हेर्दा अपाङ्गता भएका व्यक्तिहरू विश्वकै सबैभन्दा ठूलो अल्पसङ्ख्यक समूह हुन् (विश्व स्वास्थ्य सङ्गठन, २०२१)। तीमध्ये करिब ८०% अपाङ्गता भएका व्यक्तिहरू नेपालजस्ता विकासोन्मुख देशहरूमा बसोबास गर्छन् (युनेस्को, २०२०)।

नेपालमा कुल जनसङ्ख्याको २.२% अर्थात् करिब ६ लाख ४७ हजार ७५५ जना अपाङ्गता भएका व्यक्तिहरू छन् - पुरुष जनसङ्ख्यामध्ये २.५% अपाङ्गता भएका पुरुष छन् भने महिला जनसङ्ख्यामध्ये २% अपाङ्गता भएका महिला छन् (केन्द्रीय तथ्याङ्क विभाग, २०२१)। अध्ययनहरूका अनुसार नेपालमा अपाङ्गता भएका व्यक्तिहरूले विभेदको अनुभव घरबाटै गर्न थाल्छन् । उनीहरूले शिक्षा, स्वास्थ्य सेवा र अभिव्यक्ति स्वतन्त्रता जस्ता आधारभूत अधिकारमा पहुँच हासिल गर्न विभिन्न अवरोधहरूको सामना गर्नुपर्छ। अपाङ्गता भएका व्यक्तिहरूमध्ये करिब ६८.२% ले शिक्षामा पहुँच पाएका छैनन्, ८५% को स्वास्थ्य सेवामा पहुँच छैन र ७७.८% ले जीविकोपार्जनका लागि रोजगार पाएका छैनन् (पौडेल र अन्य, २०१७)। नेपालमा पुरुषप्रधान सोच र अभ्यास व्याप्त भएकाले अपाङ्गता भएका बालिका तथा महिलाहरूले झन् धेरै चुनौतीहरू अनुभव गर्छन्। उनीहरूको अनुभवलाई जातजाति, वर्ग, उमेर, वैवाहिक स्थिति, शिक्षा, आय र भौगोलिक स्थानजस्ता विभिन्न अन्तरविविध (Intersectional) पहिचानहरूले प्रभाव पारेको हुन्छ।

नेपालमा अपाङ्गता भएका महिलासम्बन्धी धेरै अध्ययन भएका छन् तर न्यायमा पहुँच पाउन प्रयास गरिरहेका अपाङ्गता भएका महिलासम्बन्धी अध्ययन भने धेरै कम छन्। नेपाल मानवअधिकार आयोगले सन् २०२२ मा गरेको अध्ययनअनुसार न्याय प्रणालीलाई भौतिक रूपमा पहुँचयुक्त बनाउन केही पहल भएको भए पनि प्रहरी, अदालत र अन्य न्यायिक निकायका कर्मचारीहरूले अपाङ्गता भएका व्यक्तिहरूका लागि आवश्यक पर्ने विशेष व्यवस्था र सहयोग प्रणालीबारे तालिम पाएका छैनन्। तसर्थ, यस वर्तमान अध्ययनले न्यायमा

पहुँचका सम्बन्धमा अपाङ्गता भएका महिलाहरूको अनुभवमा ध्यान केन्द्रित गरेको छ। यस अध्ययनको औचित्य भनेको प्रदेशस्तरीय अनुसन्धानमार्फत अपाङ्गता भएका महिलाहरूले न्यायमा पहुँचको स्थितिबारे तथ्याङ्क र प्रमाण बाहिर ल्याउनु हो।

यस अध्ययनको मुख्य उद्देश्य नेपालका चार प्रदेशहरू — गण्डकी, कर्णाली, कोशी र मधेशमा अपाङ्गता भएका महिलाहरूको न्याय प्रणालीमा पहुँचको सम्बन्धमा रहेका अनुभवको खोजी गर्नु थियो। यसअनुसार निम्न विशेष उद्देश्यहरू निर्धारण गरिएका थिए :

(१) अपाङ्गता भएका महिलाहरूमा नेपालका न्याय प्रणालीबारे रहेको ज्ञानको स्तर पत्ता लगाउनु।
(२) अपाङ्गता भएका महिलाहरूको न्यायमा पहुँचका सम्बन्धमा रहेका चुनौती र अवसरहरू पहिचान गर्नु।

अनुसन्धान विधि

अपाङ्गता अधिकारको "हामीबारे गरिने कुनै पनि कुरा हाम्रो सहभागिताबिना हुनुहुँदैन" भन्ने सिद्धान्तअनुसार यस अनुसन्धानको सबै प्रक्रियामा अपाङ्गता भएका महिलाहरूलाई सक्रिय रूपमा सहभागी गराइएको थियो। अध्ययनलाई पैरवीका लक्ष्य र पहुँचयुक्तताका मापदण्डअनुरूप बनाउन एक्सेस प्लानेटकी कार्यकारी निर्देशक लक्ष्मी नेपालबाट निरन्तर सुझाव पाइएको थियो। अपाङ्गता भएका महिलाहरूले गणक र सामाजिक परिचालकका रूपमा सहभागी भएर तथ्याङ्क सङ्कलन र स्थलगत भ्रमणमा सहयोग गरेका थिए। यसले अध्ययन टोलीलाई स्थानीय परिवेश अझ राम्रोसँग बुझ्न मद्दत गरेको थियो। प्रतिवेदनलाई सबैका लागि उपयोगी र पहुँचयुक्त बनाउन यसभित्र रहेका चित्र र तालिकाको व्याख्या समेत गरिएको छ।

यस अध्ययनमा परिमाणात्मक र गुणात्मक दुवै विधि प्रयोग गरिएको थियो। अध्ययनमा मुख्यतः तीनवटा विधि — सर्वेक्षण (२०० जना), प्रमुख सूचनादाता अन्तर्वार्ता (१९ वटा) र घटना अध्ययन (१९ वटा) — प्रयोग गरिएका छन्।

अध्ययन क्षेत्र र स्थल छनोट

यो अध्ययन नेपालका चारवटा प्रदेश कोशी, गण्डकी, मधेश र कर्णालीमा गरिएको हो। समय र खर्चको सीमालाई ध्यानमा राखी प्रत्येक प्रदेशबाट एउटा जिल्ला — गण्डकीबाट कास्की, कोशीबाट मोरङ, मधेशबाट रौतहट र कर्णालीबाट सुर्खेत — मात्र छनोट गरिएको थियो। अध्ययन गर्दा नैतिक अनुसन्धानका नियमहरू पालना गरिएको थियो। त्यसअन्तर्गत फोटो खिच्नु, रेकर्ड गर्नु र अन्तर्वार्ता लिनुअघि सहभागीहरूबाट अध्ययनबारे जानकारी दिएर मन्जुरी लिइएको थियो र सबै सहभागीको गोपनीयता र व्यक्तिगत पहिचान खुल्ने जानकारी सुरक्षित राखिने वचन दिइएको थियो। यस अध्ययनको सम्पूर्ण प्रक्रियाभरि पहुँचयुक्ततालाई विशेष प्राथमिकता दिइएको थियो। कुराकानी/सञ्चारका लागि भ्वाइस नोट प्रयोग गरिएको थियो भने दृष्टिसम्बन्धी अपाङ्गता भएका व्यक्तिहरूलाई बुझ्न सजिलो हुने गरी चित्र र तालिकाको व्याख्या पाठ राखिएको थियो।

प्रमुख खोजनतिजाहरू

❖ सहभागीमध्ये १९४ जना (९७%) ले अपाङ्गता परिचयपत्र पाएका थिए। तीमध्ये ६८ जनाले परिचयपत्र पाउन गाह्रो भएको र ७ जनाले अत्यन्तै गाह्रो भएको अनुभव सुनाएका छन् । त्यसैगरी, ६४ जना सहभागी तटस्थ रहेका थिए जबकि ५१ जनाले उक्त प्रक्रिया सजिलो रहेको र केवल ४ जनाले एकदमै सजिलो भएको बताएका थिए। यी कुराले अपाङ्गता भत्ता र अन्य प्रयोजनका लागि अपाङ्गता परिचयपत्र लिन अपाङ्गता भएका महिलाहरूले झेल्नुपर्ने बाधाको स्तरलाई देखाउँछ।

❖ ६९ जनाले माध्यमिक तहसम्म, ३२ जनाले स्नातक तहसम्म र २ जनाले स्नातकोत्तर तहसम्म पढाइ पूरा गरेका छन्। सहभागीमध्ये १५४ जना (७७%) ले आफू बेरोजगार रहेको बताएका थिए। यसले रोजगारीमा अपाङ्गता भएका महिलाहरूप्रति अझै पनि विभेद हुन्छ भन्ने देखाउँछ।

❖ अपाङ्गता भएका महिलाहरूको कानुनी ज्ञानमा प्रदेशअनुसार भिन्नता देखिन्छ। गण्डकी प्रदेशका अपाङ्गता भएका महिलाहरूलाई अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि,

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्नेसम्बन्धी महासन्धि, अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी ऐन लगायतका कानुनी व्यवस्थाका बारेमा धेरै जानकारी थियो। तर मधेश प्रदेशमा भने ५० मध्ये ३९ जना सहभागीलाई कुनै कानुनी व्यवस्थाबारे थाहा थिएन।

❖ एक चौथाइभन्दा बढी (२७.५%) सहभागीहरूलाई न्याय प्रणालीका कुनै पनि सेवाबारे ज्ञान थिएन। २०० जनामध्ये ३२ जनालाई मात्र हिंसाबाट प्रभावित व्यक्तिहरूले एउटै ठाउँबाट विभिन्न सेवा पाउने एकद्वार सङ्कट व्यवस्थापन केन्द्रका बारेमा थाहा थियो। अधिकांश सहभागी (१०८ जना) लाई वडा तहका मेलमिलाप केन्द्रका बारेमा जानकारी थियो । धेरै सहभागी (१०३ जना) लाई नगरपालिकाका न्यायिक समितिबारे थाहा थियो।

❖ गण्डकी र कर्णाली प्रदेशका धेरै सहभागीलाई अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी ऐन र महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्नेसम्बन्धी महासन्धिबारे थाहा थियो। तर कोशी र मधेश प्रदेशका धेरै सहभागीलाई यी कानुनी व्यवस्थाबारे थाहा थिएन।

❖ प्रदेशस्तरमा न्याय खोज्नेसम्बन्धी ज्ञानलाई हेर्दा, कर्णाली र गण्डकी प्रदेशका सहभागीहरूलाई न्याय कहाँबाट र कसरी पाउन सकिन्छ भन्ने ज्ञान थियो। तर कोशी र मधेश प्रदेशका सहभागीहरूलाई यस्तो ज्ञान खासै थिएन।

❖ चारवटै प्रदेशका सहभागीमध्ये अधिकांश (१५८ जना) ले जीवनमा हिंसा भोगेको बताएका छन्। तीमध्ये सबैभन्दा धेरै घटना कोशी प्रदेशमा, त्यसपछि कर्णाली, गण्डकी, र अन्त्यमा मधेश प्रदेशमा भएको देखिन्छ।

❖ यस अनुसन्धानले सहभागीहरूले कस्तो प्रकारको हिंसा भोगे र कहाँ–कहाँ (समुदाय, परिवार, सार्वजनिक स्थान, काम गर्ने ठाउँ) हिंसा भोगेका थियो भन्ने विवरण देखाएको छ। अपाङ्गताको

आधारमा हुने विभेद सबैभन्दा धेरै समुदायमा (९३ जना) र सार्वजनिक स्थानमा (७३ जना) भएको पाइयो। सहभागीहरूले यौन हिंसा पनि मुख्यतः समुदायस्तरमै (६६ जना) भोगेको बताएका छन्।

- ❖ हिंसा भोगेको बताउने १५८ जनामध्ये ६४% सहभागीले आफूले भोगेको अन्यायका लागि न्याय नखोजेको बताएका छन्। केवल ३६% महिलाहरूले मात्र न्याय खोजेका छन्। यसले न्याय प्रणालीमा अझै पनि ठूलो दूरी छ भन्ने देखाउँछ, किनभने धेरै महिलाहरूले न्याय खोज्न सकिरहेका छैनन्।

- ❖ न्याय खोज्ने क्रममा प्रयोग गरिएका विभिन्न सेवाहरूका बारेमा सहभागीहरूले दिएको जवाफले उनीहरूको प्रहरीमा विश्वास रहेको देखाउँछ – हिंसा भोग्दा उनीहरू पहिले प्रहरीको सहयोग लिन पुग्छन्। तर, केही घटनामा प्रहरीहरूले महिलालाई सहयोग गर्न अस्वीकार गरेका छन्, जस्तै घटनाको उजुरी दर्ता नगर्नु वा बौद्धिक अपाङ्गता भएको कारणले घटनालाई बेवास्ता गर्नु। यस अनुसन्धानले केही घटनामा प्रहरीहरूले लैङ्गिक हिंसाको घटनाको दर्ता गर्न अस्वीकार गर्नुको कारण महिलाले आफै उजुरी दिन नसक्नुलाई देखाएको छ।

- ❖ न्याय प्रणालीका सेवाहरू उपभोग गर्दाको अनुभवबारे सोध्दा, ५७ सहभागीमध्ये ५८% (३३ जना) ले अनुभव सकारात्मक रहेको र ४२% (२४ जना) ले नकारात्मक रहेको बताएका छन्।

- ❖ अध्ययनले समेटेको चारवटै प्रदेशमा सुरक्षित आवासगृह (सेफहाउस) फरक–फरक क्षमतामा सञ्चालन हुँदै आएका छन्। यसले अपाङ्गता भएका महिलाहरूलाई ठूलो सहयोग पुऱ्याएको छ। बजेट सीमित हुँदा सुरक्षित आवासगृह लामो समयसम्म सञ्चालन गर्न नसकिने हुन्छ। सबै महिला, विशेष गरी अपाङ्गता भएका महिलाहरूका लागि, सबै सुरक्षित आवासगृह पहुँचयुक्त हुनु आवश्यक छ।

- ❖ यस अनुसन्धानले न्याय खोज्ने सम्बन्धमा उत्तरदाताहरूले सामना गरेका विभिन्न अवरोधहरूको पनि अध्ययन गरेको छ। हामीले उत्तर दिन सजिलो होस् भनेर केही विकल्पहरू दिएका थियौं। कुल १७४ जना उत्तरदाताले यसबारे आफ्नो अनुभव बताएका थिए। जसअनुसार, धेरै उत्तरदाता (७४ जना) लाई

न्याय प्रक्रियाबारे थाहा थिएन र कतिपय (६८ जना) ले न्याय प्रक्रिया अघि बढाउन सहयोग गर्ने व्यक्ति नभएको बताएका थिए। केहीले (४० जना) आफूसँग आर्थिक स्रोतहरू नभएको र केहीले (४७ जना) आफूले न्याय नै पाउँदैनौँ भन्ने लागेको बताएका थिए। केही उत्तरदाताले न्यायमा पहुँच पाउन अवरोध गर्न अन्य कारणहरू बताएका थिए – जस्तै केहीले न्याय प्रणालीबारे खासै जानकारी नभएको, केहीले उजुरी दिन डर लागेको, केहीले मौखिक रूपमा मात्र प्रतिवाद गरेको, केहीले हिंसा उजुरी दिनुपर्ने गरी गम्भीर खालका नलागेको, र केहीले न्याय खोज्न जाँदा बाटामा अरूले हेरिरहेको देख्दा असहज महसुस गरेको बताएका थिए।

- विद्यालय, सरकारी कार्यालय र प्रहरीमा अपाङ्गता भएका महिलालाई सहयोग कसरी गर्ने भन्नेबारे बुझाइ नै छैन। धेरैले यो अन्तरसम्बन्धित मुद्दा हो र यसलाई एकल तरिकाले नभएर समग्र पक्षबाट सम्बोधन गर्नुपर्ने हुन्छ भनेर बुझेका हुँदैनन्।
- अपाङ्गता भएका महिलाहरूको न्यायमा पहुँचलाई सहज बनाउने कुराबारे सोध्दा, २०० सहभागीमध्ये ९५ जनाले न्यायिक निकायहरूले सहयोगी र भेदभावरहित व्यवहार गर्नुपर्छ र ती निकायहरू भौतिक रूपमा पहुँचयुक्त हुनुपर्छ भनेका छन्; १२५ जनाले न्यायिक निकायका कर्मचारीहरूले सहयोगी र भेदभावरहित व्यवहार गर्नुपर्छ; ८३ जनाले न्यायिक प्रक्रियासँग सम्बन्धित सञ्चार सामग्री अपाङ्गतामैत्री हुनुपर्छ; ९५ जनाले महिलाहरूको अपाङ्गातसँग सम्बन्धित विशेष आवश्यकताहरू सम्बोधन गरिनुपर्छ; १६८ जनाले अपाङ्गता भएका महिलाका मुद्दा प्राथमिकतामा राखिनुपर्छ; र १ जनाले अपाङ्गता भएका महिलाहरूलाई न्यायपछि पुनःएकीकरणका लागि सहयोग गर्ने व्यवस्था हुनुपर्छ भनेका छन्।
- अपाङ्गता भएका व्यक्तिहरूको अधिकारलाई सम्बोधन गर्ने विशेष निर्देशिका र कानुन छैन, विशेषगरी न्यायिक प्रक्रिया, सम्पत्ति अधिकार र लैङ्गिक हिंसाका सम्बन्धमा। यसले अपाङ्गता भएका महिलाहरूको समग्र जीवनमा ठूलो प्रभाव पार्छ, किनभने प्रायः उनीहरूलाई आफ्नै परिवारले जिम्मेवारीको रूपमा हेर्छन् र उनीहरू सम्पत्ति अधिकारबाट वञ्चित गरिन्छन्।

- ❖ यस अनुसन्धानले न्यायिक प्रणालीले कसरी अपाङ्गता भएका व्यक्तिहरूको मुद्दा बेवास्ता गर्छ, विशेषगरी प्रभावित व्यक्ति बौद्धिक अपाङ्गता भएका व्यक्तिहरू हुँदा, भन्ने देखाएको छ।

- ❖ एकद्वार सङ्कट व्यवस्थापन केन्द्रलाई प्रभावितको स्वास्थ्य/शारीरिक परीक्षण गर्ने स्थानको रूपमा हेरिन्छ, र यो स्वाब सङ्कलन गर्ने एकाइ जस्तो बनेको छ। खासमा, एकद्वार सङ्कट व्यवस्थापन केन्द्र लैङ्गिक हिंसा प्रभावितहरूलाई स्वास्थ्य सेवा, कानुनी सहयोग, परामर्श आदि सबै सेवा दिने उद्देश्यले स्थापना गरिएको हो।

- ❖ कतिपय अवस्थामा, परिवारले घरमा अपाङ्गता भएका व्यक्ति छन् भन्ने स्वीकार्दैनन् वा उनीहरूलाई सहयोग गर्दैनन्, जसले गर्दा अपाङ्गता भएका व्यक्तिहरूले सङ्घर्षको जीवनलाई झन् सङ्घर्षपूर्ण बनाउँछ। समुदायभित्रको विभेदपूर्ण दृष्टिकोणले पनि अपाङ्गता भएका महिलाहरूलाई उपेक्षित र सीमान्तीकरण गरिरहेको हुन्छ।

- ❖ अपाङ्गता र लैङ्गिकतासँग सम्बन्धित नीतिहरू प्रायः प्रस्टसँग व्याख्या गरिएका हुँदैनन् र ती नीतिहरूले अपाङ्गता भएका महिलाहरूको आवश्यकतालाई विचार गरेको पाइँदैन। उनीहरूका लागि न्यायमा पहुँचका सम्बन्धमा बजेटमा कुनै व्यवस्था नहुनुले यस खाडललाई उजागर गर्छ ।

- ❖ नेपाल सङ्घीय प्रणालीमा गएपछि शक्ति असन्तुलन देखा परेको छ। स्थानीय तहसँग राष्ट्रिय नीतिहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न चाहिने अधिकार र स्रोतहरू छैनन्। नीतिनिर्माता र मन्त्रीहरू फेरिइरहँदा पैरवीका प्रयास र उपलब्धिहरू पनि प्रभावित हुन्छन्। नयाँ कर्मचारीले जिम्मेवारी सम्हालेपछि विगतका उपलब्धिहरू पन्छाइन्छन्। उनीहरूको आफ्नै प्राथमिकता हुन्छ।

तलको खण्डमा अध्ययन टोलीले नेपालमा अपाङ्गता भएका महिलाहरूको न्यायमा पहुँच बढाउन सहयोग पुग्ने केही सिफारिसहरू प्रस्तुत गरेको छ। यी सिफारिसहरू गुणात्मक (अनुभव र विचार) र परिमाणात्मक (सङ्ख्या र आँकडा) दुवै प्रकारका तथ्याङ्कका प्रमुख नतिजामा आधारित छन्।

अपाङ्गता भएका महिलाहरूलाई न्यायमा पहुँच पाउनबाट वञ्चित गर्ने संरचनागत र सामाजिक अवरोधका समस्यालाई सामूहिक रूपमा सम्बोधन गर्न मद्दत गर्ने भएकाले यी सिफारिसहरू महत्वपूर्ण छन् । अपाङ्गता परिचयपत्र वितरण प्रक्रिया, रोजगारीको अवसर र कानुनी साक्षरतामा सुधार भएपछि अपाङ्गता भएका महिलाहरूले आफ्ना व्यक्तिगत र सामूहिक अधिकारहरूको दाबी गर्न सक्षम हुन्छन् र मर्यादाका साथ जीवन जिउन सक्छन्। कानुनी साक्षरता र समावेशी सेवा पाएमा उनीहरूलाई स्वतन्त्र भएर आत्म निर्णय गर्न र स्वायत्त जीवन जिउन पनि सहयोग पुग्नेछ।

तल प्रस्तुत सिफारिसहरूले सरकार, गैरसरकारी संस्था र स्थानीय निकायहरूलाई अपाङ्गता भएका महिलाहरूको सबै क्षेत्रमा समावेश र एकीकरण सुनिश्चित गर्ने मार्गचित्र निर्माण गर्न सहयोग पुऱ्याउनेछन्। सम्बन्धित निकायहरूले नीति तथा योजनामा अपाङ्गता भएका महिलाहरूको स्पष्ट उल्लेख गर्नुपर्छ र उनीहरूको आवश्यकता र प्राथमिकताप्रति उत्तरदायी कार्यक्रमहरू विकास गर्नुपर्छ।

१. अपाङ्गता परिचयपत्र वितरण सजिलो र प्रभावकारी बनाउने

- सबै प्रदेशमा परिचयपत्र वितरण गर्ने तरिका एउटै र सजिलो बनाउनुपर्छ।
- फाराम भर्दा वा कार्ड बनाउँदा आउने समस्या बताउने र समाधान गर्ने औपचारिक संयन्त्र हुनुपर्छ।
- अपाङ्गता भएका महिलाहरूलाई परिचयपत्रका फाइदाबारे जानकारी दिने जनचेतना कार्यक्रम सञ्चालन गर्नुपर्छ।

- अझै पनि कार्ड नपाइसकेका महिलालाई विशेष सहयोग गरिनुपर्छ।

२. अपाङ्गता भएका महिलाहरूका लागि रोजगारीका अवसर बढाउने

- सार्वजनिक र निजी दुवै क्षेत्रमा समावेशी रोजगारी नीति बनाएर लागू गर्नुपर्छ।
- सरकारी कार्यालय, विद्यालय, निजी कम्पनी र विकास क्षेत्रहरूमा समतामूलक भर्ना अभ्यास अपनाउन प्रोत्साहन गर्नुपर्छ।
- पढेलेखेका अपाङ्गता भएका महिलालाई श्रम बजारमा सहभागी हुन नदिने संरचनागत अवरोधहरू हटाउनुपर्छ।

३. अपाङ्गता भएका महिलाको न्यायमा पहुँचमा रहेका अवरोधहरू हटाउने

- न्याय प्रणालीलाई भौतिक (व्हीलचेयर पहुँच), सञ्चार (साङ्केतिक भाषा) र प्रक्रियागत (सजिलो फाराम र सेवा) रूपमा सहज र पहुँचयुक्त बनाउनुपर्छ।
- प्रहरी, न्यायाधीश, न्यायिक निकायका कर्मचारी र स्वास्थ्यकर्मीहरूलाई अपाङ्गता र लैङ्गिक संवेदनशीलतासम्बन्धी तालिम दिनुपर्छ।
- प्रभावित महिलालाई कानुनी सहायता, ट्रमा (आघात) परामर्श, साथी समूहको सहयोग र आर्थिक सहयोग पाउने अवसर बढाउनुपर्छ।
- समुदाय र परिवारबाट हुने लाञ्छना घटाउनुपर्छ र प्रभावितलाई सशक्त बनाउनुपर्छ।

४. लैङ्गिकता र अपाङ्गताप्रति अन्तरविविध दृष्टिकोण अपनाउने

- सबै नीतिहरूमा लिङ्ग, जात र अपाङ्गताको अन्तरविविध असरलाई सम्बोधन गर्नुपर्छ।

- परिवार, सम्पत्ति र उत्तराधिकारमा भेदभाव भोगिरहेका अपाङ्गता भएका महिलालाई कानुनी र सामाजिक संरचनाले सहयोग गरिनुपर्छ।
- परिवार र समाजभित्र समावेशी हेरचाह, भावनात्मक सहयोग र महिलाहरूको अधिकार उपभोगलाई प्रवर्द्धन गर्नुपर्छ।

५. नीतिको कार्यान्वयन र पैरवीको प्रभावलाई सुदृढ बनाउने

- अपाङ्गता र लैङ्गिक समानतासम्बन्धी बनेका नीतिहरूलाई सङ्घ, प्रदेश र स्थानीय तहमा समान रूपमा लागू गर्नुपर्छ।
- अपाङ्गता समावेशी कार्यक्रमका लागि छुट्टै बजेट र स्रोत सुनिश्चित गर्नुपर्छ।
- प्रगतिको अनुगमन र जवाफदेहिताका लागि स्वतन्त्र अनुगमन निकाय बनाउनुपर्छ।
- अपाङ्गता भएका महिलाको अधिकारका लागि पैरवी गर्ने नागरिक समाजका संस्थालाई सहयोग गर्नुपर्ने।

६. अपाङ्गता समावेशी सुरक्षित आवासगृह (सेफ हाउस) हरूमा लगानी गर्ने

- अपाङ्गता भएका महिलाहरूले सजिलै प्रयोग गर्न सक्ने (भौतिक रूपमा पहुँचयुक्त) सुरक्षित आवासगृहहरू बनाउनुपर्छ र त्यहाँ तालिमप्राप्त कर्मचारी राख्नुपर्छ।
- बालहेरचाह, मनोसामाजिक सहयोग र पुनःएकीकरण योजना सबै समेटेर समग्र सेवाहरू दिनुपर्छ।
- स्रोतको कमीलाई सम्बोधन गरी आश्रय प्रणालीलाई लामो समयसम्म दिगो बनाउने योजनालाई प्राथमिकता दिइनुपर्छ।

७. सामुदायिक सहभागिता बढाएर लैङ्गिक हिंसाविरुद्ध काम गर्ने

- अपाङ्गता भएका महिलाविरुद्ध हुने लैङ्गिक हिंसा पहिचान र रोकथाम गर्न स्थानीय संरक्षण समिति बनाउनुपर्छ र तालिम दिनुपर्छ।
- लैङ्गिक हिंसाका घटनाहरूमा अनिवार्य उजुरी गर्ने र मुद्दाको अनुगमन गर्ने संयन्त्र बनाउनुपर्छ।
- समाजमा रहेका हानिकारक परम्परा र सोच बदल्न, महिलाप्रतिको नकारात्मक धारणा कम गर्न जनचेतना कार्यक्रम गर्नुपर्छ।

८. स्थानीय तहमा कानुनी साक्षरता र न्यायमा पहुँच बढाउने

- अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, महिलाविरुद्धका सबै प्रकारका भेदभाव उन्मुलन गर्नेसम्बन्धी महासन्धि र अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी ऐन जस्ता कानुनी विषयमा जनचेतना अभियान चलाउनुपर्छ।
- डाक्टर, नर्स, सरकारी कर्मचारी जस्ता अग्रपङ्क्तिका सेवा प्रदायकहरूलाई अन्तरविविध अपाङ्गता र लैङ्गिक संवेदनशीलताको विषयमा तालिम दिनुपर्छ।
- पर्याप्त बजेट/स्रोत प्रदान गरेर स्थानीय तहलाई समावेशी नीतिहरू कार्यान्वयन गर्न सक्ने बनाइनुपर्छ।

अध्याय एक : परिचय

यस प्रतिवेदनले एक्सेस प्लानेट संस्थाबाट सन् २०२४ को नोभेम्बरदेखि २०२५ को अप्रिलसम्म गरेको अध्ययनका नतिजाहरू प्रस्तुत गर्दछ। प्रतिवेदनलाई पाँच अध्यायमा बाँडिएको छ। पहिलो अध्यायको रूपमा परिचय खण्ड रहेको छ र यस खण्डले अध्ययनको पृष्ठभूमि, उद्देश्य र विधिबारे जानकारी दिन्छ। दोस्रो अध्याय नीति तथा कानुनी संरचनासँग सम्बन्धित छ र यसले अपाङ्गता भएका व्यक्तिहरूको न्याय पाउने अधिकार स्थापित गर्ने राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुनी संरचना प्रस्तुत गर्दछ। तेस्रो र चौथो अध्यायले अध्यनका नतिजाहरू प्रस्तुत गर्दछन्। पाँचौँ अध्यायले निष्कर्ष र सिफारिसहरू प्रस्तुत गर्दछ।

विश्व स्वास्थ्य सङ्गठनका अनुसार विश्वको १६% जनसङ्ख्यामा अपाङ्गता छ। ती मध्ये ८०% व्यक्तिहरू नेपालजस्ता विकासोन्मुख देशमा बस्छन्। कम आय भएका देश र गरिब परिवारमा महिलामा अपाङ्गता हुने दर अझ बढी छ। अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धिले अपाङ्गता भएका व्यक्तिहरूको यौन तथा प्रजनन अधिकार, विवाह गर्न पाउने अधिकार र परिवार बसाउने अधिकार सुनिश्चित गरेको छ। तर अपाङ्गता भएका धेरै व्यक्तिहरूले अझै पनि भेदभाव, अधिकारविहीनता र आधारभूत सेवामा समान पहुँच नरहेको स्थिति अनुभव गरिरहेका छन्।

२०७८ सालको जनगणनाले नेपालमा ६ लाख ४७ हजार ७५५ जना (२.२%) अपाङ्गता भएका व्यक्ति रहेको देखाएको छ। यस तथ्याङ्कअनुसार पछिल्ला दुई दशकमा अपाङ्गता भएका व्यक्तिहरूको सङ्ख्या बढ्दै गएको छ। जनगणनाको आँकडा अनुसार, नेपालमा २.५% पुरुषमा र २% महिलामा कुनै न कुनै प्रकारको अपाङ्गता रहेको छ। तर यो तथ्याङ्क विश्व स्वास्थ्य सङ्गठनको अनुमानसँग मेल खाँदैन। विश्व स्वास्थ्य सङ्गठनका अनुसार विश्वको कुल महिला जनसङ्ख्यामा अपाङ्गता भएका महिला तथा बालिकाहरू करिब २०% रहेका छन् (विश्व स्वास्थ्य सङ्गठन, २०२१)। नेपालको तथ्याङ्कअनुसार सबैभन्दा धेरै शारीरिक अपाङ्गता (३६.७५%) छन्। त्यसपछि न्यून दृष्टियुक्त (१६.८८%), पूर्ण दृष्टिविहीनता (५.३७%), पूर्ण

श्रवणविहीनता (७.८५%), सुस्तश्रवण (७.८७%), श्रवण-दृष्टिविहीन (१.५६%), स्वर र बोलाइसम्बन्धी अपाङ्गता (६.३६%), मानसिक वा मनोसामाजिक समस्या (४.२%), बौद्धिक अपाङ्गता (१.७३%), अनुवंशीय रक्तश्राव सम्बन्धी अपाङ्गता (०.७५%), अटिजमसम्बन्धी अपाङ्गता (०.७५%), र बहुअपाङ्गता (८.७८%) रहेका छन्। यसबाहेक, नदेखिने प्रकारको अपाङ्गता भएकाको सङ्ख्या १.०७% देखिएको छ।

अपाङ्गता भएका व्यक्तिहरूको सङ्ख्या बढ्नुको कारण पछिल्ला दशकमा अपाङ्गता भएका व्यक्तिहरूको दर्ता बढ्नु रहेको मानिन्छ। दशकौँ लामो सशस्त्र द्वन्द्वका कारण धेरै व्यक्तिहरू अपाङ्ग भएका छन्। विपद् तथा बढ्दो सडक दुर्घटनाले पनि अपाङ्गता भएका व्यक्तिहरूको सङ्ख्या बढाएको छ। तर, लैङ्गिकता वा अन्य सामाजिक पहिचानअनुसार अपाङ्गतासम्बन्धी खण्डीकृत तथ्याङ्क नभएकाले द्वन्द्वप्रभावित अपाङ्गता भएका व्यक्तिहरूको वास्तविक अवस्था बुझ्न चुनौतीपूर्ण छ।

विभिन्न अध्ययनअनुसार नेपालमा अपाङ्गता भएका व्यक्तिहरूले घरमै विभिन्न प्रकारको भेदभाव अनुभव गर्दछन्। उनीहरूलाई शिक्षा, स्वास्थ्य, तथा अभिव्यक्तिको स्वतन्त्रता जस्ता आधारभूत अधिकारमा पहुँच पाउन धेरै कठिनाइ हुन्छ। अपाङ्गता भएका व्यक्तिहरूमध्ये केवल आधाजति मात्र साक्षर छन्, जुन राष्ट्रिय औसत ७६% भन्दा निकै कम हो (बुढाथोकी, २०२३)। करिब ६८.२% अपाङ्गता भएका व्यक्तिहरूले शिक्षामा पहुँच पाएका छैनन्, ८५% ले स्वास्थ्य सेवामा पहुँच पाएका छैनन्, र ७७.८% बेरोजगार छन् (पौडेल र अन्य, २०१७)।

नेपालमा पुरुषप्रधान सोच र अभ्यास व्याप्त भएकाले अपाङ्गता भएका बालिका/महिलाहरूले अझ बढी कठिनाइ भोग्नुपर्छ (माया ढुंगाना, २००६)। उनीहरूको अनुभवलाई जातजाति, वर्ग, उमेर, वैवाहिक स्थिति, शिक्षा, आय र भौगोलिक स्थानजस्ता विभिन्न अन्तरसम्बन्धित/अन्तरविविध पहिचानहरूले निर्माण गरेको हुन्छ (किम र अन्य, २०२०)। विभिन्न अध्ययनले नेपालजस्ता कम आय भएका देशहरूमा अपाङ्गता भएका

महिलाहरू विभिन्न स्वरूपका भेदभाव र हिंसा भोग्ने सम्भावना बढी रहने देखाएका छन् (इमर्सन र लिवेलिन, २०२३)। नेपालमा गरिएका अध्ययनहरूले अपाङ्गता भएका आधाभन्दा बढी महिलाहरू (५७.७%) ले जीवनमा कुनै न कुनै किसिमको हिंसा भोगेको देखाउँछ (खनाल, २००९; पुरी., २०१५)। यति धेरै प्रमाण हुँदाहुँदै पनि अपाङ्गता भएका महिलाहरूले न्याय खोज्छन् कि खोज्दैनन्, र खोज्छन् भने पनि न्याय पाउनका लागि न्याय प्रणालीका विभिन्न सेवामा पुग्दा कस्तो अनुभव गर्छन् भन्ने विषयमा पर्याप्त जानकारी उपलब्ध छैन।

राष्ट्रिय मानवअधिकार आयोगले २०२२ मा १५ जिल्लामा गरेको अध्ययन हालसम्म यस क्षेत्रमा उपलब्ध एकमात्र अनुसन्धान हो। यस अध्ययनअनुसार न्याय प्रणालीलाई भौतिक रूपमा पहुँचयुक्त बनाउने दिशामा केही प्रगति भए पनि प्रहरी, अदालत र अन्य न्यायिक निकायमा कार्यरत कर्मचारीहरूलाई अपाङ्गता भएका व्यक्तिहरूका लागि गर्नुपर्ने विशेष व्यवस्था र सहयोग प्रणालीबारे अभिमुखीकरण तालिम दिइएको छैन। सो अध्ययनले अपाङ्गता भएका महिलाहरूले न्याय खोज्दा भोग्ने अनुभव र चुनौतीबारे केही उल्लेख गरेको छैन। यस खाडललाई कम गर्न यो अनुसन्धान गरिएको हो।

यस अनुसन्धानलाई अपाङ्गता भएका महिलाहरूको न्यायमा पहुँचबारेको अनुभवमा केन्द्रित गरिएको छ, किनभने यो विषयमा अहिलेसम्म विस्तृत अध्ययन भएको छैन। यो अध्ययन गर्नुको औचित्य भनेको प्रदेशस्तरीय अनुसन्धान गरेर तथ्य र प्रमाण सङ्कलन गरी अपाङ्गता भएका महिलाहरूको न्यायमा पहुँचबारे वास्तविक स्थिति देखाउनु हो। यसले चुनौती र समस्याहरू मात्र होइन, आगामी दिनमा कसरी अपाङ्गता भएका महिलाहरूको न्यायमा पहुँच बढाउन सकिन्छ भन्ने मार्ग पनि देखाउन खोजेको छ।

अपाङ्गता र अवरोधहरू

अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धिको धारा १ अनुसार, अपाङ्गता भन्नाले कुनै व्यक्तिले शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रियसम्बन्धी दीर्घकालीन अशक्तताहरू र तिनको विद्यमान अवरोधहरूसँगको अन्तरक्रियाका कारण समाजमा अन्य व्यक्तिसरह समान आधारमा पूर्ण र प्रभावकरी ढङ्गमा सहभागी हुन बाधा पुग्ने अवस्था हो। यो अशक्तताले मात्र नभई समाजको सोच, व्यवहार र वरिपरिको वातावरणले उत्पन्न गरेका अवरोधहरूका कारण पनि सिर्जित हुन्छ (अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि र ऐच्छिक आलेख, २००६)।

अपाङ्गता भएका महिलाहरू भन्नाले एक वा एकभन्दा बढी कार्यगत सीमितता भएका र समाजमा रहेका विभिन्न अवरोधहरूसँग जुझ्नुपर्ने महिलालाई जनाउँछ। यसमा गाउँ तथा शहरमा बसोबास गर्ने सबै उमेरका बालिका र महिलाहरू पर्छन्। यसले सबै प्रकारका अपाङ्गताको स्तर, यौनिक अभिमुखीकरण, सांस्कृतिक पृष्ठभूमि वा समुदाय वा विभिन्न परोपकारी संस्थामा बस्ने सबैलाई समेट्छ। यी महिलाहरूको सामाजिक स्थिति उनीहरूको व्यक्तिगत अवस्था र बस्ने देशअनुसार फरक हुन्छ। विकासोन्मुख देशहरूमा अपाङ्गता भएका महिलाहरूले धेरै कठिनाइ र बेफाइदा झेल्नुपरिरहेको हुन्छ, किनभने उनीहरू समाजमा सबैभन्दा धेरै सीमान्तकृत समूहमध्ये पर्छन्। महिला हुनु र सोसँगै अपाङ्गता हुनुले उनीहरूलाई समाजको सबैभन्दा तल्लो स्थानमा राखिएको हुन्छ।

अपाङ्गता भएका व्यक्तिहरूले अनुभव गर्ने अवरोधलाई चार प्रकारमा वर्गीकरण गर्न सकिन्छ: (१) संस्थागत र नीतिगत अवरोध, २) सामाजिक अवरोध, ३) भौतिक अवरोध, र ४) सञ्चार अवरोध। यी अवरोधहरूबारे विस्तृत रूपमा चौथो अध्यायमा छलफल गरिएको छ जसमा न्याय प्रणालीमा पहुँच पाउने सम्बन्धमा अपाङ्गता भएका महिलाहरूले अनुभव गरेका अन्तरविविध अवरोधहरूलाई समेत समेटिएको छ।

अनुसन्धानको औचित्य

नेपालमा अपाङ्गता भएका महिलाहरूले प्रायः विभिन्न तहमा — घरपरिवारमा, समाजमा, काम गर्ने ठाउँ र व्यावसायिक क्षेत्रमा — भेदभावको सामना गरिरहेका हुन्छन्। व्यक्तिगत र व्यावसायिक जीवनमा उनीहरूले सामना गर्ने अवरोधहरूले उनीहरूको जीवन अन्य व्यक्तिहरूको भन्दा अझ कठिन बनाउँछ। एउटा अत्यन्तै महत्वपूर्ण तर बेवास्ता गरिएको क्षेत्र भनेको न्यायमा पहुँच हो। नेपालमा अपाङ्गता भएका महिलाका सम्बन्धमा धेरै अध्ययन गरिएका भए पनि, न्यायमा पहुँच खोजिरहेका महिलाहरूलाई केन्द्रित गरेर गरिएका अध्ययन निकै कम छन्।

यस अनुसन्धानको औचित्य भनेको प्रदेशस्तरमा अनुसन्धान गरेर अपाङ्गता भएका महिलाहरूको न्यायमा पहुँचको स्थितिबारे प्रमाण र तथ्यहरू प्रस्तुत गर्नु हो। यस अध्ययनले उनीहरूले भोग्ने गरेका चुनौती र समस्याहरूलाई देखाउनेछ, र भविष्यमा कसरी उनीहरूका लागि न्यायमा पहुँच सजिलो बनाउन सकिन्छ भन्ने उपायहरू प्रस्तुत गर्नेछ।

उद्देश्य

यस अध्ययनको मुख्य उद्देश्य नेपालका चार प्रदेशहरू — गण्डकी, कर्णाली, कोशी र मधेशमा अपाङ्गता भएका महिलाहरूको न्याय प्रणालीमा पहुँचको सम्बन्धमा रहेका अनुभवको खोजी गर्नु थियो। यसअनुसार निम्न विशेष उद्देश्यहरू निर्धारण गरिएका थिए :

(१) अपाङ्गता भएका महिलाहरूमा नेपालका न्याय प्रणालीबारे रहेको ज्ञानको स्तर पत्ता लगाउनु।
(२) अपाङ्गता भएका महिलाहरूको न्यायमा पहुँचका सम्बन्धमा रहेका चुनौती र अवसरहरू पहिचान गर्नु।

अनुसन्धान विधि

यस अध्ययनमा परिमाणात्मक र गुणात्मक दुवै विधि प्रयोग गरिएको थियो। अध्ययनमा मुख्यतः तीनवटा विधि — सर्वेक्षण (२०० जना), प्रमुख सूचनादाता अन्तर्वार्ता (१९ वटा) र घटना अध्ययन (१९ वटा) — प्रयोग गरिएका छन्।

अपाङ्गता अधिकार आन्दोलनको प्रमुख मूल्य "हामीबारे गरिने कुनै पनि कुरा हाम्रो सहभागिताबिना हुनुहुँदैन" भन्ने कुरालाई आत्मसात गर्दै अध्ययन टोलीले अपाङ्गता भएका महिलाहरूलाई यस अध्ययनको सम्पूर्ण प्रक्रियामा सक्रिय रूपमा सहभागी गराएको छ। यसका लागि एक्सेस प्लानेटकी कार्यकारी निर्देशक लक्ष्मी नेपालसँग निरन्तर परामर्श र सुझाव लिइएको थियो। उहाँले अध्ययनका नतिजाले पैरवी गर्नुपर्ने मुद्दाहरू पहिचान गर्ने, पहुँचयुक्तताको मापदण्डबारे चेतना फैलाउने र अपाङ्गता भएका महिलाहरूको न्यायमा पहुँचलाई सहजीकरण गर्ने कुरामा सहयोग गर्न सकोस् भनेर आवश्यक सुझाव र मार्गदर्शन दिनुभएको थियो।

अनुसन्धान टोलीले अपाङ्गता भएका महिलाहरूलाई केवल सहभागीको रूपमा मात्र नभई ज्ञान उत्पादनकर्ताको भूमिकामा समेत समेटेको थियो। टोलीले अध्ययनअन्तर्गतको सर्वेक्षणका लागि अपाङ्गता भएका महिलाहरूलाई पहुँचसम्बन्धी आवश्यकता पूरा गरेर तथ्याङ्क सङ्कलनकर्ताको तालिम दिएको थियो। अपाङ्गता भएका स्थानीय महिला अगुवाहरूलाई सामाजिक परिचालकको रूपमा प्रयोग गरी प्रमुख सूचनादाता अन्तर्वार्ताको व्यवस्था गर्ने, अध्ययन टोलीलाई घटना अध्ययनका लागि स्थलगत भ्रमणमा साथ दिने र स्थानीय परिवेशलाई राम्रोसँग बुझ्न सहयोग गर्ने जिम्मेवारी दिइएको थियो। प्रतिवेदन लेखनलाई पनि समावेशी बनाएर विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँचयुक्त हुने गरी तयार पारिएको छ।

अध्ययन क्षेत्र

यो अध्ययन नेपालका चारवटा प्रदेश कोशी, गण्डकी, मधेश र कर्णालीमा गरिएको थियो। समय र स्रोतको सीमिततालाई ध्यानमा राखेर प्रत्येक प्रदेशबाट एक-एक जिल्ला — गण्डकीबाट कास्की, कोशीबाट मोरङ, मधेशबाट रौतहट र कर्णालीबाट सुर्खेत — छनोट गरी अध्ययन गरिएको छ।

प्रदेशहरूको संक्षिप्त विवरण

गण्डकी प्रदेश : गण्डकी प्रदेशको राजधानी पोखरा हो। यस प्रदेशको क्षेत्रफल २१,५०४ वर्ग किलोमिटर छ। २०७८ सालको जनगणनाअनुसार यहाँको जनसङ्ख्या करिब २४ लाख ७९ हजार ७४५ छ। सन् २०२४ मा गरिएको अर्को गणनाअनुसार यहाँको साक्षरता दर ८३.४% छ। मानव विकास सूचकाङ्कको हिसाबले (०.६३८) यो प्रदेश दोस्रो स्थानमा पर्छ। यस प्रदेशले नेपाली, मगर र गुरुङ भाषालाई आधिकारिक भाषाको मान्यता दिएको छ। नेपालको मध्य भागमा पर्ने गण्डकी प्रदेश प्राकृतिक सौन्दर्यका लागि प्रसिद्ध छ। यहाँ अन्नपूर्ण हिमाल शृङ्खला र विभिन्न तालहरू रहेका छन्। यी प्राकृतिक सौन्दर्यका साथै सांस्कृतिक सम्पदाका कारण यो प्रदेश पर्यटन र साहसिक गतिविधिका लागि प्रमुख गन्तव्य बनेको छ।

कोशी प्रदेश : कोशी प्रदेश नेपालको पूर्वी भागमा अवस्थित छ। यसको क्षेत्रफल २५,९०५ वर्ग किलोमिटर छ। यस प्रदेशमा तराईका समथर भूभागदेखि पहाडी क्षेत्र र हिमालयन शृङ्खलासम्म फरक–फरक भौगोलिक क्षेत्रहरू छन्। विविध भौगोलिक बनावटका कारण यहाँ विभिन्न प्रकारका वनस्पति, जनावर र जैविक विविधता पाइन्छ। कोशी प्रदेशमा विश्वका दुईवटा अग्ला हिमाल - सगरमाथा र कञ्चनजङ्घा - रहेका छन्। यहाँको मौसम पनि क्षेत्रअनुसार फरक–फरक हुन्छ—दक्षिणको तराई क्षेत्रमा गर्मी मौसम हुन्छ भने उत्तरतिर हिमालय क्षेत्रमा चिसो मौसम हुन्छ। प्राकृतिक विविधतासँगै यो प्रदेश सांस्कृतिक सम्पदा र जातीय विविधतामा पनि धनी छ।

मधेश प्रदेश : ९,६६१ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको मधेश प्रदेश नेपालको दक्षिणपूर्वी भागमा अवस्थित छ। यसको ठूलो सिमाना भारतसँग जोडिएको छ। सातवटा प्रदेशमध्ये सबैभन्दा सानो प्रदेश भए पनि यहाँको जनसङ्ख्या सबैभन्दा धेरै छ। २०७८ सालको जनगणनाअनुसार यहाँको जनसङ्ख्या करिब ६१ लाख १४ हजार ६०० छ। यहाँको साक्षरता दर ६३.५% छ। भाषिक विविधताको धनी यस प्रदेशले नेपाली, मैथिली, भोजपुरी, बज्जिका, थारू, तामाङ र उर्दू भाषालाई आधिकारिक भाषा मानेको छ। मधेश प्रदेश मुख्यतया कृषि

अर्थतन्त्रमा आधारित छ। यो प्रदेश सांस्कृतिक तथा धार्मिक सम्पदाका लागि परिचित छ। यहाँ रहेका महत्वपूर्ण ऐतिहासिक र धार्मिक स्थलहरूले यस प्रदेशलाई आर्थिक र सांस्कृतिक दुवै हिसाबले महत्त्वपूर्ण बनाएको छ।

कर्णाली प्रदेश : कर्णाली प्रदेश नेपालको मध्यपश्चिम भागमा अवस्थित छ। यस प्रदेशको राजधानी वीरेन्द्रनगर हो। क्षेत्रफलका आधारमा सबैभन्दा ठूलो यस प्रदेशको क्षेत्रफल २७,९८४ वर्ग किलोमिटर छ। क्षेत्रफलमा ठूलो भए पनि यहाँको जनसङ्ख्या भने सबैभन्दा कम छ —२०७८ सालको जनगणनाअनुसार यहाँको कुल जनसङ्ख्या १६ लाख ९४ हजार ८८९ रहेको छ। सन् २०२४ को अर्को गणनाअनुसार यहाँको साक्षरता दर ७६.६% छ। कर्णाली प्रदेशको मानव विकास सूचकाङ्क ०.४६९ रहेको छ, जुन नेपालकै सबैभन्दा न्यून हो। यहाँको बहुआयामिक गरिबी पनि सबैभन्दा बढी छ, जसले करिब ५१.७% जनसङ्ख्यालाई प्रभावित गरेको छ। यो प्रदेशमा धेरै दुर्गम पहाडी भूभाग भएकाले यातायात, पूर्वाधार र विकासका कामहरूमा धेरै हुन सकेका छैनन्। स्वास्थ्य, शिक्षा र आर्थिक विकासका क्षेत्रमा ठूलो चुनौती भएकाले कर्णालीलाई सामाजिकआर्थिक रूपमा सबैभन्दा पछाडि परेको प्रदेश मानिन्छ।

प्रदेशअनुसार अपाङ्गता भएका व्यक्तिहरूको तथ्याङ्क

नेपालको २०७८ सालको जनगणनाअनुसार, कुल जनसङ्ख्याको २.२% जनसङ्ख्यामा कुनै न कुनै प्रकारको अपाङ्गता छ (केन्द्रीय तथ्याङ्क विभाग, २०२१)। तर प्रदेशअनुसार सामाजिकआर्थिक असमानता रहेकाले अपाङ्गता भएका व्यक्तिहरूको अवस्था र चुनौतीहरू फरक–फरक हुन सक्छन्।

कर्णाली प्रदेश : गरिबीको उच्च दर र स्वास्थ्य तथा शिक्षामा सीमित पहुँचका कारण अपाङ्गता भएका व्यक्तिहरूले आवश्यक सेवा र सहयोगमा पहुँच पाउन निकै कठिनाइ भोग्न सक्छन्।

मधेश प्रदेश : जनघनत्व धेरै रहेको मधेश प्रदेशमा साक्षरता दर धेरै न्यून छ। त्यसैले अपाङ्गता भएका व्यक्तिहरूका लागि समावेशी शिक्षा र स्वास्थ्य सेवाको माग धेरै हुन सक्छ।

गण्डकी प्रदेश र कोशी प्रदेश : यी दुवै प्रदेशमा साक्षरता दर उच्च छ र पूर्वाधार विकास पनि केही राम्रो छ। त्यसैले यी प्रदेशमा अपाङ्गता भएका व्यक्तिहरूको अवस्था तुलनात्मक रूपमा राम्रो हुन सक्छ। तर दुर्गम क्षेत्रमा भने अझै धेरै असमानता र कठिनाइ रहिरहेको हुन सक्छ।

राष्ट्रिय र प्रदेश दुवैस्तरमा अपाङ्गता भएका व्यक्तिहरूको तथ्याङ्क सङ्कलनमा सुधार गर्ने र समावेशी नीतिहरू लागू गर्ने प्रयास भइरहेका छन्। नेपालमा अपाङ्गता भएका कुल जनसङ्ख्यामध्ये प्रदेशअनुसारको प्रतिशत यसप्रकार छ:

- बागमती प्रदेश : १९%
- गण्डकी प्रदेश : १२%
- कोशी प्रदेश : १८%
- लुम्बिनी प्रदेश : १८%
- सुदूरपश्चिम प्रदेश : ११%
- कर्णाली प्रदेश : ८%
- मधेश प्रदेश : १४%

सर्वेक्षण

न्यायप्रणालीबारे अपाङ्गता भएका महिलाहरूको ज्ञान र अनुभवसम्बन्धी आधारभूत तथ्याङ्क र प्रमाणको कमी छ। यही कारणले एक्सेस प्लानेटसँग धेरै चरणको परामर्श गरी सर्वेक्षणको योजना बनाएर अन्तिम रूप दिइएको थियो। फिल्ड कार्यबाट प्राप्त जानकारीलाई पनि यसमा समावेश गरिएको थियो। प्रश्नावली सुरुमा अङ्ग्रेजी भाषामा तयार गरी पछि नेपालीमा अनुवाद गरिएको थियो। प्रश्नहरूलाई मुख्यतया चार भागमा —

(क) सामाजिक-जनसाङ्ख्यिक विवरण, (ख) अन्यायको व्यक्तिगत अनुभव, (ग) न्याय प्रणालीबारे ज्ञान र (घ) न्याय प्रणालीमा पहुँचको अनुभव — वर्गीकरण गरिएको थियो (अनुसूची–१)।

यस सर्वेक्षणमा अपाङ्गता भएका महिलाहरूले नै गणकका रूपमा काम गरेका थिए। उनीहरू प्रत्येकले आआफ्नो जिल्लाको प्रतिनिधित्व गरेका थिए। अध्ययनको उद्देश्य सकेसम्म धेरै सहभागीलाई समेट्नु थियो र त्यसअनुसार, प्रत्येक जिल्लाबाट ५० जना सहभागीको उत्तर सङ्कलन गरिएको थियो र यसरी ४ वटा प्रदेशमा गरी कुल २०० उत्तर प्राप्त भएका थिए। गणहरूका लागि पहुँचयुक्त होस् र तथ्याङ्क विश्लेषण पनि छिटो होस् भनेर तथ्याङ्क सङ्कलनका लागि गुगल फाराम प्रयोग गरिएको थियो। सर्वेक्षणका लागि प्रत्यक्ष अन्तर्वार्ता विधि प्रयोग गरिएको थियो, तर दुर्गम र कठिन भौगोलिक क्षेत्रमा गणकहरूले फोनमार्फत पनि सहभागीहरूसँग सम्पर्क गरेर सर्वेक्षण पूरा गरेका थिए।

प्रमुख सूचनादातासँगको अन्तर्वार्ता

अध्ययन टोलीले सूचनाका प्रमुख स्रोत रहेका विभिन्न सरोकारवालासँग १९ वटा अन्तर्वार्ता गरेको थियो। यसमा अपाङ्गता अधिकारकर्मी, नीतिनिर्माता, सरकारी अधिकारी, स्वास्थ्यकर्मी, मानव अधिकारकर्मी र वकिलहरूलाई सामेल गरिएको थियो।

क्र.सं.	प्रदेश/स्थान	नाम	पद/ संस्था
१	गण्डकी	अञ्जना केसी	अपाङ्गता अधिकारकर्मी, इन्डिपेन्डेन्ट लिभिङ सेन्टर
२	गण्डकी	माया तिमिल्सिना	सदस्य, योजना आयोग
३	गण्डकी	बिना सिलवाल	संस्थापक, कोपिला नेपाल
४	गण्डकी	सजना ढुङ्गाना	गण्डकी अस्पताल

५	काठमाडौँ	बिरेन्द्र राज पोखरेल	पूर्व अध्यक्ष, राष्ट्रिय अपाङ्ग महासङ्घ
६	कर्णाली	पवित्रा गिरी	निर्देशक, आवाज नेपाल
७	कर्णाली	निशा	परामर्शदाता, आवाज नेपाल
८	कर्णाली	अनिता ज्ञवाली	महिला विकास अधिकृत, सामाजिक विकास मन्त्रालय
९	कर्णाली	कल्पना थापा	नर्स, एकद्वार सङ्कट व्यवस्थापन केन्द्र, प्रदेश अस्पताल सुर्खेत
१०	मधेश	ऋतु झा	जनकपुर अञ्चल अस्पताल
११	मधेश	सबिता पुन	संयोजक, आवर संसार
१२	मधेश	दिनेश्वर साह	आसमान नेपाल
१३	मधेश	साबित्री केसी	पुनर्स्थापना केन्द्र (सेल्टर होम)
१४	मधेश	किरण कुमार पासवान	अध्यक्ष, राष्ट्रिय अपाङ्ग महासङ्घ नेपाल, मधेश प्रदेश
१५	मधेश	राहुल झा	अधिवक्ता
१६	कोशी	नबिन ढुंगेल	अध्यक्ष, राष्ट्रिय अपाङ्ग महासङ्घ नेपाल, कोशी प्रदेश

१७	कोशी	दुर्गा भण्डारी बराल	प्रमुख, सामाजिक विकास महाशाखा, सामाजिक विकास मन्त्रालय
१८	कोशी	सरस्वती दनुवार	ओरेक, विराटनगर
१९	कोशी	शीतल केसी	कोशी अस्पताल

घटना अध्ययन

❖ अध्ययन टोलीले न्याय खोज्ने विभिन्न प्रक्रियामा रहेका अपाङ्गता भएका महिलाहरूका १९ वटा फरक–फरक घटना सङ्कलन गरेको थियो। कर्णालीबाट ३, मधेशबाट ९, गण्डकीबाट ३ र कोशीबाट ४ वटा घटना अध्ययन प्राप्त भएका थिए। तीमध्ये १० वटा घटनालाई खोजनतिजाका सम्बन्धित भागमा विस्तारमा चर्चा गरिएको छ। फिल्ड भ्रमण र सम्बन्धित सरोकारवालाहरूसँगको बैठकमार्फत गरिएको घटना अध्ययनहरू पहिचान गरिएको थियो। तर यी घटनाहरू औपचारिक रूपमा अभिलेखन नभएकाले पहिचान गर्न कठिन भएको थियो। एकद्वार सङ्कट व्यवस्थापन केन्द्रमा भएको अभिलेखबाहेक, अध्ययन टोलीले घटना अध्ययनका लागि प्रहरी चौकी र अदालतमा कार्यरत अधिकारीहरूको मौखिक भनाइमा भर पर्नु परेको थियो। अभिलेखन भएका विवरण गोप्य हुने भएकाले न्याय क्षेत्रका कर्मचारीहरूले अध्ययन टोलीलाई सबै विवरण देखाउन मानेनन्। अध्ययन टोलीले सङ्कलन गरेका अधिकांश घटना बलात्कार र यौन दुर्व्यवहारसँग सम्बन्धित रहेकाले प्रभावित महिलाहरूको नाम गोप्य राखिएको छ। कानुनको नियम र अनुसन्धानको नैतिक पक्षलाई पालना गर्दै प्रभावितलाई चिनाउने कुनै पनि व्यक्तिगत जानकारी माग गरिएको थिएन।

प्रत्येक जिल्लामा अध्ययन टोलीले भ्रमण गरेका स्थानहरू यसप्रकार छन्:

- एकद्वार सङ्कट व्यवस्थापन केन्द्र
- सुरक्षित आवासगृह/पुनर्स्थापना केन्द्र
- महिला सेल, स्थानीय प्रहरी कार्यालय
- जिल्ला सरकारी वकिलको कार्यालय
- जिल्ला अदालत
- सम्बन्धित प्रदेशका अपाङ्गता अधिकारका अभियन्ता

तथ्याङ्क विश्लेषण

तथ्याङ्कको प्रकृतिअनुसार तथ्याङ्क विश्लेषणका विभिन्न विधिहरू प्रयोग गरिएको थियो। सर्वेक्षणबाट प्राप्त परिमाणात्मक तथ्याङ्कलाई **MS-EXCEL/SPSS** मार्फत विश्लेषण गरिएको थियो। लक्षित समूह छलफल र घटना अध्ययनबाट प्राप्त गुणात्मक तथ्याङ्कलाई विषयवस्तुको आधारमा कोड गरी विश्लेषण गरिएको थियो।

क्र.सं.	तथ्याङ्क सङ्कलनमा प्रयुक्त साधन	तथ्याङ्क सङ्कलन प्रक्रिया	तथ्याङ्क विश्लेषण
१.	सर्वेक्षण	तालिमप्राप्त गणकहरूले गरेका, मुख्य अनुसन्धानकर्ताबाट सुपरिवेक्षण	**MS-EXCEL/SPSS**

२.	प्रमुख सूचनादाता अन्तर्वार्ता	मुख्य अनुसन्धानकर्ताबाट स्थलगत रूपमा	कोडिङ र विषयगत विश्लेषण
३.	घटना अध्ययन	मुख्य अनुसन्धानकर्ताबाट स्थलगत रूपमा	कोडिङ र विषयगत विश्लेषण

तालिकाको व्याख्या : तथ्याङ्क सङ्कलनका साधन, प्रक्रिया र विश्लेषण विधि

नैतिक र पहुँचयुक्ततासम्बन्धी पक्षहरू

यस अध्ययनले अनुसन्धानको नैतिक मापदण्डको पालना गरेको छ। फोटोहरू सम्बन्धित व्यक्तिको सहमति लिएपछि मात्र खिचिएका हुन्। अन्तर्वार्ता सुरु गर्नुअघि गणकहरूले सहभागीलाई अनुसन्धानको प्रयोजन र प्रक्रिया विस्तारमा बुझाएका थिए। सहभागीहरूबाट सहमति लिएर उनीहरूको नाम गोप्य राखिने र विवरण गोपनीय रहने आश्वासन दिइएको थियो। गुगल फाराममा सहभागीको नाम र फोन नम्बर लेख्ने स्थान थियो, तर त्यो विवरण अध्ययन टोलीले मात्र हेर्न सक्ने गरी राखिएको थियो। घटना अध्ययनमा प्रयोग भएका नामहरू वास्तविक नभई परिवर्तित नामहरू हुन्। तर, प्रमुख सूचनादाता अन्तर्वार्ताको हकमा सहभागीहरूको वास्तविक नाम प्रयोग गरिएका छन्।

यी नैतिक पक्षहरूबाहेक, अध्ययन टोलीले अनुसन्धान प्रक्रियाका सबै चरण र यस प्रतिवेदनमा पहुँचयुक्ततासम्बन्धी पक्षमा पनि ध्यान दिएको छ। अनुसन्धानसम्बन्धी सञ्चार मुख्य गरी भ्वाइस नोटमार्फत गरिएको थियो, यसको मुख्य कारण एक्सेस प्लानेटकी कार्यकारी निर्देशक दृष्टिविहीन भएकाले भ्वाइस नोटमार्फत निर्देशन दिन सजिलो हुने थियो। यसले अनुसन्धानका बेला हुने दुविधामा छिटो निर्णय लिन र

सबैलाई सहज बनाउन सहयोग गरेको थियो। प्रतिवेदनमा प्रयोग भएका सबै तस्वीर र तालिकाहरूलाई दृष्टिविहीन पाठकहरूका लागि सजिलै पहुँचयुक्त होस् भनेर alttext सहित विस्तृत रूपमा वर्णन गरिएको छ।

अध्याय २ : नीति तथा कानुनी संरचना

विश्व स्वास्थ्य सङ्गठनका अनुसार, विश्वभरका कुल महिला जनसङ्ख्यामा अपाङ्गता भएका महिला तथा बालिकाहरू करिब २०% रहेका छन् (विश्व स्वास्थ्य सङ्गठन, २०२१)। नेपालमा पनि अपाङ्गता भएका महिला/बालिकाहरूले विभिन्न तहमा — घरपरिवारमा, समाजमा, काम गर्ने ठाउँ र व्यावसायिक क्षेत्रमा — विभिन्न किसिमका भेदभावको सामना गर्नुपर्छ। व्यक्तिगत जीवनदेखि व्यावसायिक जीवनसम्म सबै ठाउँमा सामना गर्ने विभिन्न अवरोधहरूले उनीहरूको कठिनाइलाई झन् बढाइदिन्छ। तीमध्ये एउटा महत्वपूर्ण अवरोध हो न्यायमा पहुँच।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि (CEDAW) समितिको साधारण सिफारिस नं. ३३ मा न्यायमा पहुँचलाई यसरी परिभाषित गरिएको छ:

“न्यायमा पहुँच” एउटा व्यापक अवधारणा हो; यसले मानिसहरूको न्याय प्रशासनका प्रणाली, कार्यविधि, जानकारी र स्थानहरूमा प्रभावकारी पहुँच हुनुपर्ने कुरालाई समेट्छ। यसमा न्यायिक र अर्धन्यायिक संरचना मात्र नभई धार्मिक, सामुदायिक, परम्परागत/प्रथागत रूपमा चल्दै आएका कानुनी प्रणाली र कानुन कार्यान्वयन निकायसमेत पर्छन्। यस सन्दर्भमा पहुँच भन्नाले ती सबै प्रणालीमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहभागिता रहनु भन्ने पनि बुझिन्छ, चाहे उनीहरू उजुरी दर्ता गर्ने व्यक्ति, प्रतिवादी, साक्षी वा कैदी नै किन नहुन्।

न्यायमा पहुँचसम्बन्धी अन्तर्राष्ट्रिय कानुनी संरचना

अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि यसलाई अनुमोदन गर्ने सबै राष्ट्रका लागि न्यायमा पहुँच सुनिश्चित गर्ने मार्गदर्शक दस्तावेज हो। नेपालले यस महासन्धिलाई सन् २००९ डिसेम्बर २७ मा अनुमोदन गरेको हो। यो महासन्धि र यससँग सम्बन्धित ऐच्छिक आलेख नेपालका लागि सन् २०१० जुन ६ बाट लागू भएका हुन्।

महासन्धिको धारा ३ मा प्रस्तुत साधारण सिद्धान्तहरूले अपाङ्गता भएका व्यक्तिहरूको मर्यादा, वैयक्तिक स्वायत्तता र आफ्ना लागि आफै छनोट गर्न पाउने स्वतन्त्रता सुनिश्चित गर्नु सदस्य राष्ट्रहरूको दायित्व हुने भनेको छ। यस धाराले भेदभाव गर्नु नहुने, समाजमा पूर्ण र प्रभावकारी सहभागिता तथा समावेशीकरणको अधिकार सुनिश्चित गर्नुपर्ने कुरा पनि उल्लेख गरेको छ।

महासन्धिको धारा १२ र १३ ले अपाङ्गता भएका व्यक्तिहरूको स्वायत्ततालाई कानुनी मान्यता दिएको छ। धारा १२ को 'कानुनका अगाडि समान मान्यता'मा पाँचवटा प्रमुख व्यवस्था गरिएका छन्। ती यसप्रकार छन्:

१. सदस्य राष्ट्रहरूले अपाङ्गता भएका व्यक्तिहरूलाई कानुनका अगाडि पूर्ण व्यक्तिको रूपमा सर्वत्र मान्यता पाउने अधिकार भएको पुनःस्वीकार गर्छन्।

२. अपाङ्गता भएका व्यक्तिहरूले जीवनका सबै पक्षमा प्रचलित कानुनले तोकेका अधिकार र व्यवस्थाहरू अन्य व्यक्तिहरू सरह समान रूपमा उपभोग गर्न पाउनेछन् भनी सदस्य राष्ट्रहरूले स्वीकार गर्दछन्।

३. अपाङ्गता भएका व्यक्तिहरूले कानुनले तोकेका अधिकार र व्यवस्थाहरू उपभोग गर्न आवश्यक पर्ने सहयोगमा पहुँच प्रदान गर्न गराउन सदस्य राष्ट्रहरूले उपयुक्त उपायहरू अवलम्बन गर्नेछन्।

४. सदस्य राष्ट्रहरूले कानुनबमोजिमका अधिकार र व्यवस्थाहरूको उपभोग गर्दा हुन सक्ने अनुचित दबाब वा प्रभाव रोक्न अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी कानुनअनुरूपका उपयुक्त र प्रभावकारी सुरक्षाहरू रहेको सुनिश्चित गर्नेछन्। त्यस्ता सुरक्षाहरूले कानुनी अधिकारहरू प्रयोगसँग सम्बन्धित उपायहरू अपाङ्गता भएका व्यक्तिको अधिकार, इच्छा र चाहनाको सम्मान गर्ने, स्वार्थको द्वन्द्व र अनुचित प्रभावबाट मुक्त भएको, समानुपातिक र व्यक्तिको अवस्थाअनुरूप भएको, सम्भव भएसम्म कम समयका लागि प्रयोग हुने, र सक्षम, स्वतन्त्र तथा निष्पक्ष अधिकारी वा न्यायिक निकायबाट नियमित पुनरावलोकनको विषय भएको सुनिश्चित

गर्नेछन्। यी सुरक्षाहरू अवलम्बन गरिएका उपायहरूले व्यक्तिको अधिकार र हितहरूलाई कुन हदसम्म प्रभाव पार्नेछन्, सोअनुसार हुनेछन्।

५. यस धाराका प्रावधानहरूको अधीनमा रही, सदस्य राष्ट्रहरूले अपाङ्गता भएका व्यक्तिहरूलाई सम्पत्ति आफ्नो नाममा राख्ने, अंश/अपुताली पाउने, आफ्नो कमाइ कहाँ र कसरी खर्च गर्ने भन्ने कुराको निर्णय आफैले गर्ने, र बैंक ऋण, धितो बन्धक तथा अन्य वित्तीय कर्जाहरूमा अरूसरह समान पहुँच हुने सुनिश्चित गर्न उपयुक्त र प्रभावकारी सबै उपायहरू अपनाउनेछन् र अपाङ्गता भएका व्यक्तिहरूलाई आफ्नो सम्पत्तिबाट स्वेच्छाचारी ढङ्गले वञ्चित नगरिने सुनिश्चित गर्नेछन्।

यस महासन्धिले तीनवटा महत्वपूर्ण कुरा प्रस्तुत गरेको छ। पहिलो - यसले अपाङ्गता भएका व्यक्तिहरूको जीवनका सबै पक्षमा अन्य व्यक्तिसरह कानुनमा भएका व्यवस्थाहरू उपभोग गर्न पाउने अधिकारलाई स्थापित गरेको छ। दोस्रो - सदस्य राष्ट्रहरूले अपाङ्गता भएका व्यक्तिहरूलाई कानुनले तोकेका अधिकार र व्यवस्थाहरू प्रयोग गर्न आवश्यक पर्ने सहयोगमा पहुँच पाउने व्यवस्था गर्नुपर्छ। तेस्रो - सदस्य राष्ट्रहरूले कानुनमा भएका अधिकार र व्यवस्थाहरू प्रयोग गर्दा हुन सक्ने अनुचित दबाब वा प्रभावलाई रोक्न अन्तर्राष्ट्रिय मानवअधिकार कानुनअनुसार उपयुक्त र प्रभावकारी सुरक्षाहरू रहेको सुनिश्चित गर्नुपर्छ।

धारा १३ - न्यायमा पहुँच - मा पनि दुईवटा प्रमुख व्यवस्था गरिएका छन्:

१. सदस्य राष्ट्रहरूले अपाङ्गता भएका व्यक्तिहरूको अन्य व्यक्तिहरू सरह समान आधारमा न्यायमा प्रभावकारी पहुँच सुनिश्चित गर्नेछन्। यसका लागि कार्यविधिगत तथा उमेरअनुसारका उपयुक्त व्यवस्था गरी उनीहरूलाई सबै कानुनी प्रक्रिया वा सुनुवाइमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहभागी हुन, साक्षी बन्न, अनुसन्धान र अन्य प्रारम्भिक चरणहरूमा प्रभावकारी भूमिका खेल्न सहज बनाउने छन्।

२. अपाङ्गता भएका व्यक्तिहरूको न्यायमा प्रभावकारी पहुँच सुनिश्चित गर्न सघाउने उद्देश्यले सदस्य राष्ट्रहरूले प्रहरी, कारागारका कर्मचारी र न्याय प्रशासनको क्षेत्रमा काम गर्ने व्यक्तिहरूका लागि उपयुक्त तालिम दिने व्यवस्था गर्नेछन्।

यसरी महासन्धिले अपाङ्गता भएका व्यक्तिहरूको कानुनले तोकेका अधिकार र व्यवस्थाहरू उपभोग गर्न पाउने कानुनी क्षमतालाई मान्यता दिनु आवश्यक छ भन्ने कुरामा प्रस्टसँग जोड दिएको छ। यसले अपाङ्गता भएका व्यक्तिहरू न्यायिक सुनुवाइमा प्रत्यक्ष र अप्रत्यक्ष सहभागी हुन सक्ने परिकल्पना गरी उनीहरूले प्रभावकारी न्याय पाउन आवश्यक पर्ने कार्यविधिगत र उमेर अनुकूल हुने व्यवस्था गर्नुपर्ने भनेको छ। महासन्धिले प्रस्तुत गरेको अर्को महत्वपूर्ण कुरा भनेको न्याय प्रणालीसँग प्रत्यक्ष जोडिएर विभिन्न क्षेत्रमा काम गर्ने कर्मचारीका लागि विशेष तालिमको व्यवस्था गर्नु हो।

यस महासन्धिसँगै अन्य अन्तर्राष्ट्रिय सन्धिहरू — जस्तै नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र र महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि — ले पनि महिला र बालिकाहरूको न्यायमा पहुँचसम्बन्धी देहायका अधिकारहरू सुनिश्चित गरेका छन् :

- कानुनका अगाडि समान मान्यता र न्यायमा पहुँच
- समान व्यवहार गर्नुपर्ने र भेदभाव गर्न नहुने
- पहुँचयुक्तताको अधिकार
- प्रभावकारी कानुनी समाधान
- निष्पक्ष सुनुवाइ
- कानुनी सहायता

❖ कार्यविधिगत, उमेरअनुसारको र अपाङ्गतासम्बन्धी अनुकूलनका माध्यमबाट सबै कानुनी प्रक्रियामा प्रभावकारी सहभागिता

अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धिलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न अपाङ्गता भएका व्यक्तिहरूको न्यायमा पहुँचसम्बन्धी अन्तर्राष्ट्रिय सिद्धान्त तथा निर्देशिका तयार गरिएको छ। यस निर्देशिकालाई अन्तर्राष्ट्रियस्तरका ख्यातिप्राप्त न्यायधीस तथा वकिलहरू सम्मिलित अन्तराष्ट्रिय संस्था इन्टरनेशनल कमिसन अफ ज्युरिष्ट्स (आईसीजे)) र इन्टरनेशनल डिसअयालिटी अलायन्स (आईडीए) ले अनुमोदन गरेका छन्। यस निर्देशिकाले न्यायमा पहुँच सुनिश्चित गर्नका लागि १० वटा सर्वव्यापी सिद्धान्तहरू पहिचान गरेको छ।

सिद्धान्त १	अपाङ्गता भएका सबै व्यक्तिको कानुनले तोकेका अधिकार र व्यवस्था उपभोग गर्न पाउने कानुनी क्षमता हुन्छ, त्यसैले अपाङ्गता भएकै आधारमा कसैलाई पनि न्यायमा पहुँचबाट वञ्चित गर्न पाइँदैन।
सिद्धान्त २	अपाङ्गता भएका व्यक्तिहरूलाई भेदभाव नगरी न्यायमा समान पहुँच सुनिश्चित गर्न सबै सेवा र संरचना सबैका लागि पहुँचयुक्त हुनुपर्छ।
सिद्धान्त ३	अपाङ्गता भएका व्यक्तिहरू र अपाङ्गता भएका बालबालिका समेतको आफ्नो आवश्यकताअनुसार उपयुक्त कार्यविधिगत सुविधा पाउने अधिकार हुन्छ।

सिद्धान्त ४	अपाङ्गता भएका व्यक्तिहरूको समान आधारमा समयमै र पहुँचयुक्त ढाँचामा कानुनी सूचना र जानकारी प्राप्त गर्ने अधिकार हुन्छ।
सिद्धान्त ५	अपाङ्गता भएका व्यक्तिहरूलाई अन्य व्यक्ति सरह अन्तर्राष्ट्रिय कानुनले मान्यता दिएका सबै मौलिक र कार्यविधिगत सुरक्षाहरू पाउने अधिकार हुन्छ, र राष्ट्रहरूले निष्पक्ष प्रक्रिया प्रत्याभूत गर्न आवश्यक अनुकूलन व्यवस्था गर्नुपर्छ।
सिद्धान्त ६	अपाङ्गता भएका व्यक्तिहरूको निःशुल्क वा सुलभ (खर्चले धान्न सक्ने) कानुनी सहायता पाउने अधिकार हुन्छ।
सिद्धान्त ७	अपाङ्गता भएका व्यक्तिहरूले अन्य व्यक्तिसरह समान आधारमा न्याय प्रशासन प्रक्रियामा सहभागिता जनाउने अधिकार हुन्छ।
सिद्धान्त ८	अपाङ्गता भएका व्यक्तिहरूको मानवअधिकारसँग सम्बन्धित उजुरी दर्ता गर्ने र कानुनी प्रक्रिया सुरु गर्ने अधिकार हुन्छ।
सिद्धान्त ९	प्रभावकारी र मजबुत अनुगमन संयन्त्रहरूले अपाङ्गता भएका व्यक्तिहरूको न्यायमा पहुँच सुनिश्चित गर्न महत्वपूर्ण भूमिका खेल्छन्।

सिद्धान्त १०	न्याय प्रणालीमा काम गर्ने सबै व्यक्तिहरूलाई अपाङ्गता भएका व्यक्तिहरूको अधिकार, विशेष गरी न्यायमा पहुँचसम्बन्धी अधिकारबारे सचेतना र तालिम कार्यक्रमको व्यवस्था गरिनुपर्छ।

तालिकाको व्याख्या : अपाङ्गता भएका व्यक्तिहरूको न्यायमा पहुँचसम्बन्धी अन्तर्राष्ट्रिय सिद्धान्त तथा निर्देशिका

न्यायमा पहुँचसम्बन्धी राष्ट्रिय कानुनी संरचना

सन् १९८१ मा अन्तर्राष्ट्रिय अपाङ्गता वर्ष घोषणा र त्यसपछिको अपाङ्गता भएका व्यक्तिहरूको संयुक्त राष्ट्रसङ्घीय दशक (१९८३–१९९२) ले नेपालमा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको मान्यता दिलाउने बाटो खोल्यो। नेपालले २०३९ साल (सन् १९८२) मा अपाङ्ग कल्याण तथा संरक्षण ऐन बनायो। यो नेपालमा अपाङ्गतासम्बन्धी पहिलो कानुन थियो।

तर, अपाङ्गता अधिकारकर्मीहरूले यो ऐन कल्याणमुखी बढी भएको, अधिकारमा आधारित नभएको भन्दै आलोचना गरेका थिए। त्यसबेला नीति तर्जुमा गर्दा अपाङ्गताको अवधारणा लैङ्गिक तटस्थ र लैङ्गिकताप्रति असंवेदनशील थियो। २०४७ साल (सन् १९९१) मा प्रजातन्त्र आएपछि नेपालमा अपाङ्गता भएका महिला नेतृत्वकर्ताहरूसमेत सक्रिय रूपमा सहभागी भएर अपाङ्गता आन्दोलनलाई अघि बढाएका थिए। यसबाट अपाङ्गता तथा महिला अधिकार आन्दोलन दुवैमा अपाङ्गता भएका महिला र बालिकाहरूका फरक आवश्यकता र चुनौतीहरू पहिचान र स्वीकार गर्ने क्रम बढ्दै जान थाल्यो।

नेपालले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धिलाई २०६६ साल पुस १२ गते (सन् २००९ डिसेम्बर २७ मा) अनुमोदन गऱ्यो। यो महासन्धि र यसको ऐच्छिक आलेख २०६७ जेठ २३ (सन् २०१० जुन ६) देखि कार्यान्वयनमा आएका छन्। यो महासन्धि कानुनी रूपमा बाध्यकारी विश्वव्यापी दस्तावेज

हो र यसलाई अनुमोदन गर्ने राष्ट्रहरू अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको संवर्धन र संरक्षण गर्न उत्तरदायी हुन्छन्। लैङ्गिक समानता यस महासन्धिको एउटा प्रमुख सिद्धान्त हो। महासन्धिको धारा ६ ले अपाङ्गता भएका महिला र बालिकाहरूको अधिकार सुनिश्चित गर्न उपयुक्त कदम चाल्नु — कानुन, नीति र कार्यक्रमहरूको निर्माण गर्नु — राज्यको दायित्व हुनेछ भनेको छ।

यसै क्रममा, नेपालले अपाङ्गता भएका व्यक्तिहरूका संस्था र सरोकारवालाहरूसँग लामो परामर्शपछि अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी ऐन, २०७४ बनायो। महासन्धिको कार्यान्वयनका लागि ल्याइएको यस ऐनले अघिल्लो कल्याणमुखी ऐनलाई प्रतिस्थापन गरेको छ। यस नयाँ ऐनले सेवामा, पूर्वाधारमा र न्यायमा पहुँचलाई सुनिश्चित गर्ने विशेष व्यवस्था गरेको छ। दफा १५ मा अपाङ्गता भएका व्यक्तिहरूको सेवा, सुविधा र न्यायमा पहुँचसम्बन्धी अधिकार स्पष्ट रूपमा उल्लेख गरिएको छ। यस दफाअनुसार:

१. अपाङ्गता भएका व्यक्तिलाई शैक्षिक संस्था, आवास, काम गर्ने ठाउँ, भवन, सडक, यातायात, तथा विद्युतीय सञ्चार सेवा लगायत सर्वसाधारणलाई खुला भएका वा प्रदान गरिएका अन्य सेवा तथा सुविधाहरूमा सहज पहुँचको अधिकार हुनेछ।

२. अपाङ्गता भएका व्यक्तिको न्यायमा पहुँच सुनिश्चित गर्न निःशुल्क कानुनी सहायताको अधिकार हुनेछ।

महिलाहरूले सामना गर्ने विभिन्न चुनौतीहरूलाई दृष्टिगत गर्दै ऐनको परिच्छेद–४ मा अपाङ्गता भएका महिला तथा बालबालिकाको थप अधिकारहरू उल्लेख गरिएका छन्। यसले महिला र बालिकाहरूको विशेष आवश्यकतालाई सम्बोधन गर्ने व्यवस्था गरेको छ। यस अध्यायले उनीहरूको स्वास्थ्य र प्रजनन अधिकार समेतलाई स्वीकार गरेको छ। यस परिच्छेदअनुसार:

१. नेपाल सरकारले अपाङ्गता भएका महिलाको विशेष अवस्थाको अधिकारको संरक्षण गर्न तथा उनीहरूको ज्ञान, सीप र क्षमताको उच्चतम उपयोगका लागि उपयुक्त वातावरण निर्माण गर्न तोकिएबमोजिम आवश्यक व्यवस्था गर्नुपर्नेछ।

२. नेपाल सरकारले अपाङ्गता भएका महिलाको विशेष अवस्थालाई ध्यानमा राखी उनीहरूको स्वास्थ्य तथा प्रजनन् अधिकारको संरक्षणका लागि आवश्यक व्यवस्था गर्नुपर्नेछ।

कानुनी व्यवस्था भए पनि, नेपालका न्याय संयन्त्रहरू अझै पनि लैङ्गिक हिंसा भोगेका महिलाप्रति समावेशी छैनन्। न्याय संयन्त्रहरू अपाङ्गतामैत्री नहुँदा अपाङ्गता भएका प्रभावित महिलाहरूले अझ बढी चुनौतीहरूको सामना गर्छन्। न्याय संयन्त्रसम्बन्धी नीति र कार्यक्रमहरूको समीक्षाले "अपाङ्गता भएका महिलाहरूको न्यायमा पहुँच" लाई प्राथमिकतामा नराखिएको स्पष्ट देखाउँछ।

नेपाल सरकारले २०७४ साल साउन १० गते न्यायमा पहुँच आयोग गठन गरेर सकारात्मक कदम चालेको छ। यस आयोगले न्याय संयन्त्रमा पहुँच पाउन चुनौती झेल्ने लक्षित समूहहरू पहिचान गरेको छ। यी लक्षित समूहहरूमा बालबालिका, महिला, आदिवासी/जनजाति, अपाङ्गता भएका व्यक्ति, गरिब तथा न्याय खोज्न नसक्ने बहिष्कृत समुदायहरू रहेका छन्। न्याय संयन्त्रलाई समावेशी र लैङ्गिकमैत्री बनाउनका लागि २०८०/८१ को वार्षिक योजनामा प्रभावित महिला, अपाङ्गता भएका व्यक्ति र अन्य सीमान्तकृत समुदायको न्यायमा पहुँच बढाउने कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिने उल्लेख गरिएको छ। आयोगले २०७२ साल पुस २१ मा "अदालतको काम कारवाहीमा दोभाषे सेवाको प्रयोगसम्बन्धी निर्देशिका" समेत बनाएको छ, तर यस निर्देशिकाले मौखिक रूपमा उल्था गर्ने भाषा राम्रोसँग जान्ने भनेर मौखिक भाषाका दोभाषे व्यक्तिलाई मात्र समेटेको छ, श्रवणविहीनता तथा सुस्त श्रवण भएका व्यक्तिहरूका लागि न्यायमा पहुँच सुनिश्चित गर्न आवश्यक पर्ने साङ्केतिक भाषाका दोभाषे सेवाबारे उल्लेख गरेको छैन।

अध्ययनको दौरान अनुसन्धान टोलीले नेपालको न्यायपालिकाको दोस्रो, तेस्रो, चौथो र पाँचौँ रणनीतिक योजनाको समीक्षा गरेको थियो। दोस्रो रणनीतिक योजना (सन् २००९–२०१४) मा अधिकारवाहकहरूका संस्थाहरूबाट आएको पृष्ठपोषणका आधारमा अपाङ्गता भएका व्यक्तिका लागि न्याय संयन्त्रलाई समावेशी बनाउनुपर्ने आवश्यकता स्वीकार गरिएको छ। तेस्रो रणनीतिक योजना (सन् २०१५–२०१९) को तेस्रो लक्ष्यमा "समावेशी न्याय संयन्त्र" राखिएको छ। यो लक्ष्य पूरा गर्न अदालतमा साङ्केतिक भाषाका दोभाषेको व्यवस्था गर्नुपर्ने कुरा उल्लेख छ भने सबै अदालतहरूलाई भौतिक रूपमा पहुँचयुक्त रहेको सुनिश्चित गर्नुपर्ने भनिएको छ। चौथो रणनीतिक योजना (सन् २०२०–२०२४) मा न्यायपालिकाका नौ मूल्यहरूमध्ये "प्रतिनिधित्व र समावेशिता" लाई एउटा मूल्यका रूपमा राखिएको छ। तर, कुन सरोकारवाला र अधिकारवाहकका लागि न्यायपालिकालाई समावेशी बनाउने भनेर प्रस्ट भनिएको छैन। यसले नेपालका न्यायिक क्षेत्रका नेतृत्ववर्गलाई अपाङ्गता भएका महिलाहरूको समस्या तथा सरोकार र न्यायमा पहुँचका लागि रहेका अवरोधहरूप्रति सचेतीकरण गराइएको छैन भन्ने देखाउँछ। पाँचौं रणनीतिक योजना (सन् २०२५–२०२९) भने अझ विस्तृत कार्ययोजनासहित आएको छ। यसले "समावेशी न्याय संयन्त्र" को लक्ष्य पूरा गर्न निम्न कार्यहरू गर्ने उद्देश्य राखेको छ:

१) सबै अदालत भवनहरू अपाङ्गता मैत्री र डिजिटल प्रविधि मैत्री बनाउनुपर्ने,
२) सर्वोच्च अदालतको वेबसाइट र नेपाल कानुन पत्रिकाको अडियो संस्करण तयार गर्ने,
३) महिला, अपाङ्गता भएका व्यक्ति तथा सीमान्तकृत समुदायहरूको न्यायमा पहुँच सहज बनाउन लक्षित कार्यक्रम सञ्चालन गर्ने।

अध्ययन टोलीले नेपाल प्रहरीका वार्षिक प्रतिवेदनहरूको पनि समीक्षा गरेको थियो। तर ती प्रतिवेदनहरूमा अपाङ्गता भएका व्यक्तिहरूका बारेमा कुनै पनि कुरा उल्लेख छैन्, न त सेवाहरूलाई अझ समावेशी र अपाङ्गता मैत्री बनाउनेबारे कुनै कदमहरू उल्लेख गरिएका छन्।

यस अध्ययनले न्यायपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति (सन् २०२१/२२–२०२५/२०२६) को समेत समीक्षा गरेको थियो। उक्त रणनीतिले लैङ्गिक पहिचानलाई मुख्य आधार मानेको छ। यसको मार्गनिर्देशक सिद्धान्तका रूपमा महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्नेसम्बन्धी महासन्धिलाई मात्र आधार लिइएको छ, तर अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धिलाई पूर्ण रूपमा उपेक्षा गरिएको छ। रणनीतिले नेपालको न्याय सेवामा समावेशिताबारे आर्थिक वर्ष २०७५/७६ (सन् २०१८/२०१९) को खन्डिकृत तथ्याङ्क विवरण पनि प्रस्तुत गरेको छ। न्याय सेवामा रहेका ७८९ जना अधिकृतमध्ये अपाङ्गता भएका कर्मचारी १२ जना (१.५२%) मात्र छन् (राष्ट्रिय न्यायिक प्रतिष्ठान, २०२१, पृष्ठ.४०)। यस रणनीतिले निम्न तीनवटा प्रमुख लक्ष्यहरू पहिचान गरेको छ :

१. महिला र लक्षित समूहहरूमाझ कानुनी शिक्षामा पहुँच बढाउने।
२. महिला र लक्षित समूहहरूको न्यायपालिका र न्याय सेवामा अर्थपूर्ण एवं वास्तविक प्रतिनिधित्व सुनिश्चित गर्ने।
३. न्यायपालिका र न्याय सेवामा संलग्न महिला र लक्षित समूहहरूको क्षमता अभिवृद्धि र सेवाको निरन्तरताका लागि अनुकूल वातावरण निर्माण गर्ने।

यस रणनीतिमा अपाङ्गता भएका व्यक्तिलाई लक्षित समूहका रूपमा समेटिएको छ। तेस्रो लक्ष्यका लागि पहिचान गरिएका रणनीतिहरूमा "अपाङ्गतामैत्री शौचालय" र "अपाङ्गता मैत्री वा अवरोधमुक्त कार्यकक्ष/काम गर्ने वातावरण" उल्लेख छन्। यी व्यवस्थाले भौतिक पहुँचयुक्तताबारे सकारात्मक बुझाइलाई सङ्केत गर्छन्। तथापि, यस रणनीतिले न्यायमा पहुँच पाउने सम्बन्धमा अपाङ्गता भएका महिलाहरूले सामना गर्ने अन्तरविविध अवरोधहरूलाई विस्तृत रूपमा सम्बोधन गरेको छैन।

अपाङ्गता भएका व्यक्तिहरूको न्यायमा पहुँच सुनिश्चितताका लागि नेपालमा अपाङ्गता भएका व्यक्तिहरूका अधिकारलाई समन्वय र अनुगमन गर्ने कुनै संवैधानिक निकाय छैन। अपाङ्गता भएका व्यक्तिका अधिकारसम्बन्धी महासन्धि अनुमोदन गरेका धेरै देशहरूले स्वतन्त्र स्वायत्त अपाङ्गता आयोग गठन गरिसकेका छन्। तर नेपालमा हालसम्म यस्तो आयोग गठन भएको छैन। नयाँ बनेको राष्ट्रिय समावेशी आयोगले अपाङ्गतालाई प्राथमिकताका क्षेत्रमा समेटे पनि यसमा अपाङ्गता समुदायबाट कुनै प्रतिनिधित्व छैन। यसले "हामीबारे गरिने कुनै पनि कुरा हाम्रो सहभागिताविना हुनुहुँदैन" भन्ने मर्मलाई उल्लङ्घन गरेको छ। यस आयोगमा अपाङ्गता भएका व्यक्ति, विशेष गरेर अपाङ्गता भएका महिलाहरूलाई अनिवार्य रूपमा सदस्य बनाउन जरुरी छ।

अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ को परिच्छेद ९ मा निर्देशन समिति र समन्वय समितिको व्यवस्था गरिएको छ। ऐनको दफा ३८ अनुसार निर्देशन समितिले अपाङ्गता भएका व्यक्तिको अधिकार, सेवा, सुविधा र संरक्षणसम्बन्धी काम कारबाहीमा समन्वय, रेखदेख र प्रवर्धन गर्ने जिम्मेवारी वहन गर्नेछ।

अपाङ्गता अधिकारकर्मीहरूले अपाङ्गतासम्बन्धी स्वायत्त आयोग गठनको माग बारम्बार उठाइरहेको भएता पनि यसलाई अहिलेसम्म राज्यले बेवास्ता गर्दै आएको छ। अपाङ्गता भएका व्यक्तिका अधिकारहरूलाई मूलप्रवाहीकरण गर्नका लागि सरकारले तत्कालै निम्न कार्यहरू गर्न आवश्यक छ:

१. राष्ट्रिय समावेशी आयोगमा कम्तीमा एक जना अपाङ्गता भएका महिलासहित अपाङ्गता भएका व्यक्तिहरू नियुक्त गर्ने।
२. अपाङ्गता भएका महिलाको समावेशीकरण सुनिश्चित गरी अपाङ्गता भएका व्यक्तिहरूको राष्ट्रिय आयोग गठन गर्ने। यससँगै, मानवअधिकार, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमा काम गर्ने सबै आयोग र संवैधानिक निकायहरूमा अपाङ्गता भएका महिलाहरूको प्रतिनिधित्व गराउनु आवश्यक छ। अहिलेसम्म

अपाङ्गता भएका महिलाहरूलाई राष्ट्रिय महिला आयोग, राष्ट्रिय मानवअधिकार आयोग जस्ता प्रमुख आयोगहरूमा समावेश गरिएको छैन।

नेपालको न्याय संयन्त्र

अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ को परिच्छेद ९ मा निर्देशन समिति र समन्वय समितिको व्यवस्था गरिएको छ। ऐनको दफा ३८ अनुसार निर्देशन समितिले अपाङ्गता भएका व्यक्तिको अधिकार, सेवा, सुविधा र संरक्षणसम्बन्धी काम कारबाहीमा समन्वय, रेखदेख र प्रवर्धन गर्ने जिम्मेवारी वहन गर्नेछ। यस ऐनअनुसार अपाङ्गता अधिकार समितिका तीन तहको परिकल्पना गरिएको छ —राष्ट्रिय अपाङ्गता अधिकार समिति, प्रदेश अपाङ्गता अधिकार समिति र स्थानीय अपाङ्गता अधिकार समिति। यी समितिहरूले अपाङ्गता भएका महिलाहरूलाई न्यायमा पहुँच दिलाउन महत्वपूर्ण भूमिका खेल्न सक्छन्।

नेपाल सरकारले लैङ्गिक हिंसा रोकथामका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय लैङ्गिक हिंसाको सम्बोधन गर्ने शीर्ष जिम्मेवार निकाय हो। मन्त्रालयले लैङ्गिक हिंसाविरुद्धको राष्ट्रिय रणनीति तथा कार्ययोजना (सन् २०१०–२०२५) तर्जुमा गरेको छ। सोअनुसार, लैङ्गिक हिंसाविरुद्ध एकीकृत सेवा दिने उद्देश्यले सन् २०१० मा देशभरका विभिन्न अस्पतालहरूमा एकद्वार सङ्कट व्यवस्थापन केन्द्र स्थापना गरिएका थिए।

मन्त्रालयले आपतकालीन सहयोग, कानुनी सहायता र पुनःस्थापनाका लागि लैङ्गिक हिंसा प्रभावित कोष स्थापना गरेको छ। मन्त्रालयले प्रत्येक स्थानीय तहलाई एकलाख रुपैयाँ विनियोजन गरेको भए पनि, पत्रपत्रिकामा आएका समाचारअनुसार ७५३ स्थानीय तहमध्ये केवल ११५ पालिकाले मात्र लैङ्गिक हिंसा सहायता कोष स्थापना गरेका छन् (राष्ट्रिय समाचार समिति, २०२२)। राष्ट्रिय महिला आयोगले लैङ्गिक हिंसाका प्रभावितहरूलाई सहयोग गर्न २४ घण्टा निःशुल्क हेल्पलाइन (११४५) सेवा पनि सञ्चालन गरेको

छ। यी सरकारी पहलहरूसँगै, गैरसरकारी संस्थाहरू—जस्तै महिला, कानुन र विकास मञ्च, कानुनी सहायता तथा परामर्श केन्द्र र साथीले पनि महत्वपूर्ण भूमिका खेलिरहेका छन्। उनीहरूले नीतिनिर्माणमा सहयोग गर्नुका साथै निःशुल्क कानुनी सहायता र पुनर्स्थापना केन्द्र (सेल्टर होम) को व्यवस्था गरेर लैङ्गिक हिंसाका प्रभावितलाई सहयोग गरेका छन्।

२०७२ सालको संविधान जारी भएसँगै नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेको छ। सोहीअनुसार न्याय प्रणालीलाई नयाँ राजनीतिक र प्रशासनिक संरचनाअनुसार पुनःसंरचना गरी सङ्घ, प्रदेश र स्थानीय तहबीच अधिकार बाँडफाँड गरेको छ। सङ्घमा सर्वोच्च अदालत, प्रदेशमा उच्च अदालत र स्थानीय तहमा जिल्ला अदालत रहने व्यवस्था गरिएको छ।

सङ्घीय शासन प्रणालीले औपचारिक अदालत मात्र नभई अनौपचारिक न्याय संयन्त्रको अवधारणालाई पनि अघि सारेको छ। यसअन्तर्गत गाउँपालिका र नगरपालिकाका प्रत्येक वडा स्तरमा मेलमिलाप समिति रहेका छन्। हाल ७५३ वटै स्थानीय तहमा न्यायिक समितिहरू सञ्चालनमा छन्। लामो र खर्चिलो अदालत प्रक्रियाको विकल्पका छिटो समस्याको समाधान दिने उद्देश्यले यी अनौपचारिक न्याय संयन्त्रहरू निर्माण गरिएका हुन्।

अध्ययन प्रयोजनका लागि गरिएका लक्षित समूह छलफल र स्थलगत भ्रमणका आधारमा नेपालको न्याय संयन्त्र देहायअनुसार देखिएको छ।



सर्वोच्च अदालत	
उच्च अदालत	
जिल्ला अदालत	
न्यायिक समिति (पालिकामा रहने)	महिला सेल (प्रहरी चौकीमा रहने)
मेलमिलाप समिति (वडामा रहने)	एकद्वार सङ्कट व्यवस्थापन केन्द्र

चित्रको व्याख्या : नेपालको न्याय संयन्त्र

माथिको चित्रलाई अध्ययन टोलीले गुणात्मक अध्ययनका आधारमा तयार पारेको हो।

यस चित्रले नेपालको औपचारिक र अनौपचारिक न्याय संयन्त्रलाई देखाउँछ। यी दुवै संयन्त्रहरू कानुनी तथा न्यायसम्बन्धी मुद्दाहरू समाधान गर्न प्रयोग हुन्छन्। सबैभन्दा माथि औपचारिक संरचनाको सर्वोच्च अदालत रहेको छ, त्यसपछि उच्च अदालत र जिल्ला अदालत रहेका छन्। स्थानीय तहमा हरेक वडामा मेलमिलाप समिति छन्, तिनले प्रारम्भिक न्याय संयन्त्रका रूपमा काम गर्छन्। वडास्तरमा समस्या समाधान नभएमा, त्यो मुद्दा नगरपालिका/गाउँपालिका स्तरको न्यायिक समितिमा पठाइन्छ। त्यहाँबाट पनि समाधान नभएमा मुद्दा जिल्ला अदालतसम्म पुग्छ र आवश्यकताअनुसार माथिल्लो अदालतसम्म जान सक्छ। यस प्रणालीमा प्रहरी कार्यालयमा रहने महिला सेल र अस्पतालमा रहने एकद्वार सङ्कट व्यवस्थापन केन्द्र समेत छन्। तिनले लैङ्गिक हिंसा तथा महिलासम्बन्धी अन्य जरुरी मुद्दामा तत्काल सहयोग गर्छन्। चित्रमा रातो थोप्लाथोप्ला रेखाले न्यायिक समिति र महिला सेल तथा एकद्वार सङ्कट व्यवस्थापन केन्द्रबीचको अनौपचारिक सम्बन्धलाई देखाइएको छ। यसले समन्वय र प्रेषण प्रणालीलाई सङ्केत गर्छ। यी अनौपचारिक संयन्त्रहरूले औपचारिक कानुनी ढाँचाबाहिर बसेर पनि संवेदनशील मुद्दाहरूमा एकीकृत सहयोग सेवामार्फत महिलाहरूको न्यायमा पहुँच सुनिश्चित गर्न महत्वपूर्ण भूमिका खेल्छन्।

अध्याय ३ : हिंसाको अनुभव

नेपालमा अपाङ्गता भएका महिलासम्बन्धी तथ्याङ्क र विवरण एकदमै थोरै र छिटफुट मात्र उपलब्ध छन्, जसका कारण प्रायः असङ्गति र विरोधाभास देखिने गरेको छ (पौड्याल र अन्य २०१८; एइड र अन्य २०१६)। प्रस्तुत अध्ययनले गण्डकी, कर्णाली, कोशी र मधेश गरी चार प्रदेशमा रहेका अपाङ्गता भएका महिलाहरूको न्यायमा पहुँचसम्बन्धी अनुभवलाई उजागर गर्ने लक्ष्य लिएको छ। यस अध्ययनको मुख्य उद्देश्य भनेको न्यायको उल्लङ्घन (अन्याय) र न्याय संयन्त्रमा केन्द्रित भएर अपाङ्गता भएका महिलासम्बन्धी अनुसन्धानमा रहेको कमी पूरा गर्नु हो।

यस अध्ययनमा प्रत्येक प्रदेशबाट ५० जना गरी कुल २०० जना अपाङ्गता भएका महिलाहरूबाट सर्वेक्षण तथ्याङ्क सङ्कलन गरिएको छ। उनीहरूको वास्तविक जीवन अनुभवबारे गहिरो बुझाइ प्राप्त गर्न सजिलो होस् भनेर सङ्कलित परिमाणात्मक तथ्याङ्कलाई सामाजिक-जनसाङ्ख्यिक विवरण, न्याय उल्लङ्घन (अन्याय) अनुभव, न्याय संयन्त्रसम्बन्धी ज्ञान र प्रदेशस्तरका कानुनी प्रावधानसम्बन्धी जानकारीअनुसार वर्गीकरण गरिएको थियो। यस अध्यायमा सहभागीहरूको सामाजिक-जनसाङ्ख्यिक विवरण र त्यसपछि उनीहरूले भोगेका हिंसा र न्याय संयन्त्रसम्बन्धी ज्ञानबारे चर्चा गरिएको छ।

अध्ययनका सहभागीहरूको सामाजिक जनसांख्यिक विवरण

प्रदेश	सङ्ख्या	प्रतिशत
गण्डकी	५०	२५
कर्णाली	५०	२५
कोशी	५०	२५

मधेश	५०	२५
कुल	२००	१००

तालिकाको व्याख्या : यस अनुसन्धानले चारवटा जिल्ला समेटेको छ र प्रत्येक जिल्लाबाट ५० जना सहभागी थिए।

जातजाति	**सङ्ख्या**	**प्रतिशत**
पहाडी जाति समूह: ब्राम्हण, क्षत्री र ठकुरी	८९	४४.५
पहाडी दलित	३७	१८.५
पहाडी जनजाति समूह	४८	२४
मधेसी	१९	९.५
धार्मिक तथा भाषिक समूह (मुस्लिम, बङ्गाली, पन्जाबी, सिख)	३	१.५
तराई दलित	३	१.५
तराई जनजाति	१	०.५
कुल	२००	१००

तालिकाको व्याख्या : यस अध्ययनमा सहभागी महिलामध्ये सबैभन्दा धेरै ४४.५% पहाडी समुदायका ब्राह्मण/क्षेत्री/ठकुरी समूहबाट थिए। त्यसपछि दोस्रो ठूलो समूहका रूपमा १८.५% महिलाहरू पहाडी दलित

समुदायका थिए। २४% महिलाहरू पहाडी जनजाति समुदायका थिए। ९.५% मधेसी समुदायबाट थिए। धार्मिक तथा भाषिक अल्पसङ्ख्यक समूह र तराई दलित समूह दुवैको प्रतिनिधित्व समान १.५% मात्र थियो। त्यस्तै, ०.५% महिलाहरू तराई जनजाति समूहबाट थिए।

धर्म	सङ्ख्या	प्रतिशत
बौद्ध	९	४.५
क्रिश्चियन	७	३.५
हिन्दु	१८१	९०.५
इस्लाम	३	१.५
कुल	२००	१००

तालिकाको व्याख्या : सबैभन्दा धेरै सहभागी हिन्दु धर्मबाट (९०.५%) थिए, त्यसपछि, बौद्ध (४.५%), क्रिश्चियन (३.५%) र इस्लाम (१.५%) थिए।



चित्रको व्याख्या : यसमा जन्मजात र पछि अपाङ्गता भएका व्यक्तिहरू भनेर छुट्याइएको छ। १६८ जना (८४%) ले जन्मजात अपाङ्गता रहेको र ३२ जना (१६%) ले पछि अपाङ्गता भएको बताएका छन्।

onset of Disability	अपाङ्गता शुरु भएको समय	Since Birth	जन्मजात
After Birth	जन्मपछि		

तालिकाको व्याख्या : माथि चित्रमा भएका अंग्रेजीको नेपाली उल्था

अपाङ्गताको प्रकार	**सङ्ख्या**	**प्रतिशत**
श्रवण-दृष्टिविहीनता भएका व्यक्ति	४	२
सुनाइसम्बन्धी अपाङ्गता	५	२.५
बौद्धिक अपाङ्गता	१०	५
मनोसामाजिक अपाङ्गता	६	३

बहुअपाङ्गता	१४	७
शारीरिक अपाङ्गता	६९	३४.५
स्वर तथा बोलाइसम्बन्धी अपाङ्गता	१६	८
दृष्टिसम्बन्धी अपाङ्गता	७६	३८
कुल	२००	१००

तालिकाको व्याख्या : सर्वेक्षणमा सहभागीमध्ये सबैभन्दा धेरैले दृष्टिसम्बन्धी अपाङ्गता (३८%) भएको बताएका छन्। त्यसपछि दोस्रोमा, ३४.५% सहभागी शारीरिक अपाङ्गता भएका थिए। ८% सहभागी स्वर तथा बोलाइसम्बन्धी अपाङ्गता, ७% सहभागी बहुअपाङ्गता, ५% सहभागी बौद्धिक अपाङ्गता, ३% सहभागी मनोसामाजिक अपाङ्गता, २.५% सहभागी सुनाइसम्बन्धी अपाङ्गता, २% सहभागी श्रवण-दृष्टिविहीनता भएका व्यक्ति थिए।



चित्रको व्याख्या : माथिको चित्रमा प्रदेशअनुसार अपाङ्गताका प्रकारहरू प्रस्तुत गरिएको छ। अध्ययनका सहभागीमध्येमा सबैभन्दा धेरै देखिएको अपाङ्गता हो दृष्टिसम्बन्धी अपाङ्गता – कर्णाली प्रदेशमा ३३ जना, गण्डकी प्रदेशमा २५ जना, मधेश प्रदेशमा १३ जना र कोशी प्रदेशमा ५ जना दृष्टिसम्बन्धी अपाङ्गता भएका छन्। त्यसपछि शारीरिक अपाङ्गता छ, जसमा कोशीमा २० जना, मधेशमा १९ जना, गण्डकीमा १७ जना र कर्णालीमा १३ जना शारीरिक अपाङ्गता भएका व्यक्तिहरू छन्। बोलीसम्बन्धी अपाङ्गता मधेशमा ८ जना, कोशीमा ४ जना, कर्णालीमा ३ जना र गण्डकीमा १ जनामा रहेको थियो। बहुअपाङ्गता कोशीमा ७ जना, मधेशमा ४ जना र गण्डकीमा ३ जनामा रहेको थियो। बौद्धिक अपाङ्गता कोशी प्रदेशका १० जनामा पाइएको छ। मानसिक तथा मनोसामाजिक अपाङ्गता मधेशमा ५ जना र कोशीमा १ जनामा मात्र देखिएको छ। सुनाइसम्बन्धी अपाङ्गता कोशीमा ३ जना, मधेशमा १ जना र गण्डकीमा १ जनामा भेटिएको छ। श्रवण-दृष्टिविहीनता भएका व्यक्ति गण्डकीमा ३ जना र कर्णालीमा १ जना छन्।

अपाङ्गताको गम्भीरता र परिचयपत्र

सहभागीहरूले बताएअनुसार अधिकांश (९७%) सहभागीले अपाङ्गता परिचयपत्र प्राप्त गरेका छन्। तीमध्ये आधाभन्दा बढी (६०.५%) सहभागीले अति अशक्त अपाङ्गतालाई जनाउने नीलो रङ्गको परिचयपत्र, १८% ले मध्यम अपाङ्गता जनाउने पहेंलो रङ्गको परिचयपत्र, १२% सहभागीहरूले पूर्ण अशक्त अपाङ्गता जनाउने रातो रङ्गको परिचयपत्र र ६.५% सहभागीहरूले सामान्य अपाङ्गता जनाउने सेतो रङ्गको परिचयपत्र प्राप्त गरेका छन्। सर्वेक्षणमा सहभागीमध्ये ३% ले आफूसँग कुनै पनि प्रकारको अपाङ्गता परिचयपत्र नभएको बताएका छन्।

घटना अध्ययन एक: नागरिकता पाउन चुनौती (मधेश प्रदेश)

रमीला (परिवर्तित नाम) २९ वर्षीया मधेसी महिला हुन्। उनलाई किशोरावस्थामै घरबाट विवाह गरिदिए। उनले एउटा छोरा पाइन्। उनको बाल्यकालमै भएको रोग झन् बढ्दै गयो र उनले हिंड्डुल गर्ने क्षमता गुमाइन्। उनले

आफैलाई स्याहार गर्न नसक्ने अवस्थामा पुगिन्। समस्या यति खराब भयो कि उनी आफैँ शौचालय जान नसक्ने भइन् र ओछ्यानमै पिसाब फेर्न थालिन्। उनका पतिले दोस्रो विवाह गरे। सानै उमेरमा बिहे भएकाले रमीलाले बुवाको नाममा नागरिकता बनाउन पाएकी थिइनन्। उनले पतिलाई नागरिकता बनाइदिन भनिन्। उनीहरूको विवाह कानुनी रूपमा दर्ता भएको थिएन र नागरिकता बनाइदिएमा सम्पत्तिमा दाबी गर्लिन् भन्ने सोचेर उनको पतिले नागरिकता बनाइदिन मानेनन्। नागरिकता नहुँदा उनले सरकारी भत्ता पाउने अपाङ्गता परिचयपत्र पनि बनाउन पाइनन्। उनका पतिले दोस्रो श्रीमतीको नागरिकता चाहिं बनाइदिए।

रमीलाको पतिले छोरो १६ वर्षको भएपछि छोराको नागरिकता बनाइदिनेछु भनी आश्वासन दिए। रमीलाको छोरा पनि आमाबाट टाढा हुन थाल्यो। उसले आमाको हेरचाह गर्दैनथ्यो। उनको यस अवस्थाले समुदायका महिला अधिकारकर्मीहरूको ध्यान खिच्यो जसको पुनर्स्थापना केन्द्र (सेल्टर होम)सँग सम्पर्क थियो। तर रमीलाको हिँडडुल गर्न नसक्ने शारीरिक अवस्थाका कारण पुनर्स्थापना केन्द्रले राख्न सकेन। पुनर्स्थापना केन्द्रका कर्मचारीहरूले रमिलाको छोरासँग र परिवारसँग भेटघाट गरी परामर्श दिए। अहिले छोराले आमाको हेरचार गर्ने केही जिम्मेवारी वहन गर्न थालेका छन्। तर, उनका पति र सौताले अझै पनि उनलाई नराम्रो व्यवहार गर्ने गरेका छन्।



Type of Disability ID card	अपाङ्गताको प्रकारअनुसारको परिचयपत्र	Blue (Severe Disability)	निलो (अति अशक्त अपाङ्गता)
Red (Profound Disability)	रातो (पूर्ण अशक्त अपाङ्गता)	Yellow (Moderate Disability)	पहेँलो (मध्यम अपाङ्गता)
White (Mild Disability)	सेतो (सामान्य अपाङ्गता)	No card	परिचयपत्र नभएका

चित्रमा भएका अंग्रेजीको नेपाली उल्था

हामीले अपाङ्गता परिचयपत्र पाएका उत्तरदाताहरूसँग परिचयपत्र पाउन गाह्रो थियो कि सजिलो भनेर पनि सोधेका थियौँ। धेरैजसो (३५.१%) सहभागीले अपाङ्गता परिचयपत्र पाउन गाह्रो भएको, ३३% सहभागीहरू तटस्थ रहेका, २६.३% सहभागीहरूले अपाङ्गता परिचयपत्र पाउन सजिलो भएको, ३.६% ले अत्यन्तै गाह्रो भएको र २.१% ले मात्र अत्यन्तै सजिलो भएको बताएका थिए। यी तथ्याङ्कहरू तलको स्तम्भचित्रमार्फत प्रस्ट देख्न सकिन्छ।



Difficulty level to get the card	परिचयपत्र लिन कठिनाइको स्तर	**Very difficult**	धेरै कठिन
Difficult	कठिन	**Neutral**	तटस्थ
Easy	सजिलो	**Very easy**	धेरै सजिलो

चित्रमा भएका अंग्रेजीको नेपाली उल्था

अपाङ्गता परिचयपत्र नभएका सहभागीहरूलाई किन नपाएको भन्नेबारे पनि सोधिएको थियो। सर्वेक्षणका ६ जना सहभागीले कुनै प्रकारको अपाङ्गता परिचयपत्र नभएको बताए। तीमध्ये ६७% ले प्रक्रिया पूरा गर्न सहयोग गर्ने कोही नभएको र ३३% ले अपाङ्गता परिचयपत्रबारे जानकारी नै नभएको बताएका थिए। तलको पाई चार्टमा यसै विवरणलाई देखाइएको छ।



Barriers for getting disability ID card	परिचयपत्र नपाउनुका कारण
I am not aware of the disability card	अपाङ्गता परिचयपत्रबारे जानकारी नै नभएको
There is no one to help me with the process of getting the ID card	प्रक्रिया पूरा गर्न सहयोग गर्ने कोही नभएको

चित्रमा भएका अंग्रेजीको नेपाली उल्था

उमेर, वैवाहिक स्थिति र छोराछोरी



चित्रको व्याख्या : ३५% सहभागीहरूको उमेर ३०–३९ वर्ष बीचमा छ भने ३३.५% सहभागीहरूको उमेर २०–२९ वर्ष बीचमा छ। १६% सहभागीहरू ४०–४९ वर्ष उमेर समूहका छन्, ८.५% सहभागीहरूको उमेर २० वर्षभन्दा कम (तर १८ वर्षभन्दा माथि) छ, र ७% सहभागीहरूको उमेर ५० वर्षभन्दा माथि छ।

वैवाहिक स्थिति	**सङ्ख्या**	**प्रतिशत**
विवाहित	५४	२७
अविवाहित	१४६	७३
कुल	२००	१००

तालिकाको व्याख्या : कुल सहभागीमध्ये ७३% अविवाहित र २७% विवाहित छन्।

सहभागीलाई **छोराछोरी छन् कि छैनन्** भनेर पनि सोधिएको थियो। ७७.५% सहभागीले छोराछोरी नभएको र २२.५% सहभागीहरूले छोराछोरी भएको बताए। छोराछोरी भएका सहभागीहरूलाई छोराछोरीको सङ्ख्याबारे सोधिएको थियो र जवाफमा ४०% ले २ जना, २६.७% ले १ जना, १७.८% ले ३ जना, ८.९% ले ५ जना र ६.७% ले ४ जना छोराछोरी रहेको बताएका छन्।

शिक्षाको स्तर

अपाङ्गता भएका व्यक्तिहरूको साक्षरता दर अन्य व्यक्तिहरूको तुलनामा कम देखिन्छ। यसको प्रमुख कारण भौगोलिक कठिनाइ, सामाजिक भेदभाव र अपाङ्गता भएका व्यक्तिहरूका लागि आवश्यक पर्ने पूर्वाधार नहुनु रहेका छन्। राष्ट्रिय तथ्याङ्क कार्यालय र राष्ट्रिय अपाङ्ग महासङ्घ नेपालद्वारा प्रकाशित "राष्ट्रिय जनगणना २०७८ को अपाङ्गता तथ्याङ्क प्रतिवेदन"को विश्लेषणअनुसार, अपाङ्गता भएका व्यक्तिहरूमध्ये सबैभन्दा बढी साक्षर दृष्टिसम्बन्धी अपाङ्गता भएका समूहमा देखिन्छ।

पूर्ण दृष्टिविहीनमध्ये ६३.३% साक्षर छन्। यस समूहमा ७०.४% पुरुष र ५६.३% महिला साक्षर छन्। बौद्धिक अपाङ्गता भएका व्यक्तिहरू सबैभन्दा कम साक्षर देखिएका छन् — यस समूहमा जम्मा २०.४% मात्र साक्षर छन्। प्रतिवेदनअनुसार यस समूहमा २२.८% पुरुष र १७.८% महिला साक्षर छन्। त्यसैगरी, शारीरिक अपाङ्गता भएका मध्ये ५९.९% साक्षर छन्। यस समूहमा ६८.३% पुरुष र ४७.८% महिला साक्षर छन्। न्यून दृष्टि भएकामध्ये ४४.६% साक्षर छन्, जसमा ५९.६% पुरुष र ३०.५% महिला छन्। श्रवणविहीनता भएका व्यक्तिहरूको साक्षरता दर ४०.४% छ, जसमा पुरुष ५०.५% र महिला २९.२% छन्। सुस्त श्रवण भएका व्यक्तिहरूमध्ये ४१.५% साक्षर छन्, जसमा ५४.३% पुरुष र २८.४% महिला छन्। सुनाइसम्बन्धी अपाङ्गता भएका व्यक्तिहरूमध्ये ४४.९% साक्षर छन्, जसमा पुरुष ५६.१% र महिला ३२.४% छन्।

स्वर तथा बोलाइसम्बन्धी अपाङ्गता भएका व्यक्तिहरूको साक्षरता दर ३८.८% छ, जसमा पुरुष ४४.५% र महिला ३१.४% छन्। मानसिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूमध्ये ४६.३% साक्षर छन्, त्यसमा ५३.९% पुरुष र ३७.७% महिला पर्दछन्। हेमोफिलिया भएका व्यक्तिहरूको साक्षरता दर ६६.१% छ, जसमा ७६.७% पुरुष र ५६.४% महिला छन्। अटिजम भएका व्यक्तिहरूमध्ये ३०.४% साक्षर छन्, जसमा पुरुष ३८.८% र महिला २३.६% छन्। त्यस्तै, बहुअपाङ्गता भएका व्यक्तिहरूमध्ये ४७.९% साक्षर छन्, जसमा पुरुष ५३.१% र महिला ४१.१% छन् (हिमालयन टाइम्स, २०२४)।

शिक्षाको स्तर	**सङ्ख्या**	**प्रतिशत**
निरक्षर	५२	२६
साक्षर	२५	१२.५
प्राथमिक तह (कक्षा १ देखि ८)	२०	१०
माध्यमिक तह (कक्षा ९ देखि १२)	६९	३४.५
स्नातक तह	३२	१६
स्नात्तकोत्तर र सोभन्दा माथि	२	१
कुल	२००	१००

तालिकाको व्याख्या : अधिकांश (३४.५%) उत्तरदाता ले माध्यमिक तहसम्म अध्ययन पूरा गरेका छन्। २६% निरक्षक देखिएका छन्। १६% ले स्नातक तह पूरा गरेका छन्, १२.५% साक्षर मात्र रहेका छन्। १०% सहभागीहरूले प्राथमिक तह पूरा गरेका छन्। १% सहभागले मात्र स्नातकोत्तर वा सोभन्दा माथिको शिक्षा हासिल गरेका छन्।

सङ्घसंस्थाको सदस्यता

सदस्यता	सङ्ख्या	प्रतिशत
राजनीतिक दल	६	२.३१
बचत समूह वा सहकारी	५१	१९.६२
गैरसरकारी संस्था	१०	३.८५
अपाङ्गता भएका व्यक्तिहरूका संस्था	१६४	६३.०८
सदस्यता नभएका	२९	११.१५
विभिन्न संस्थामा कुल सदस्यता	२६९	१००

तालिकाको व्याख्या : यो एकभन्दा धेरै उत्तर दिन मिल्ने प्रश्न थियो। कुल २०० सहभागीमध्ये, केही सहभागीले एकभन्दा धेरै सङ्घसंस्थामा सदस्य रहेको बताएका थिए। ६ जनाले राजनीतिक दलको सदस्य, ५१ जनाले बचत समूह वा सहकारीमा सदस्य, १० जनाले गैरसरकारी संस्थामा सदस्य र १६४ जनाले अपाङ्गता भएका व्यक्तिहरूको संस्थामा सदस्य रहेको बताएका थिए। २९ जनाले कुनै पनि संस्थामा सदस्य नरहेको बताएका थिए।

रोजगारको स्थिति

यस अध्ययनका सहभागीहरूलाई रोजगारीबारे पनि सोधिएको थियो। ७७% ले बेरोजगार रहेको, ६% ले स्वरोजगारीमा रहेको, ५.५% ले सरकारी जागिरमा रहेको र ५.५% निजी क्षेत्रमा काम गरिरहेको बताएका थिए। ५%ले राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामा कार्यरत रहेको र १% ले अन्य प्रकारका रोजगारीमा रहेको बताएका थिए।



ग्राफ चार्टको व्याख्या : विभिन्न प्रदेशमा सर्वेक्षणमा सहभागी उत्तरदाताको रोजगारको स्थिति

चित्रमा भएका अंग्रेजीको नेपाली उल्था

Employment status in provinces	प्रदेशअनुसार रोजगारको स्थिति	Gandaki	गण्डकी
Karnali	कर्णाली	Koshi	कोशी
Madhesh	मधेश		
Government jobs	सरकारी जागिर	INGO/NGO jobs	राष्ट्रिय/अन्तर्राष्ट्रिय गैसस
Other	अन्य	Private Sector jobs	निजी क्षेत्रमा जागिर
Self-employed	स्वरोजगार		

रोजगार नभएको बताएका सहभागीहरूमध्ये, ४०%ले आफू गृहिणी भएको बताएका छन्। ३६% विद्यार्थी रहेका छन्। १९% ले आफू काम गर्न नसक्ने र ५% ले अवकाशप्राप्त भएको बताएका छन्। आयको स्रोत छ

कि छैन भन्ने प्रश्नमा, ६४% ले कुनै आय स्रोत नभएको र ३६% ले केही आय स्रोत रहेको बताएका छन्। रोजगार नभएका सहभागीलाई आयका विभिन्न स्रोतबारे सोध्दा ३८.८% ले अपाङ्गता भत्ता, ३२.५% ले परिवारबाट आर्थिक सहयोग, १९.४% ले छात्रवृत्ति र ९.४% ले कार्यक्रम सहभागिताबाट भत्ता पाउने गरेको बताएका छन्।

न्याय संयन्त्रसम्बन्धी ज्ञान

अनुसन्धानका सहभागीलाई महिला र अपाङ्गता भएका व्यक्तिहरूका अधिकार सुनिश्चित गर्ने अन्तर्राष्ट्रिय र राष्ट्रिय कानुनी संयन्त्रहरूबारे थाहा छ वा छैन भनेर सोधिएको थियो। सहभागीहरूले अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी महासन्धि (सीआरपीडी), अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन (एआरपीडी), महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्नेसम्बन्धी महासन्धि (सीईडीएडब्लु) का बारेमा बताएका थिए।

कानुनी व्यवस्थाको ज्ञान

प्रदेश	सीआरपीडी	सीईडीएडब्लु	एआरपीडी	कुनै पनि थाहा छैन
गण्डकी	३७	२५	३४	१४
कर्णाली	३५	१८	२२	९
कोशी	१५	२	१८	२६
मधेश	११	२	२	३९

तालिकाको व्याख्या: सहभागीहरूलाई न्यायिक संयन्त्र र कानुनी व्यवस्थाको ज्ञानबारे सोधिएको थियो, र धेरै सहभागीहरूमा सीआरपीडी बारेमा ज्ञान रहेको देखिन्छ, जसमा गण्डकीबाट ३७, कर्णालीबाट ३५, कोशीबाट १५ र मधेशबाट ११ जनाले यसबारे ज्ञान रहेको बताएका थिए। सीईडीएडब्लुबारे गण्डकीका २५, कर्णालीका १८, कोशीका २, र मधेशका २ जनामा ज्ञान रहेको देखिन्छ। एआरपीडीबारे गण्डकीका ३४, कर्णालीका २२, कोशीका १८, र मधेशका २ जनाले थाहा भएको बताएका छन्। कुनै पनि कानुनी व्यवस्थाबारे जानकारी नभएको बताउने सहभागीहरू गण्डकीका १४, कर्णालीका ९, कोशीका २६, र मधेशका ३९ जना रहेका छन्।

माथि प्रस्तुत तालिकालाई तुलना गरी हेर्दा, मधेश प्रदेशका सहभागीहरू कानुनी व्यवस्थाबारे खासै जानकार नरहेको देखिन्छ। गण्डकी प्रदेशका सहभागीहरू धेरै जानकार छन्। हाम्रो अनुसन्धानबाट पनि यही कुरा देखिएको छ — मधेश प्रदेशमा अपाङ्गता भएका महिलाहरूको न्यायसम्मको पहुँच अरू प्रदेशहरूको तुलनामा धेरै कठिन छ।

प्रदेशअनुसार न्यायसम्बन्धी ज्ञानबारे बुझाउन सजिलो होस् भनेर तल तालिका चित्र प्रस्तुत गरिएको छ। यस तथ्याङ्कअनुसार मधेश प्रदेशका अपाङ्गता भएका महिलाहरूमा कानुनी व्यवस्थाबारे सबैभन्दा कम ज्ञान रहेको देखिन्छ।



सेवाप्रदायकबारे ज्ञान

हामीले सहभागीहरूलाई नेपालको न्याय संयन्त्रभित्रका विभिन्न सेवाहरूबारे थाहा छ कि भनेर पनि सोधेका थियौँ।



चित्रको व्याख्या : हामीले सहभागीहरूलाई उनीहरूका प्रदेशका न्याय सेवाबारे जानकारी छ वा छैन भनेर सोधेका थियौँ, र त्यसपछि कुन–कुन व्यवस्थाबारे थाहा छ भनेर सोधिएको थियो। यो एकभन्दा बढी उत्तर आउने प्रश्न भएकाले कुल ४६२ उत्तर प्राप्त भएका थिए। ८२ जना सहभागीहरू अपाङ्गता भएका महिलालाई जबर्जस्ती करणी गर्ने व्यक्तिलाई थप ५ वर्ष कैद सजाय हुने व्यवस्थाबारे जानकार थिए। ६४ जनालाई सरकारी वकिलको कार्यालयबाट निःशुल्क कानुनी सहायता उपलब्ध हुने, १०८ जनालाई प्रत्येक वडामा परिवार र छिमेकीसँगको विवाद समाधान गर्न सहयोग गर्ने मेलमिलाप सहजकर्ता रहने, १०३ जनालाई प्रत्येक नगरपालिका र गाउँपालिकामा साना कानुनी मुद्दाहरू समाधान गर्न न्यायिक समिति रहने, ७३ जनालाई अधिकांश प्रहरी चौकीमा लैङ्गिक हिंसाबारे उजुरी लिने महिला सेल हुने, ३२ जनालाई ठूला अस्पतालहरूमा एकद्वार सङ्कट व्यवस्थापन केन्द्रले स्वास्थ्य सेवा दिने र आवासगृहमा पठाउने भन्ने थाहा रहेको थियो। ५५ जना सहभागीलाई कुनै पनि कानुनी व्यवस्थाबारे ज्ञान थिएन।

तलको ग्राफ चित्रमा प्रदेशअनुसारसहभागीहरूको न्याय खोजी गर्नेसम्बन्धी ज्ञानको स्थिति देखाइएको छ।



हिंसाको अनुभव

सहभागीहरूलाई परिवार, समुदाय, काम गर्ने ठाउँ वा सार्वजनिक स्थानमा हिंसा भोगे नभोगेको कुरा सोधिएको थियो। ७९% ले हिंसा भोगेको र २१% ले हिंसा नभोगेको कुरा बताएका थिए।

यससम्बन्धी विस्तृत विवरण तलको तालिकामा देखाइएको छ, जहाँ गण्डकी प्रदेशका १६ जनाले हिंसा नभोगेको र ३४ जनाले भोगेको बताएका छन्। कर्णाली प्रदेशमा ५ जनाले हिंसा नभोगेको र ४५ जनाले भोगेको बताएका छन्। कोशी प्रदेशमा ३ जनाले हिंसा नभोगेको र ४७ जनाले भोगेको बताएका छन्। मधेश प्रदेशमा १८ जनाले हिंसा नभोगेको र ३२ जनाले भोगेको बताएका छन्।

प्रदेस	हिंसा भोगेको अनुभव		कुल
	नभोगेको	भोगेको	
गण्डकी	१६	३४	५०
कर्णाली	५	४५	५०
कोशी	३	४७	५०
मधेश	१८	३२	५०
	४२	१५८	२००

अनुभव गरिएका हिंसाको प्रकार

सहभागीहरूलाई उनीहरूले कस्तो हिंसा भोगेका थिए भनी सोधिएको थियो। धेरै सहभागीले माथि उल्लिखित सबै ठाउँ (परिवार, समुदाय, काम गर्ने ठाउँ र सार्वजनिक स्थान) मा शारीरिक हिंसा, यौन हिंसा र अपाङ्गतामा आधारित भेदभाव भोगेको बताएका थिए। कतिपय सहभागीले बाल्यकालमा माया र हेरचाहको कमी, गुणस्तरीय शिक्षा पाउन नसकेको, सम्पत्ति अधिकार नपाएको, बाहिर हिँडडुलमा प्रतिबन्ध र आर्थिक सशक्तीकरण हुन नपाएकाजस्ता कुरा बताएका छन्। केही सहभागीहरूले काम गर्ने ठाउँमा अरू व्यक्तिसरह समान ज्याला नपाएको पनि बताएका छन्।

- **परिवारमा हिंसा** : ६३.५% सहभागीहरूले परिवारमा कुनै हिंसाको नभोगेको र ३६.५% ले भोगेको बताएका छन्।

- **समुदायमा हिंसा** : ५०% सहभागीहरूले समुदायबाट कुनै हिंसा नभोगेको र अर्को ५०% ले भोगेको बताएका छन्।
- **काम गर्ने ठाउँमा हिंसा** : ५३.५% सहभागीहरूले कुनै ठाउँमा काम नगर्ने, ३७% सहभागीले काम गर्ने ठाउँमा हिंसा नभोगेको र ९.५% ले भोगेको बताएका छन्।
- **सार्वजनिक स्थानमा हिंसा** : यसबारे जवाफ दिने कुल ९३ जना सहभागीमध्ये ८७.०९% ले सार्वजनिक स्थानमा हिंसा भोगेको र १२.९१% ले नभोगेको बताएका छन्।

तलको तालिका चित्रले सहभागीहरूले भोगेको हिंसाको मात्रा र प्रकारलाई देखाउँछ।



चित्रको व्याख्या : माथिको चित्रले सहभागीहरूले भोगेको हिंसाको प्रकार र ठाउँ (समुदाय, परिवार, सार्वजनिक स्थान, काम गर्ने ठाउँ) देखाउँछ। अपाङ्गतामा आधारित सबैभन्दा बढी भेदभाव समुदायमा (९३ जना) र सार्वजनिक स्थानमा (७३ जना) देखिएको छ।

समुदायस्तरमा ६६ जनाले यौन हिंसा भोगेको र २६ जनाले शारीरिक हिंसा भोगेको बताएका छन्। धेरै सहभागीहरूले परिवारभित्र विभिन्न प्रकारका हिंसा भोगेको बताएका छन्। ३८ जनाले यौन हिंसा, २५ जनाले बाहिर हिँडडुलमा प्रतिबन्ध, १४ जनाले शारीरिक हिंसा, ११ जनाले माया तथा हेरचाहको कमी, २१ जनाले आर्थिक सशक्तीकरणमा अवरोध, ४८ जनाले अपाङ्गतामा आधारित भेदभाव, २२ जनाले सम्पत्ति अधिकार नपाएको र १६ जनाले गुणस्तरीय शिक्षामा अवरोध भोगेको बताएका छन्। सार्वजनिक स्थानमा २७ जनाले यौन हिंसा र २ जनाले शारीरिक हिंसा भोगेको बताएका छन्। काम गर्ने ठाउँमा ६ जनाले यौन हिंसा, १ जनाले शारीरिक हिंसा र १६ जनाले अपाङ्गतामा आधारित भेदभाव र २ जनाले अपाङ्गताका कारण समान ज्याला नपाएको बताएका छन्।

तल प्रस्तुत घटना अध्ययनले कसरी अपाङ्गता भएका महिला तथा बालबालिकाहरू परिवार र समुदायभित्र हुने विभिन्न प्रकारका हिंसाप्रति एकदमै असुरक्षित हुन्छन् भनी देखाउँछ।

घटना अध्ययन दुई: परिवारभित्र यौन हिंसा (कर्णाली प्रदेश)

बिमला (परिवर्तित नाम) ११ वर्षीया दलित समुदायकी बौद्धिक अपाङ्गता भएकी बालिका हुन्। गरिब परिवारमा जन्मिएकी उनी सानै छँदा उनका आमा र बुबा अलग भएका थिए। आमा अर्कोसँग गएकी कारण बिमला बुबा र दाजुको रेखदेखमा बस्न थालिन्। पछि उनकी आमा आएर उनलाई सौतेनी बाबुसँगै बस्ने गरी लिएर गइन्। आमा घर खर्च चलाउन अर्काको घरमा काम गर्थिन् र सो समयमा बिमला प्रायः घरमा एक्लै हुन्थिन्। एक दिन काम सकेर घर फर्केकी आमाले बिमलालाई असामान्य अवस्थामा पाइन्। बिमला रोइरहेकी

थिइन् र इशारा गरेर केही कुरा भन्न खोजिरहेकी थिइन्। आमाले उनलाई अस्पताल लगिन् र यौन दुर्व्यवहार भएको सङ्केत देखिएपछि उनलाई एकद्वार सङ्कट व्यवस्थापन केन्द्रमा पठाइयो। बिमला बौद्धिक अपाङ्गता भएकीले पीडक पहिचान गर्न सजिलो भएन। तर छिमेकीहरूले सौतेनी बाबुले यो कुकर्म गरेको थाहा पाएका थिए र उनीहरूले प्रहरीलाई सोही कुरा बताए। प्रहरीले सौतेनी बाबुलाई नियन्त्रणमा लियो। तर आमाले उजुरी हाल्न मानिनन्। बिमलालाई ४ महिनासम्म सुरक्षित आवासगृह (सेफ हाउस) मा राखियो। सुरक्षित आवासगृहले जन्म दिने बुवालाई बोलायो। अहिले बिमला आफ्ना बुबा र विवाह भइसकेका दाजुसँग बस्दै आएकी छिन्।

घटना अध्ययन तीन: लामो समयसम्म धेरै जनाबाट यौन शोषण (गण्डकी प्रदेश)

निशा (परिवर्तित नाम) १५ वर्षीया जनजाति समुदायकी किशोरी हुन्। उनी जन्मँदादेखि नै न्यून दृष्टि भएर जन्मिएकी थिइन्। पाँच सन्तानमध्ये उनी घरकी कान्छी छोरी थिइन्। उनका आमा र बुबा मजदुरी गरेर परिवार चलाउँथे। आमा र बुबा सधैँ रक्सी खाने गर्दथे। निशाका आमाबुबाले निशालाई नजिकैको होटलमा काम गर्न पठाए, तर त्यहाँ उनको अवस्था र सुरक्षाबारे कुनै चासो राखेनन्। निशा काम गर्ने ठाउँ रक्सी र मासुका परिकार बिक्री गर्ने होटल थियो। त्यहाँ आउने ग्राहकहरूले निशामाथि यौन दुर्व्यवहार गर्न थाले। करिब एक वर्षभन्दा बढी समयसम्म उनी धेरै व्यक्तिहरूबाट यौन शोषणमा परिरहिन्। समुदायका अगुवाहरूले त्यहाँ केही गलत भइरहेको थाहा पाएपछि कोपिला नेपाल नामक संस्थाले सञ्चालन गरेको पुनर्स्थापना केन्द्र (सेल्टर होम)लाई खबर गरे। पुनर्स्थापना केन्द्रले निशालाई उद्धार गर्‍यो। लामो समयसम्म धेरै जनाबाट भएको यौन शोषणका कारण निशाको यौन अङ्गमा गम्भीर सङ्क्रमण भइसकेको थियो। उनमा यौन लतका लक्षणहरू पनि देखिएका थिए। उनी प्रायजसो हस्तमैथुन गर्थिन् वा पुनर्स्थापना केन्द्रका कर्मचारीलाई आफ्नो गुप्ताङ्ग सुमसुम्याइदिन भन्थिन्। अहिले उनले पुनर्स्थापना केन्द्रमा नियमित शारीरिक र मानसिक उपचार पाइरहेकी छिन्, र उनको स्वास्थ्यमा सुधार आइरहेको छ। तर पुनर्स्थपना केन्द्र कसरी कानुनी प्रक्रिया अघि बढाउने भन्ने दोधारमा छ।

कानुनअनुसार उजुरी दर्ता गर्न अपराधी पहिचान हुनु आवश्यक हुन्छ। तर न्यून दृष्टियुक्त नाबालिका भएकी कारण निशाले आफूमाथि यौन शोषण गर्ने व्यक्तिहरू सम्झन वा पहिचान गर्न सकेकी छैनन्।

परिवार र समुदायको हेर्ने दृष्टिकोण

अपाङ्गता भएका व्यक्तिहरूको जीवनमा परिवारको भूमिका अत्यन्तै महत्वपूर्ण हुन्छ। गरिबीमै पनि परिवारको दृढ इच्छाशक्ति भएमा ठूलो फरक पार्न सकिन्छ। तर धेरैजसो अवस्थामा परिवारहरूले अपाङ्गता भएका व्यक्तिलाई स्वीकार गर्दैनन् वा साथ सहयोग दिँदैनन्, जसले गर्दा उनीहरूको सङ्घर्षलाई झन् बढाउँछ। समुदायमै पनि विभेदपूर्ण हेराइले अपाङ्गता भएका महिलाहरूलाई अझ बढी सीमान्तीकरणतर्फ धकेल्छ। सचेतना र बुझाइको कमीका कारण अपाङ्गता भएका महिलाहरूले परिवार र समुदाय दुवैबाट उपेक्षा र दुर्व्यवहार भोग्नुपर्ने अवस्था रहेको हुन्छ।

"अपाङ्गता भएका महिला घरभित्र र समुदायमै हिंसामा पर्न सक्ने उच्च जोखिममा हुन्छन्। उनीहरूको कुरामा विश्वास गरिँदैन भन्ने धारणा र उनीहरूले प्रतिवाद गर्न सक्दैनन् भन्ने सोचका कारण उनीहमाथि शोषणको जोखिम बढ्दछ। परिवारले स्वीकार नगर्नु नै अपाङ्गता भएका महिलाको पुनःस्थापना र सशक्तीकरणमा रहेको ठूलो अवरोध हो। यही सामाजिक अवरोधले अपाङ्गता भएका महिलाहरू समाजमा पूर्ण रूपमा सहभागी हुनबाट रोक्दछ।" – पुनर्स्थापना केन्द्र (सेल्टर होम) व्यवस्थापक, गण्डकी प्रदेश

हिंसापछि न्याय खोजीको प्रयास

सर्वेक्षणमा सहभागीहरूलाई आफूमाथि भएको हिंसाका घटनामा कहिल्यै न्याय खोज्ने प्रयास गरे नगरेको पनि सोधिएको थियो।



चित्रको व्याख्या : हिंसा भोगेका १५८ जना सहभागीमध्ये ६४% ले आफूले भोगेको अन्यायका घटनामा न्याय खोज्ने प्रयास नगरेको बताएका छन्। ३६% सहभागीहरूले मात्र न्याय खोजेको बताएका छन्।

न्याय खोज्ने क्रममा कुन–कुन सेवा प्रयोग गरियो भनेर सोध्दा ६१ जना सहभागीले मात्र जवाफ दिएका थिए। त्यसमा ९३.४% सहभागीहरूले प्रहरी कार्यालयको सहयोग लिएका, ३.३% ले वडास्तरको मेलमिलाप केन्द्रको सहयोग लिएको, १.६% ले पालिकास्थति न्यायिक समिति प्रयोग गरेको र १.६% ले एकद्वार सङ्कट व्यवस्थापन केन्द्रको सहयोग लिएको बताएका छन्। यसलाई तलको तालिकाबाट स्पष्ट देख्न सकिन्छ।

न्यायिक संयन्त्रभित्रबाट लिइएको सेवा	**सङ्ख्या**	**प्रतिशत**
वडा मेलमिलाप केन्द्र	२	३.३०
पालिका न्यायिक समिति	१	१.६०
प्रहरी कार्यालय	५७	९३.४०
एकद्वार सङ्कट व्यवस्थापन केन्द्र	१	१.६०

जम्मा	६१	१००

सहभागीहरूले आफूहरूले हिंसा भोग्दा प्रहरी कार्यालयमा गएर उजुरी गर्ने गरेको बताएका भए पनि एउटा घटना अध्ययनमा प्रहरीले नै महिलालाई उनको अपाङ्गका आधारमा भेदभाव गरेको र हिंसाबारे उजुरी दर्ता गर्न अस्वीकार गरेको देखाएको छ।

यस अनुसन्धानले अपाङ्गता भएका महिलाहरूले न्यायमा पहुँच पाउन धेरै किसिमका चुनौती र अन्तरविविध अवरोधहरू भोग्ने गरेको देखाएको छ। अपाङ्गता भएका केही महिलाले औपचारिक न्यायिक प्रक्रिया रोजे पनि, अधिकांश महिलाहरूले आफूले भोगेको हिंसाबारे उजुरी नगरेको सर्वेक्षणमा पाइएको छ।

यस अध्यायमा गुणात्मक तथ्याङ्कका नतिजा प्रस्तुत गरिएको छ। यो तथ्याङ्क चार प्रदेशमा न्याय संयन्त्रहरूमा काम गर्ने विभिन्न विज्ञसँग गरिएको मुख्य सूचनादाता अन्तर्वार्ताबाट सङ्कलन गरिएको हो। यी अन्तर्वार्ताहरू स्थलगत भ्रमणका क्रममा अनौपचारिक छलफलमार्फत गरिएको थियो।

अन्तर्वार्ता गरिएका न्याय संयन्त्रहरू :

१. एकद्वार सङ्कट व्यवस्थापन केन्द्र

२. सुरक्षित आवास गृह/पुनर्स्थापना केन्द्र

३. स्थानीय प्रहरी कार्यालय (महिला सेल)

४. जिल्ला अदालत

५. राष्ट्रिय बहिरा महासङ्घको कार्यालय

६. अपाङ्गता अधिकारकर्मीहरू

गुणात्मक तथ्याङ्कको विश्लेषण गर्दा अन्तर्वार्ताबाट प्राप्त जानकारीलाई विषयगत ढाँचामा प्रस्तुत गरिएको छ। विषयगत विवरणलाई अझ स्पष्ट बनाउन उपविषय र अन्तर्वार्ताका प्रत्यक्ष भनाइहरू समेत प्रयोग गरिएको छ।

अध्याय चार : नेपालको न्याय संयन्त्रमा रहेका अन्तरविविध अवरोधहरू Intersectional Barriers

न्यायमा पहुँच कानुनी शासनको आधारभूत सिद्धान्त हो जसले हरेक नागरिकको मौलिक अधिकार सुनिश्चित गर्दछ। न्यायमा पहुँच भन्नाले कानुनी सचेतना, कानुनी संरक्षण, मुद्दाको छिनोफानो, कानुनी सहायता, कानुनको कार्यान्वयन तथा नागरिक समाजको निगरानीको मेल हो। नेपालको संविधानको धारा २० ले नागरिकको मौलिक हकका रूपमा न्यायमा पहुँचको अधिकार सुनिश्चित गरेको छ (महिला, कानुन र विकास मञ्च, २०२४)।

यस अध्यायलाई विभिन्न खण्डमा विस्तार गरिएको छ। पहिलो खण्डमा न्याय पहुँचमा अवरोध खडा गर्ने चार किसिमका प्रमुख अवरोधहरू (१) संस्थागत तथा नीतिगत अवरोध (२) सामाजिक अवरोध (३) भौतिक अवरोध (४) सञ्चार अवरोधबारे छलफल गरिएको छ। दोस्रो खण्डमा, माथि यी अवरोधहरूलाई नेपालमा अपाङ्गता भएका महिलाहरूले न्याय खोज्ने क्रममा गरेका अनुभवहरूसँग जोडेर चर्चा गरिएको छ। अन्तिम खण्डमा, स्थानीय तहमा देखिएका राम्रा अभ्यासहरू र तिनले कसरी महिलाहरूलाई न्यायमा पहुँच सहज बनाउन मद्दत गरेका छन् भन्नेबारे छलफल गरिएको छ।

अपाङ्गता भएका महिलाको न्यायको पहुँचमा रहेका अन्तरविविध अवरोधहरूको विश्लेषण

अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धिको प्रस्तावनामा अपाङ्गता र अवरोधबीचको सम्बन्धलाई यसरी उल्लेख गरिएको छ: “अपाङ्गता एउटा नवीनतम अवधारणा हो जुन अपाङ्गता भएका

व्यक्तिहरू र धारणागत तथा वातावरणीय अवरोधहरू बीचको अन्तरक्रियाको परिणामस्वरूप उत्पन्न हुन्छ जसले अन्य व्यक्तिहरू सरह समान आधारमा समाजमा पूर्ण र प्रभावकारी ढङ्गमा सहभागी हुन बाधा गर्दछ।[1]"

यस महासन्धिले विश्वभर अपाङ्गतालाई बुझ्ने दृष्टिकोणमा आमूल परिवर्तन ल्याएको छ। यसअघि अपाङ्गतालाई केवल शारीरिक वा चिकित्सकीय अवस्थासँग मात्र जोडेर हेर्ने गरिन्थ्यो। यस परिभाषाले अपाङ्गता भएका व्यक्तिहरूको सीमान्तीकरण र जोखिमको मुख्य कारण उनीहरूको शारीरिक वा चिकित्सकीय अवस्था नभएर उनीहरूले सामना गर्ने अवरोधहरू हुन् भनी प्रस्ट देखाएको छ।

यसले अवरोधलाई कसरी बुझ्ने भन्ने विषयमा धारणागत स्पष्टता आवश्यक रहेको सङ्केत गर्दछ। विश्व स्वास्थ्य सङ्गठनले अवरोधलाई भौतिक बाधाभन्दा बाहिर निस्केर परिभाषित गरेको छ: "अवरोध भनेको व्यक्तिको वातावरणमा रहेका त्यस्ता तत्वहरू हुन् जसले, आफ्नो उपस्थित वा अनुपस्थितिमा, कार्यगत क्षमता सीमित बनाउँछ र अपाङ्गताको अवस्था निर्माण गर्छ।" अर्थात्, अवरोध भन्नाले त्यस्तो बाधा वा कुनै पनि कुरालाई बुझाउँछ जसले अपाङ्गता भएका व्यक्तिलाई समाजका सबै पक्षमा अन्य व्यक्ति सरह पूर्ण रूपमा सहभागी हुन रोक्छ।

अवरोधहरू दृश्य र अदृश्य हुन्छन्। दृश्य अवरोधहरूलाई सजिलै देख्न र चिन्न सकिन्छ। अदृश्य अवरोधहरू — सामाजिक लाञ्छना, भेदभाव र पूर्वाग्रह — सिधै देखिँदैनन्, तर अपाङ्गता भएका व्यक्तिले तिनलाई गहिरोसँग अनुभव गर्छन्। यस प्रतिवेदनमा हामीले दृश्य र अदृश्य दुवै प्रकारका अवरोधहरूलाई एकसाथ अध्ययन गरेका छौं। पहिले, अवरोधलाई शारीरिक र धारणागत गरी दुई समूहमा मात्र वर्गीकरण गरिएको थियो।

---

[1] अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि (un.org)

तर, दशकौँको अनुसन्धानपछि विद्वानहरूले यी अवरोधहरूलाई अहिले छ वर्गमा राखेका छन् : धारणागत, सञ्चारजन्य, शारीरिक, नीतिगत, कार्यक्रमगत, र सामाजिक ।[2]

तर, यस अनुसन्धान प्रतिवेदनले दस्ताबेजहरूको समीक्षा र अपाङ्गता भएका महिलाहरूले अनुभव गरेका अवरोधहरूका आधारमा चार प्रमुख अवरोधहरूमा ध्यान केन्द्रित गरेको छ: सामाजिक अवरोध, भौतिक अवरोध, सञ्चारजन्य अवरोध र संस्थागत तथा नीतिगत अवरोध। यी अवरोधहरूको परिभाषालाई तलको तालिकामा पनि प्रस्तुत गरिएको छ।

अवरोधका प्रकार	परिभाषा
संस्थागत तथा नीतिगत अवरोध	यी अवरोधहरू त्यतिबेला उत्पन्न हुन्छन् जब अपाङ्गता भएका व्यक्तिका अधिकार सं बनाइएका कानुन र नियमहरूको कार्यान्वयन वा त्यसप्रतिको सचेतना कम हुन्छ। यसम वा गैरसरकारी कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न आउने अवरोधहरू पनि
सामाजिक अवरोध	सामाजिक अवरोधहरू त्यस्ता अवस्थासँग सम्बन्धित हुन्छन् जहाँ मानिस जन्मिन्छन्, ह बाँच्छन्, सिक्छन्, काम गर्छन् र बुढ्यौलीतर्फ ढल्कन्छन्। यी सामाजिक परिस्थितिले अ भएका व्यक्तिहरूको क्षमतामा कमी ल्याउन सक्छ। यसमा समाजका समाजमा रहेका त पूर्वाग्रह र रूढिवादी धारणा पनि पर्छन् जसले अपाङ्गता भएका व्यक्तिको समाजका स पूर्ण रूपमा सहभागी हुन बाधा पुर्‍याउँछ।
भौतिक अवरोध	भौतिक अवरोध भनेका प्राकृतिक वा कृत्रिम रूपमा बनेका संरचनात्मक बाधाहरू ह

[2] CDC. (2019, September 4). *Disability and Health Disability Barriers | CDC*. Centers for Disease Control and Prevention. https://www.cdc.gov/ncbddd/disabilityandhealth/disability-barriers.html

	अपाङ्गता भएका व्यक्तिहरूलाई वरपरको वातावरणमा सहज हिंड्डुल गर्न वा पहुँ अवरोध पुर्‍याउँछ।
सञ्चारजन्य अवरोध	सञ्चारजन्य अवरोध भन्नाले अपाङ्गता भएका व्यक्तिहरूलाई सूचना प्राप्त गर्न वा अरूसँग संवाद गर्न कठिनाइ ल्याउने अवरोधहरू हुन्।

तालिकाको व्याख्या : यस तालिकाले विभिन्न प्रकारका अवरोधहरूलाई छुट्टाछुट्टै राखेर बुझ्न सजिलो हुने तरिकाले प्रस्तुत गरेको छ। तर यी अवरोधहरूले अलग-अलग काम गर्ने नभई आपसमा जोडिएर रहेका हुन्छन् र अपाङ्गता भएका महिलाहरूको अन्तरविविध पहिचानले यी अवरोधहरूलाई निर्माण गरेका हुन्छन्।

नेपालमा न्याय प्रणालीले सबै नागरिकलाई न्यायमा निष्पक्ष र चुस्त पहुँच दिनुपर्ने भए पनि विभिन्न अवरोधहरूले यसलाई रोकिरहेका छन्। यी अवरोधहरूमा संरचनागत र प्रणालीगत समस्यादेखि लिएर सामाजिक-आर्थिक र सांस्कृतिक तत्वहरूसम्म पर्दछन्। केही प्रमुख अवरोधहरूमा जटिल र ढिलो न्यायिक प्रक्रिया, कानुनी सेवामा सीमित पहुँच, भ्रष्टाचार तथा राजनीतिक हस्तक्षेप र अप्रभावकारी कानुनी सहायता प्रणाली पर्दछन्। यी अवरोधहरू अपाङ्गता भएका महिलाहरूका लागि झन् जटिल हुन्छन्। उनीहरूले महिला र अपाङ्गता भएका व्यक्ति दुवै पहिचानका कारण विभिन्न अवरोध सामना गर्नुपर्छ। यी अन्तरविविध अवरोधहरूले न्यायमा पहुँचलाई अझ कठिन बनाइदिन्छ।



चित्रको व्याख्या : माथिको चित्रले अपाङ्गता भएका महिलाहरूले सामना गर्ने चार प्रकारका अवरोधहरू देखाउँछ: सामाजिक अवरोध, भौतिक अवरोध, सञ्चारजन्य अवरोध र संस्थागत तथा नीतिगत अवरोध। यसभित्र जातजाति, यौनिकता, वैवाहिक स्थिति, शिक्षा, धर्म, रोजगारी, उमेर, बसोबासको स्थान र सामाजिक पूँजीजस्ता अन्तरविविध तत्वहरू रहेका छन्।

संस्थागत तथा नीतिगत अवरोधहरू

यस खण्डमा नेपालका न्याय संयन्त्रमा रहेका संस्थागत तथा नीतिगत अवरोधहरूबारे चर्चा गरिएको छ।

शक्ति तथा अधिकारको असन्तुलन

नेपाल सङ्घीयतामा गएपछि शक्ति तथा अधिकारको असन्तुलन देखा परेको छ। स्थानीय तहसँग राष्ट्रिय नीतिहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि पर्याप्त स्वायत्त अधिकार र स्रोतहरू छैनन्। स्थानीय तहका निकायहरू केन्द्रीय सरकारको निर्णयको पर्खाइमा बस्नुपर्ने अवस्थाले सेवा प्रवाहमा ढिलाइ हुन्छ। नीतिहरूलाई वास्तविक कार्यक्रममा रूपान्तरण गर्न नसक्दा सङ्घीय नीति र स्थानीय कार्यान्वयनबीच दूरी निर्माण गरेको छ।

"सङ्घीयतामा ठूलो अन्तर छ। स्थानीय तहलाई एकल जिम्मेवारी दिइए पनि पर्याप्त अधिकार दिइएको छैन। नीति तयार भएपछि त्यसलाई कार्यान्वयन गर्न केन्द्रीय सरकारको निर्देशन पर्खनुपर्ने अवस्था छ। स्थानीय तहसँग पर्याप्त बजेट नहुँदा के गर्ने र के नगर्ने भन्ने दोधार हुन्छ। उनीहरूसँग अपाङ्गता भएका व्यक्तिहरू लक्षित क्रियाकलापका लागि बजेट पनि पर्याप्त छैन। कोशी प्रदेशमा अपाङ्गता भएका व्यक्तिसँग सम्बन्धित विषयलाई सामाजिक विकास मन्त्रालयले हेर्छ।" – अपाङ्गता अधिकारकर्मी, कोशी प्रदेश

नीतिनिर्माता र मन्त्रीहरू बारम्बार फेरिँदा पैरवीका प्रयासहरूमा बाधा आउँछ। नयाँ आउने कर्मचारीले पहिलेका प्रयासहरूलाई प्राथमिकता दिँदैनन्। यस अस्थिरताले अपाङ्गता भएका व्यक्तिहरूको पहुँचयुक्तता र न्याय सुनिश्चितमा निरन्तर प्रगति गर्न सकिँदैन।

"अपाङ्गतासम्बन्धी जिम्मेवारी विभिन्न मन्त्रालयमा सर्ने (सामाजिक विकासबाट शिक्षा र अहिले खेलकुद तथा सामाजिक कल्याणमा) गरेको देखिन्छ, जसले नीति निर्माणका प्रयासलाई खण्डित बनाएको छ र अपाङ्गता भएका व्यक्तिको आवश्यकतालाई एकै किसिमले सम्बोधन हुन सकेको छैन।" – अपाङ्गता भएका व्यक्ति, मधेश प्रदेश

अस्पष्ट नीतिगत भाषा

अपाङ्गता र लैङ्गिकतासम्बन्धी नीतिहरू प्रायः त्यति स्पष्ट हुँदैनन् र अपाङ्गता भएका महिलाहरूको आवश्यकताप्रति त्यति धेरै केन्द्रित पनि छैनन्। बजेटमा अपाङ्गता भएका महिलाहरूको न्यायमा पहुँच सुनिश्चित गर्ने व्यवस्था नहुनुले यस अन्तरलाई देखाउँछ। प्रदेशस्तरमा समावेशी नीति निर्माणका प्रयास भए पनि स्थानीय तहमा वास्तविक कार्यान्वयनमा प्रायः एकरूपता हुँदैन। नीतिहरूको कार्यान्वयनमा स्थानीय नेतृत्ववर्गको राजनीतिक इच्छाशक्तिले महत्वपूर्ण भूमिका खेल्छ, तर बारम्बार राजनीतिक परिवर्तन भइरहँदा निरन्तरता पाउन सक्दैन।

"गण्डकी प्रदेशले अपाङ्गता ऐनको मस्यौदा तयार गरेको भए पनि यसलाई अनुमोदन गरिसकेको छैन। यस ऐनले अपाङ्गता भएका महिलाहरूका लागि विभिन्न दस्तावेजमा रहेको अस्पष्ट नीतिगत भाषाबाट सिर्जित अन्तर घटाउन सहयोग गर्छ।" – अपाङ्गता अधिकारकर्मी, गण्डकी प्रदेश

प्रदेशअनुसार नीतिहरूको स्थिति

तलको तालिकाले प्रत्येक प्रदेशमा नीतिगत स्थिति र चुनौतीहरू देखाउँछ। यो तालिका घटना अध्ययन र मुख्य सूचनादातासँगको अन्तर्वार्ताबाट सङ्कलन गरेका जानकारीमा आधारित छ।

प्रदेश	नीति निर्माणको स्थिति	चुनौती
गण्डकी	❖ प्रदेशस्तरीय अपाङ्गता समन्वय समिति गठन गरिएको छ। ❖ अपाङ्गता अधिकारकर्मीहरूले सरोकारवालासँग परामर्श गरी गण्डकी प्रदेशको अपाङ्गता अधिकार ऐन निर्माणमा सहयोग गरेका छन्।	मसौदा नीति हाल प्रदेश सभामा पारित हुने प्रक्रियामा छ।
कोशी	❖ प्रदेशस्तरीय अपाङ्गता समन्वय समिति गठन गरिएको छ। ❖ अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम २०८० को निर्देशिका तयार गरिएको छ।	प्रदेशस्तरको अपाङ्गता विशेष नीति छलफलमा छ।
मधेश	अपाङ्गता समन्वय समिति र प्रदेशस्तरीय अपाङ्गता नीति बनाउन विभिन्न सरोकारवालासँग परामर्श गरिएको छ।	तालुक मन्त्रालय बारम्बार परिवर्तन हुँदा अपाङ्ग व्यक्तिहरूका लागि जिम्मेवारी पनि बदलिरहन्छ र यसले नीति कार्यान्वयनलाई अझ कठिन बनाएको छ।
कर्णाली	• प्रदेशस्तरीय अपाङ्गता समन्वय समिति गठन गरिएको छ। • अपाङ्गतालाई समावेश गरी प्रदेशस्तरको लैङ्गिक तथा सामाजिक समावेशी नीति बनाइएको छ।	प्रदेशस्तरको अपाङ्गता विशेष नीति छलफलमा छ।

	• अपाङ्गता रोकथाम तथा पुनर्स्थापना साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि (२०८१) तयार गरिएको छ।	

"अपाङ्गता भएका महिलाका लागि बजेट कहिल्यै छुट्याइएको छैन। यसलाई महिला विकाससम्बन्धी कोषमा वा अपाङ्गतासम्बन्धी कोषमा छुट्याउन सकिन्थ्यो, तर न्यायमा पहुँचको कुरा कसैको पनि दिमागमा आएको छैन। (बजेटको योजना प्रक्रियामा अपाङ्ग व्यक्तिहरूका सम्बन्धमा धेरै अस्पष्ट भाषा प्रयोग गरिएको छ र अपाङ्गता भएका महिलाका लागि कुनै शीर्षक छुट्याइएको छैन)। अर्को समस्या भनेको प्रदेशसँग कार्यान्वयन शक्ति नै नभएको हुँदा केही निर्णय लिन गाह्रो हुन्छ। हामी अझै न्यायमा पहुँचको कुरा गर्नबाट टाढा छौं किनकि कार्यक्रमहरू अझै पनि अपाङ्गतासँग सम्बन्धित आधारभूत विषयहरूमा मात्र केन्द्रित छन्। न्याय प्रणालीलाई समावेशी बनाउनेबारे कुनै छलफल नै भएका छैनन्।" — माया तिमल्सिना (सदस्य, योजना आयोग, गण्डकी)

अपाङ्गता भएका व्यक्तिहरूको न्यायमा पहुँचका सम्बन्धमा रहेका प्रणालीगत अवरोधहरू

कानुनी प्रक्रियामा रहेका अन्तरहरू

अपाङ्गता भएका व्यक्तिहरू, त्यसमा पनि विशेष गरी महिलाहरूको आवश्यकताको सम्बोधन गर्ने कानुनी प्रक्रियामा ठूलो अन्तर छ। यस अध्ययनले न्याय प्रणालीले प्रायः अपाङ्गता भएका व्यक्तिहरूको मुद्दालाई बेवास्ता गर्छ भन्ने देखाउँछ, विशेष गरी प्रभावित व्यक्ति बौद्धिक अपाङ्गता भएका, अटिजम भएका,

मनोसामाजिक अपाङ्गता भएका, श्रवण-दृष्टिविहीनता भएका व्यक्ति वा अन्य गम्भीर प्रकारका अपाङ्गता भएका व्यक्ति भएको अवस्थामा।

"आज न्याय विभाजनकारी छ। तपाईँ कुन पार्टीको हो, कुन जातको हो, कुन शहरको हो, त्यसमा न्याय निर्भर गर्छ। जसको व्यक्तिगत सम्बन्ध वा पहुँच छैन, उनीहरूका लागि गाह्रो छ। साँचो कुरा के भने कुनै पनि मुद्दामा हेर्ने कुरा कहाँसम्म पहुँच छ र कस्तो व्यक्तिगत सम्बन्ध छ त्यसमा निर्भर गर्छ, कुनै प्रणालीगत पद्धतिलाई हेरिन्न।" – अपाङ्ग अधिकारकर्मी, पोखरा

अर्को समस्या भनेको अपाङ्गता भएका व्यक्तिको अधिकारलाई सम्बोधन गर्ने स्पष्ट निर्देशिका र कानुन नहुनु हो, विशेष गरी न्यायपालिका, सम्पत्ति अधिकार र लैङ्गिक हिंसाका सम्बन्धमा। यसले अपाङ्गता भएका महिलाको समग्र हुर्काइमा ठूलो प्रभाव पार्छ किनभने परिवारले उनीहरूलाई प्रायः दायित्वका रूपमा हेरेका हुन्छन् र सम्पत्ति अधिकारबाट वञ्चित गरिन्छन्।

"अपाङ्गता भएका महिलाहरू धेरै तहका सीमान्तीकरणमा पर्छन्। विवाह भएपछि धेरैको विवाह दर्ता हुँदैन। अपाङ्गता भएका महिलासँग विवाह गर्दा दाइजोको अपेक्षा धेरै राख्ने गरिन्छ। केही घटनामा, विवाहपछि ती महिलालाई बोक्सीको आरोप लगाइन्छ। समग्र न्याय संयन्त्र समावेशी छैन र कानुन निर्माताहरूको मानसिकता पनि अपाङ्गता भएका महिलाका सम्बन्धमा नकारात्मक छ।" – पुनर्स्थापना केन्द्र (सेल्टर होम) परामर्शकर्ता, जनकपुर

घटना अध्ययन चार: अपाङ्गता भएकी छोरीकी आमा (गण्डकी प्रदेश)

कोपिला (परिवर्तित नाम) मध्यम वर्गीय परिवारकी ३५ वर्षीया जनजाति महिला हुन्। उनको हङकङमा आफन्त थिए। विद्यालयको पढाइ सकिएपछि परिवारलाई टेवा दिन र भविष्यका लागि पैसा कमाउन उनी हङकङ गइन्। त्यहाँ उनी एक पुरुषसँग प्रेममा परिन्। दुवैले भविष्य निर्माणको योजना बनाउन थाले। कोपिलाले

घर किन्न आफूले बचत गरेको ठूलो रकम खर्च गरिन्। अन्ततः उनीहरूले विवाह गरे। विवाहपछि मात्र कोपिलाले उक्त पुरुषको पहिले नै श्रीमती र छोराछोरी रहेको थाहा पाइन्। पहिलो श्रीमतीलाई ती पुरुषले धेरै शारीरिक तथा मानसिक दुर्व्यवहार गरेका थिए, तर कोपिलालाई यसबारे थाहा थिएन। कोपिलालाई पनि सासु ससुराले निको मान्दैनथे। गर्भावस्थाको समयमा उनले श्रीमान् र घरका अन्य सदस्यबाट निकै मानसिक र शारीरिक दुर्व्यवहार भोग्नु पर्‍यो। घरका मान्छेले छोरा जन्माउनु, छोरा छैन भने गर्भपतन गर्नु भनी दबाब दिन्थे। तर पनि कोपिलाले गर्भलाई जोगाइन् र छोरी जन्माइन्। त्यसपछि परिवारमा दुर्व्यवहार अझ बढ्यो। छोरीको विकास सुस्त थियो र छोरी बेलाबेलामा मुर्छा पर्थिन्। कोपिलाले निकै दुःख झेल्नुपर्‍यो र पछि आफ्ना आमाबुबाको सहयोग लिएर उनले छोरीलाई अस्पताल लगिन्। छोरीलाई सेरेब्रल पाल्सी भएको थाहा भयो। त्यसपछि श्रीमानको शारीरिक र मानसिक दुर्व्यवहार अझ बढ्दै गयो। एकदिन ठूलो झगडा भयो र कोपिला छिमेकीको घरमा शरण लिन पुगिन्। छिमेकीको सहयोगमा उजुरी दर्ता गर्न खोजिन्। तर प्रहरीले "तपाईँको शरीरमा कुनै घाउचोट देखिँदैन" भन्दै उजुरी लिन मानेन। कोपिलाले त्यसपछि छोरीसँगै पुनर्स्थापना केन्द्र (सेल्टर होम)मा शरण लिइन्। त्यहाँ बसेर न्याय खोजिन्। पुनर्स्थापना केन्द्रका अधिकारकर्मीहरूले प्रहरीको पक्षपातपूर्ण व्यवहारबारे आवाज उठाए र घरेलु हिंसाको मुद्दा दर्ता गर्न सहयोग गरे। त्यसपछि सम्बन्धविच्छेदको मुद्दा दर्ता भयो। कोपिलाले न्याय पाउन धेरै सङ्घर्ष गरिन्। अदालतले सुनुवाइका मितिहरू अन्तिम समयमा तोक्थ्यो। कोपिला सुनुवाइका लागि छोरीलाई लिएर लामो यात्रा तय गर्थिन् र कतिपटक त अदालतमा पुगिसकेपछि सुनुवाइ रद्द पनि भएको थियो। बल्लतल्ल उनी सम्बन्धविच्छेद गर्न सफल भइन्। अहिले उनले छोरीको पालनपोषणका लागि मासिक ८,००० रुपैयाँ पाउँछिन्। उनले सम्बन्धविच्छेदपछि पाउने पैसा पाइन् र त्यसलाई बचतमा राखेकी छिन्। पुनर्स्थापना केन्द्र बस्दा कोपिलाले परामर्शकर्ताको तालिम पनि लिइन्। अहिले उनी त्यही पुनर्स्थापना केन्द्रमा आया (हाउस मदर) को काम गर्दै यौन दुर्व्यवहार भोगेका किशोरीहरूको हेरचाह गर्दैछिन्।

घटना अध्ययन पाँच: बहुअपाङ्गता भएकी महिलामाथि यौन दुर्व्यवहार (कोशी प्रदेश)

कला बहुअपाङ्गता भएकी १७ वर्षीया महिला हुन्। उनी सानो कदकी छिन् र उनमा बौद्धिक अपाङ्गता पनि छ। उनी आमासँगै बस्दै आएकी थिइन्। उनकी आमाले दैनिक गुजारा चलाउन घरेलु कामदारको रूपमा काम गर्थिन्। आमा काममा गएको समयमा, एउटा छिमेकीले कलालाई बलात्कार गरे। कलाका रोजगारदाता संवेदनशील र दयालु मानिस थिए। उनीहरूले कलासँग पक्कै केही गलत भएको छ भन्ने थाहा पाइहाले। उनीहरूले उजुरी दर्ता गर्न कलालाई सहयोग गरे। प्रहरीले बोलाइयो,अन्य छिमेकीहरूले आक्रोश देखाउँदै पीडकको घर जलाउने प्रयास गरे। कलालाई सुरक्षित आवासगृह (सेफहाउस) पठाइयो। तर सुरक्षित आवासगृहमा कलाको पुनर्स्थापनामा सहयोग गर्ने पर्याप्त भौतिक संरचना र मानव स्रोत थिएनन्। उनी प्रायः एक्लै हुन्छिन् र सुरक्षित आवासगृहमा पनि एक्लो भइन्। पीडाका कारण कसैले हानि गर्न लागिरहेका छन् भन्ने ठानेर उनी आवासगृहका अन्य मानिसहरूप्रति हिंसात्मक व्यवहार देखाउँथिन्। अपाङ्गता अधिकारकर्मीहरूले यो घटनालाई कानुनी कारबाहीका लागि अघि बढाए र पीडकलाई ८ वर्षको जेल सजाय भयो। तर कला अझै पनि कठिन परिस्थितिमा छिन्। सुरक्षित आवासगृहले उनलाई लामो समय राख्न सक्दैन। उनलाई आमासँग नै पुनर्स्थापना गराउन चाहन्छ, तर उनकी आमा छोरी सुरक्षित आवासगृहमा नै रहोस् भन्ने छ। कलाकी आमाले कलाको नाममा अपाङ्गता भत्ता खाँदै आएको कुरा सामाजिक कार्यकर्ताहरूले अध्ययन टोलीलाई बताएका छन्।

न्याय प्रक्रियामा मद्दत गर्नेहरू	**सङ्ख्या**	**प्रतिशत**
परिवार	५	३६
साथी	२	१४
प्रहरी	६	४३
शिक्षक	१	७

कुल	१४	१००

तालिकाको व्याख्या : सहभागीहरूलाई न्याय खोज्नमा कसैले सहयोग गरेको छ कि छैन भनेर सोध्दा १४ जनाले मात्र उत्तर दिएका थिए। तीमध्ये ४३% ले प्रहरीबाट, ३६% ले परिवारबाट, १४% ले साथीहरूबाट र ७% ले शिक्षकहरूबाट सहयोग पाएको बताएका छन्।

पाएको सेवाबारे अनुभव	**सङ्ख्या**	**प्रतिशत**
नकारात्मक	२४	४२
सकारात्मक	३३	५८
कुल	५७	१००

तालिकाको व्याख्या : सहभागीहरूलाई न्याय प्रणालीका सेवा प्रयोग गर्दाको अनुभवको बारेमा सोध्दा ५७ सहभागीमध्ये ५८% (३३ जनाले) सकारात्मक र ४२% (२४ जनाले) नकारात्मक अनुभव भएको बताएका थिए।

नकारात्मक अनुभव बताउने सहभागीहरूले आफूहरूलाई अपाङ्गता कारण भेदभाव गरिएको बताएका थिए। सकारात्मक अनुभव भएका सहभागीहरूले विभिन्न अनुभवहरू बताएका थिए। हामीले केही सकारात्मक अनुभवहरूका विकल्पहरू दिएका थियौँ र सहभागीहरूलाई यस्तै खालका सबै अनुभवहरू पहिचान गर्न आग्रह गरेका थियौँ। सहभागीहरूले सकारात्मक अनुभव गर्नुका कारणहरू सेवा प्रदायकको ठाउँ पहुँचयुक्त र अपाङ्गमैत्री हुनु (५४.१%), कर्मचारीहरू मित्रवत् र सहयोगी (१३.१%) हुनु, अपाङ्गता-विशेष अनुकूलन प्रदान गरिनु (११.५%), कार्यालय भौतिक एवं संरचनात्मक रूपमा पहुँचयुक्त हुनु (११.५%) र कर्मचारीहरूले

अपाङ्गतासम्बन्धी आवश्यकताहरू सम्बोधन गर्नु (९.८%) रहेका छन्। यस प्रश्नमा कुल ६१ जनाले उत्तर दिएका छन्। विस्तृत विवरण तलको चित्रमा देखाइएको छ।



सामाजिक अवरोध

यस खण्डमा न्याय खोज्ने क्रममा अपाङ्गता भएका महिलाले सामना गर्ने सामाजिक अवरोधको विवरण प्रस्तुत गरिएको छ।

घटना अध्ययन छ: न्याय संयन्त्रभित्रको भेदभाव (मधेश प्रदेश)

सृजना (परिवर्तित नाम) २० वर्षीया बौद्धिक अपाङ्गता भएकी महिला हुन्। उनी सीमान्तकृत आदिवासी माझी समुदायकी हुन्। उनको परिवार धेरै गरिब थियो। उनका अभिभावक र परिवारका सदस्यमा मानसिक

स्वास्थ्य समस्या देखिएका थिए। फिल्ड भ्रमणमा गएका बेला सामाजिक कार्यकर्ताहरूले उनी छिमेकी पुरुषबाट यौन हिंसामा परेको थाहा पाए। उनको गर्भ चार हप्ताको भइसकेको थियो। सामाजिक कार्यकर्ताहरूले उनलाई सुरक्षित आवासगृह (सेफहाउस) पुऱ्याए। सुरक्षित आवासगृहमा आएको १२ दिनभित्र उनको गर्भ तुहिएर गयो। सामाजिक कार्यकर्ताहरूले उजुरी दर्ता गर्न चुनौती भएको बताए। सुरक्षित आवासगृहले एकद्वार सङ्कट व्यवस्थापन केन्द्रमा लगेर उनको शारीरिक परीक्षण गराए। बलात्कार भएको धेरै महिना भइसकेकाले फरेन्सिक परीक्षण प्रभावकारी भएन। सुरक्षित आवासगृहले उनको मुद्दा प्रहरी कार्यालयमा पठायो। प्रहरीले सामाजिक कार्यकर्तालाई "उनी अपाङ्ग छिन्, सबै कुरा भन्न सक्दिनन्, त्यसैले मुद्दा दर्ता गर्न सकिँदैन" भन्दै उजुरी बुझ्न मानेन। सामाजिक कार्यकर्ताहरूले उनलाई अपाङ्गता परिचयपत्र दिलाउन सहयोग गरे। उनले अपाङ्गता भत्ता पाउन सक्ने भइन्। तर, सुरक्षित आवासगृहको क्षमता सीमित भएकाले उनलाई फेरि आफ्नो समुदायमा नै फिर्ता पठाइयो। अहिले उनी त्यही समुदायमा बस्दैछिन् जहाँ उनलाई पीडा दिने पीडक पनि बस्छन्। भविष्यमा उनी अझै दुर्व्यवहारमा पर्न सक्ने उच्च जोखिममा छिन्।

घटना अध्ययन सात: प्रभावितले अन्याय स्वीकार्नु (कर्णाली प्रदेश)

सुनिता शारीरिक अपाङ्गता भएकी २७ वर्षीया महिला हुन्। उनको जन्म कर्णाली प्रदेशको दुर्गम जिल्ला दैलेखमा भएको हो। परिवारका सदस्यहरूको सहयोगले उनले फार्मेसी विषयमा उच्च शिक्षा हासिल गरिन्। फार्मेसी सञ्चालन गर्न पाउने लाइसेन्स प्राप्त गरिन्। सरकारी पदमा अपाङ्गता भएका व्यक्तिहरूका लागि आरक्षण हुने भएकाले सुनिताले लोकसेवा आयोगको परीक्षाको तयारी गर्न थालिन्। यसका लागि उनी कर्णाली प्रदेशको सदरमुकाम वीरेन्द्रनगरमा सरेकी थिइन्। शहरमा बसाइ खर्च जुटाउनका लागि परिवार र साथीहरूको लगानीमा उनले सानो फार्मेसी सञ्चालन गर्न थालिन्। एक दिन फेसबुक मार्फत एउटा युवक उनको सम्पर्कमा आए। उसले सुनिताप्रति माया देखाउँदै विवाह गरी घरजम गर्ने कुरा गर्न थाल्यो। समाजमा अपाङ्गता भएका महिलाको विवाह हुँदैन भन्ने आमधारणाको छाप सुनितामा पनि परेको थियो र यसैकारण सुनिता उक्त युवकको मायाजालमा परिन्। ती युवकले सुनिताको यौन शोषण गरेको मात्र होइन, आफ्नो जीवनयापन खर्च चलाउन

सुनिताबाट जबरजस्ती पैसा पनि लिन थाले। ती पुरुष पनि लोक सेवा परीक्षाको तयारी गरिरहेका थिए। पछि सरकारी जागिर पाएर रुकुम जिल्लामा सरुवा भएर गए। उनले सुनितालाई बेवास्ता गर्न थाले र कुराकानी गर्न बन्द गरे। सुनिताले अपाङ्गता अधिकारसम्बन्धी संस्थाहरूमा धाइन्, महिला अधिकारमा काम गर्ने संस्थाहरूको सहयोग लिइन्। ती संस्थाहरूले उनलाई उजुरी दर्ता गराउन सहयोग गरे। जिल्ला प्रहरी कार्यालयमा मुद्दा दर्ता भयो। उनको शारीरिक परीक्षण पनि भयो, तर त्यो ढिला भइसकेको थियो। केस अदालतसम्म पुग्यो। तर सुनितालाई पीडक र उसको परिवारले उजुरी फिर्ता लिन दबाब दिन थाले। उनीमाथि सामाजिक लाञ्छना र गाली पनि धेरै आए। अन्तमा हार खाएर उनले अदालतमा यसो भन्न बाध्य भइन्: ''म र त्यो पुरुषबीच जे भयो, त्यो मेरो सहमतिमा नै भएको हो।'' यही बयानका आधारमा अदालतले मुद्दा खारेज गऱ्यो।

यो घटनाले शिक्षा र रोजगारी भए पनि अपाङ्गता भएका महिलाहरू अझै पनि शोषणको उच्च जोखिममा रहने देखाउँछ। औपचारिक न्यायिक प्रक्रिया अपनाए पनि, पीडकबाट आउने दबाब र सामाजिक लाञ्छनाका कारण उनीहरूले बाध्य भएर अन्याय स्विकार्नुपर्ने अवस्था आइरहेको हुन्छ।

घटना अध्ययन आठ: यौन हिंसाको लाज र लाञ्छना (कोशी प्रदेश)

गीता बौद्धिक अपाङ्गता भएकी १८ वर्षीया जनजाति समुदायकी महिला हुन्। उनको परिवार गरिब थियो र खेतीको काम गर्थे। अरू खेतमा जाँदा गीता घरमा प्रायः एक्लै हुन्थिन्। एउटा छिमेकीले उनलाई नियमित रूपमा यौन दुर्व्यवहार गरिरहेको थियो। तर परिवारलाई यो कुरा गीताको महिनावारी रोकिएपछि मात्र थाहा भयो। यसबारे सोधखोज गर्दासम्म गीता १२ हप्ताको गर्भवती भइसकेकी थिइन्। परिवारले उनलाई नजिकैको अस्पतालमा गर्भपतनका लागि लिएर गए। उनीहरूलाई यस बलात्कारको घटना उजुरी कसरी गर्ने भन्नेबारे थाहा नभएको वा चासो नभएको हुन सक्छ। उनीहरूलाई विवाह नभएको छोरीको गर्भवती हुँदा समाजमा लाज महसुस भयो। स्थानीय अस्पताल सानो थियो र त्यहाँ गर्भपतन सुविधा थिएन। गीतालाई प्रदेश अस्पतालको एकद्वार सङ्कट व्यवस्थापन केन्द्रमा सिफारिस गरियो। नेपालमा गर्भपतनसम्बन्धी कानुनले महिलाको अनुरोधमा १२ हप्तासम्मको गर्भलाई पतन गराउन अनुमति दिन्छ। तर बलात्कार, हाडनाता करणी, गर्भवती

महिलाको जीवन, शारीरिक वा मानसिक स्वास्थ्य जोखिममा छ वा पेटको भ्रूण असामान्य छ भने १८ हप्तासम्मको गर्भ पनि पतन गराउन पाइन्छ। एकद्वार सङ्कट व्यवस्थापन केन्द्रले गर्भपतनको सेवा दिनुका साथै घटनाबारे उजुरी दर्ता गराउन सहयोग गरेको थियो। अहिले उक्त मुद्दा अदालतमा विचाराधीन छ। गीता हाल सुरक्षित आवासगृह (सेफहाउस) मा बसिरहेकी छिन्।

भौतिक अवरोध र सञ्चारजन्य अवरोध

यस खण्डले भौतिक अवरोधबारे अध्ययनको खोजनतिजा प्रस्तुत गर्दछ।

पूर्वाधार संरचना समावेशी नहुनु

समावेशी पूर्वाधार नभएका क्षेत्रमा अपाङ्गता भएका व्यक्तिहरूले आफूलाई समायोजन गर्न गाह्रो हुन्छ। अपाङ्गतामैत्री पूर्वाधार नहुँदा अपाङ्गता भएका महिलाहरूलाई विभिन्न कार्यक्रमहरूमा सहभागिता जनाउन झन् कठिन हुन्छ। समावेशिताका लागि नीतिहरू भए पनि व्यवहारमा लागू गरिएको पाइँदैन।

"पर्यटनमैत्री अर्थतन्त्रका लागि परिचित पोखरा, अपाङ्गता भएका व्यक्तिहरूको समावेशिताका पक्षमा निकै पछि देखिन्छ। शौचालय, यातायात र भौतिक पूर्वाधार पहुँचयुक्त नहुँदा, विशेषगरी पोखराजस्तो धेरै पर्यटक आउने क्षेत्रहरूमा, अपाङ्गता भएका व्यक्तिहरूलाई समाजमा सहभागिता जनाउन गाह्रो हुन्छ।" – सरकारी कर्मचारी, गण्डकी प्रदेश

"अपाङ्गता भएका महिला विद्यार्थीहरूलाई अपाङ्गतामैत्री शौचालय नभएका क्याम्पसमा निकै गाह्रो हुने गर्दछ। शौचालय सजिलै प्रयोग गर्न नसक्दा मूत्राशयको समस्या आउँछ। विद्यालय र शिक्षकहरू पनि अपाङ्गता भएका महिलालाई भर्ना हुन प्रोत्साहन गर्ने वा सहयोग गर्ने खालका हुँदैनन्। उनीहरू अपाङ्गता भएका महिलाप्रति कुरा गर्नै चाहँदैनन्।" – अपाङ्गता भएका व्यक्ति, गण्डकी प्रदेश

समावेशी पूर्वाधारको कमी र सामाजिक एकीकरणमा कठिनाइ हुनु

अपाङ्गता भएका महिलाहरूका लागि स्थानीय तहमा समावेशी पूर्वाधार तयार गर्नु जरुरी छ। अपाङ्गता भएका व्यक्तिहरूको सामाजिक एकीकरणलाई सुनिश्चित गर्ने, उनीहरूलाई न्याय प्रणाली र स्रोतसाधनको पहुँचबाट वञ्चित वा बहिष्कृत हुन नदिने सामुदायिक नीतिहरू तत्कालै विकास गर्नुपर्ने देखिन्छ। तर आश्चर्यजनक कुरा त के छ भने, मधेश प्रदेशमा अपाङ्गता परिचयपत्र बनाउन अपाङ्गता भएका व्यक्तिलाई चार तलासम्म सिँढी चढ्नुपर्ने हुन्छ, त्यहाँ शारीरिक अपाङ्गता भएका व्यक्तिहरूका लागि लिफ्ट वा र्‍याम्पको व्यवस्था नै छैन।

"अपाङ्गता भएका व्यक्तिहरूका लागि समावेशी पूर्वाधार निर्माण गर्नका लागि हामीले सामूहिक पैरवी गर्न आवश्यक छ। स्थानीय सरकारले स्थानीय स्तरमै समावेशी सुविधाहरू स्थापना गर्न पहल गर्नुपर्छ। अपाङ्गता भएका बालबालिकाका लागि दिवा स्याहार केन्द्रहरू पनि स्थापना गरेर परिवारहरूका लागि सहज बनाउनुपर्छ। अपाङ्गता भएका महिलाहरूलाई बजार प्रणालीमा जोड्ने उपायहरू विकास गरेमा उनीहरू आर्थिक रूपमा स्वतन्त्र हुन सक्नेछन् भन्ने मेरो विश्वास छ।" – पुनर्स्थापना केन्द्र (सेल्टर होम) परामर्शकर्ता, कर्णाली प्रदेश

सुरक्षित आवासगृहको क्षमता सीमित हुनु

अध्ययनले समेटेको चारवटै प्रदेशमा सुरक्षित आवासगृह (सेफहाउस) फरक–फरक क्षमतामा सञ्चालन हुँदै आएका छन्। तिनले अपाङ्गता भएका महिलाहरूलाई धेरै हदसम्म सहयोग पुर्‍याएका छन्। तर आर्थिक सहयोग र बजेट अभावका कारण यस्ता सुरक्षित आवासगृहहरूले दीर्घकालसम्म लैङ्गिक हिंसा प्रभावितलाई सेवा दिइरहन सक्ने अवस्था हुँदैन। सुरक्षित आवासगृह सञ्चालनमा धेरै चुनौतीहरू रहेका छन्। सीमित बजेटका कारण प्रभावितलाई सहयोग गर्न सानो नगदी कोषसमेत नहुँदा सेवाको निरन्तरता अनिश्चित हुन पुगेको छ।

सुरक्षित आवासगृहलाई निरन्तर सञ्चालन गर्ने विषयमा स्वामित्वसम्बन्धी समस्या हुँदा आर्थिक स्रोत जुटाउन सकिएको छैन। सङ्घ, प्रदेश र स्थानीय सरकारबीच सहकार्य गरी सुरक्षित आवासगृह सञ्चालन गर्नुपर्ने भए पनि सङ्घीयता कार्यान्वयनमा आएपछि सुरक्षित आवासगृह कसरी सञ्चालन गर्ने र कसले जिम्मा लिने भन्ने स्पष्ट नीति बनेको छैन। यस्ता समस्या हुँदाहुँदै पनि सुरक्षित आवासगृहहरूले अस्थायी रूपमा महिलाहरूलाई आश्रय दिइरहेका छन्।

"हामीसँग सीमित स्रोतहरू मात्र छन्। जब अपाङ्गता भएकी कुनै महिला हाम्रोमा आउँछिन्, हामी केही दिनका लागि सुरक्षित आवासगृहमा राख्छौँ र त्यसपछि परिवार वा समुदायमा नै पुनःएकीकरण गर्ने प्रयास गर्छौं तर यसमा पनि ठूलो चुनौती हुन्छ। प्रायः परिवारहरूले अपाङ्गता भएकी महिलालाई फर्काउन चाहँदैनन्। बौद्धिक अपाङ्गता भएका महिलाहरूलाई सहयोग गर्ने कुरा अझै गाह्रो छ। हामी उनीहरूलाई मद्दत गर्न चाहन्छौँ तर हाम्रोमा साधनस्रोत नहुँदा उनीहरूलाई सुरक्षित आवासगृहमा आउनबाट रोक्नुपर्ने अवस्था छ।" – सुरक्षित आवासगृह परामर्शकर्ता, मधेश प्रदेश

"मुख्य समस्या भनेको सुरक्षित आवासगृहलाई अन्य विषयजस्तै राज्यले प्राथमिकतामा नराख्नु हो। हामी प्राथमिकतामा पर्दैनौँ र सुरक्षित आवासगृह सञ्चालनका लागि आवश्यक रकम आफैं जुटाउनुपर्छ, जुन कहिलेकाहीँ निकै चुनौतीपूर्ण हुन्छ।" – सुरक्षित आवासगृह परामर्शकर्ता, कर्णाली प्रदेश

हामीले सहभागीहरूसँग हिंसाविरुद्ध न्याय खोज्ने क्रममा सामना गरेका विभिन्न अवरोधहरूबारे पनि सोधेका थियौँ। कुल १७४ जनाले यसबारे आफ्नो अनुभव बताएका थिए। हामीले केही विकल्प दिएका थियौँ। त्यसमध्ये धेरैजना (७४) ले न्याय प्रक्रियाबारे थाहा नै नभएको, ६८ जनाले प्रक्रियामा सहयोग गर्ने कोही नभएको, ४० जनाले आर्थिक स्रोत नभएको र ४७ जनाले न्याय पाइन्छ भन्ने विश्वास नै नभएको बताएका थिए।

विस्तृत विवरण तलको चार्टमा देखाइएको छ।



केही सहभागीहरूले न्यायमा पहुँच नपाउनुका अन्य कारणहरू पनि बताएका थिए। केहीलाई न्याय संयन्त्रबारे खासै जानकारी थिएन। केहीलाई उजुरी गर्न डर लागेको थियो। केहीले मौखिक प्रतिरोध गरे पनि उजुरी गरेका थिएनन्। केहीलाई आफूले भोगेको हिंसा उजुरी गर्नुपर्ने खालको गम्भीर नरहेको लागेको थियो। केहीलाई न्याय खोज्ने क्रममा बाटोमा अरू मानिसहरूले हेरिरहेको देख्दा असहज महसुस भएको थियो।

समावेशी न्यायप्रणालीका लागि सिफारिसहरू

सर्वेक्षणका सहभागीहरूलाई महिलाहरूसँग सम्बन्धित न्याय प्रणालीमा पहुँच बढाउन मद्दत गर्ने विभिन्न अवस्थाहरू छनोट गर्न अनुरोध गरिएको थियो। उनीहरूलाई एकभन्दा धेरै विकल्प दिइएको थियो र आफूले महत्वपूर्ण ठानेका सबै विकल्प छनोट गर्न भनिएको थियो।

तलको चार्टमा देखाएअनुसार, कुल २०० सहभागीहरूमध्ये ९५ जनाले न्यायिक निकायहरू भौतिक रूपमा पहुँचयोग्य हुनुपर्छ भनेका छन्। १२५ जनाले न्यायिक निकायका कर्मचारीहरूले सहयोगी र भेदभावरहित व्यवहार गर्नुपर्छ भनेका छन्। ८३ जनाले न्यायिक कार्यविधिसँग सम्बन्धित सञ्चार सामग्रीहरू अपाङ्गतामैत्री हुनुपर्छ भनेका छन्। ९५ जनाले महिलाको अपाङ्गतासँग सम्बन्धित विशेष आवश्यकता सम्बोधन हुनुपर्छ भनेका छन्। १६८ जनाले अपाङ्गता भएका महिलासँग सम्बन्धित मुद्दाहरूलाई प्राथमिकतामा राखिनुपर्छ भनेका छन्। १ जनाले न्याय पाएपछि अपाङ्गता भएका महिलालाई समाजमा पुन:एकीकरण हुन सहयोग गर्नुपर्ने बताएका छन्।



अपाङ्गता समावेशी शिक्षा तथा तालिम

शिक्षक, प्रहरी र समुदायका सदस्यहरूलाई अपाङ्गता भएका व्यक्तिहरूसँग कसरी व्यवहार गर्ने र सहयोग गर्ने भन्नेबारे तालिम दिने कार्यक्रमहरू अत्यन्तै आवश्यक छन्। उचित तालिम नहुँदा, यी समूहहरूले अनजानमै हानिकारक व्यवहारलाई निरन्तरता दिने गर्छन्। अपाङ्गता भएका र नभएका सबै प्रकारका महिलाहरू सुरक्षित रूपमा बस्न सक्ने गरी नयाँ र हाल रहेका सुरक्षित आवासगृहहरूलाई पहुँचयुक्त बनाउनु जरुरी छ।

"स्थानीय सरकार, गैरसरकारी संस्था र अपाङ्गता अधिकारमा काम गर्ने संस्थाबीचको साझेदारीबाट कोशी प्रदेशका विभिन्न विषय क्षेत्रमा प्रयासहरू भइरहेका छन्। उदाहरणका लागि अपाङ्गता पुनर्स्थापना कार्यक्रम सञ्चालनमा छ। त्यस्तै अपाङ्गता सहायता कक्ष पनि छ र प्रदेश सरकारले यसको कार्यविधि तयार गरेको छ। यसका कर्मचारीहरूलाई स्थानीय र प्रदेश सरकार दुवै मिलेर तलब खुवाइरहेका छन्। नेपाल सरकारले

अपाङ्गता भएका व्यक्तिहरूलाई रोजगारीमा नियुक्त गरेको छ। जानकारी चाहिनेहरूका लागि अपाङ्गता सहायता कक्ष उपलब्ध छ।" – अपाङ्गता अधिकारकर्मी, कोशी प्रदेश

सरकारी संस्थामा जानकारीको कमी रहनु

विद्यालय, सरकारी कार्यालय र प्रहरी सबैमा अपाङ्गता भएका महिलाहरूलाई कसरी सहयोग गर्ने भन्नेबारे बुझाइको ठूलो कमी देखिन्छ। धेरैजसोले यो विषयलाई समग्र रूपमा बुझ्ने प्रयास गर्दैनन् र यसलाई छुट्टाछुट्टै कोणबाट मात्र हेर्ने गर्छन्। यस्तो प्रवृत्तिले अपाङ्गता भएका महिलाहरूलाई झन् अलग बनाउँछ र समावेशीकरणका अवसरहरू गुम्दछ। त्यसैले शिक्षा, स्वास्थ्य, कानुनको कार्यान्वयनजस्ता विभिन्न क्षेत्रका कर्मचारी र अधिकारीहरूलाई विशेष गरी बौद्धिक वा विकाससम्बन्धी अपाङ्गता भएका महिलाका आवश्यकतालाई राम्रोसँग सम्बोधन गर्न निरन्तर तालिम आवश्यक छ।

"अपाङ्गता भएका महिलासम्बन्धी तथ्यहरूलाई समेटेर विकास साझेदारहरूले तयार पारेका प्रतिवेदनहरू विभिन्न सरकारी निकायमा पुर्‍याउन आवश्यक छ। प्रत्येक प्रदेशले यस्तो कार्यक्रमलाई निरन्तरता दिन मिलेर काम गर्नुपर्छ। अपाङ्गता भएका महिलाहरूको आवश्यकता बुझ्न र त्यसअनुसार रणनीति तथा योजना बनाउन जरुरी हुन्छ। यसले सचेतना बढाउन पनि ठूलो सहयोग गर्नेछ।" – सरकारी कर्मचारी, कोशी प्रदेश

असल अभ्यासहरू: व्यक्तिगत र प्रणालीगत प्रयासहरू

यो भागमा घटना अध्ययन र प्रमुख सूचनादातासँगको अन्तर्वार्ताबाट प्राप्त जानकारीहरू संक्षेपमा प्रस्तुत गरिएको छ।

घटना अध्ययन नौ: सहयोग र समयमै गरिएको हस्तक्षेपको कथा (मधेश प्रदेश)

मिरा ११ वर्षकी बालिका हुन् जो आफ्नी एकल आमासँग बस्छिन्। उनकी आमा घरेलु कामदारका रूपमा काम गरेर परिवारको जीविका चलाउँछिन्। कहिलेकाहीँ उनले मिरालाई आफूसँगै काममा लैजान्थिन्। सँगै लैजान नसकेको बेला उनले मिरालाई छिमेकीको हेरचाहमा छोड्थिन्। एक दिन, छिमेकीको घरमा बस्ने पुरुष भाडावालाले मिरामाथि जबर्जस्ती करणी गर्‍यो। यो घटना थाहा पाउनासाथ मिराकी आमाले मिरालाई प्रहरी चौकी लिएर गइन्। प्रहरीले नजिकैको एकद्वार सङ्कट व्यवस्थापन केन्द्रमा पठायो र त्यहाँ मिराको शारीरिक परीक्षण गर्नुका साथै योनिको स्वाब पनि लिइएको थियो। यो काम घटना भएको सात दिनभित्र गरिएको थियो। यसबाट अपराधीको सजिलै पहिचान हुन सक्यो र फरेन्सिक परीक्षणको आधारमा उसलाई दोषी ठहर गरियो। अपराधीलाई हिरासतमा लिइयो। मिरा अहिले सुरक्षित आवासगृहमा बस्छिन् र उनकी आमा नियमित रूपमा उनलाई भेट्न आउँछिन्। सुरक्षित आवासगृहका सामाजिक कार्यकर्ताहरूले मिराको मुद्दा बलियो भएको बताउँछन् र उनको पक्षमा सकारात्मक नतिजा आउनेमा विश्वस्त छन्।

घटना अध्ययन दस: सञ्चार अवरोध हटाउने प्रयास (कोशी प्रदेश)

तारा सुनाइ सम्बन्धी अपाङ्गता भएकी १८ वर्षकी जनजाति युवती हुन्। उनका आमाबुबाले उनको शिक्षा र हेरचाहका लागि अपाङ्गता भएका व्यक्तिहरूलाई पढाउने शिक्षण संस्थामा व्यवस्था गरेका थिए। पछि, ताराका आमाबुबाले तारामाथि यौन दुर्व्यवहार भएको थाहा पाए। त्यतिबेला तारा १२ हप्ताकी गर्भवती भइसकेकी थिइन्। ताराका आमाबुबाले प्रहरी चौकीमा मुद्दा दर्ता गरे। प्रहरीले तारालाई शारीरिक परीक्षणका लागि नजिकैको एकद्वार सङ्कट व्यवस्थापन केन्द्रमा पठायो। एकद्वार सङ्कट व्यवस्थापन केन्द्रले साङ्केतिक भाषाको दोभाषे राखेको थियो। दोभाषेले तारासँग दुर्व्यवहारको विवरण लिन सके र ताराले आफूमाथि दुर्व्यवहार गर्ने व्यक्ति उनकै शिक्षक भएको पहिचान गरिन्। त्यसपछि ताराको गर्भपतन गरिएको भ्रूण र अपराधीको डीएनए परीक्षण गरियो। यो मुद्दा अहिले चलिरहेको छ। एकद्वार सङ्कट व्यवस्थापन केन्द्रका कर्मचारीहरू ताराको मुद्दाको नतिजा सकारात्मक आउनेमा विश्वस्त छन्।

प्रदेशस्तरका असल अभ्यास

गण्डकी (पोखरा)

- व्यास नगरपालिकामा एक अपाङ्गता भएकी महिलालाई सरकारी कर्मचारीको रूपमा नियुक्त गरिएको छ र उनको सहजताका लागि लिफ्ट बनाइएको छ।

- गण्डकी प्रदेशले अपाङ्गतासम्बन्धी ऐनको मस्यौदा तयार गरेको छ, तर प्रदेश सभाबाट पारित हुन बाँकी छ। यसले स्थानीय तहको अपाङ्गता नीतिप्रतिको स्वामित्वलाई देखाउँछ।

- कोपिला नेपाल (पोखराको गैरसरकारी संस्था) नामक संस्थाले चारवटा पुनर्स्थापना केन्द्र (सेल्टर होम) सञ्चालन गरिरहेको छ : (१) १८ वर्षमुनिका यौन हिंसा प्रभावितहरूका लागि, जसमा अपाङ्गता भएका बालिका र महिलाहरू छन्। (२) मानव बेचबिखन र मनोरञ्जन क्षेत्रका प्रभावितहरूका लागि । (३) मानसिक स्वास्थ्य समस्या भएकाहरूका लागि, जसमा अपाङ्गता भएका महिलाहरू पनि छन्। (४) लैङ्गिक हिंसा र यौन हिंसाबाट प्रभावितहरूलाई सहयोग गर्न कृषि फार्म पुनर्स्थापना केन्द्र।

कर्णाली (सुर्खेत)

- एकद्वार सङ्कट व्यवस्थापन केन्द्र, प्रहरी र आवाज नेपाल (स्थानीय गैरसरकारी संस्था) बीच राम्रो समन्वय रहेको देखिन्छ। सुर्खेतमा यी सबैले आपतकालीन मुद्दाहरूमा तुरुन्त सहयोग गर्न एकअर्कासँग समन्वय गर्छन्। एकीकृत दृष्टिकोणले समूहगत रूपमा काम गर्न सजिलो भएको छ।

- अपाङ्गता परिचयपत्र वितरणमा सहयोगका लागि छुट्टै डाक्टर नियुक्त गरिएको छ।

- ❖ अपाङ्गता भएका व्यक्तिहरूसँग सम्बन्धित कार्यक्रमहरूका लागि स्थानीय तहले बजेट निकासा गरेको छ।

- ❖ कर्णाली प्रदेशले अपाङ्गतालाई समेटेर सामाजिक समावेशीकरण नीति लागू गरेको छ।

- ❖ सामाजिक विकास मन्त्रालयले साङ्केतिक भाषाका दोभाषे नियुक्त गरेको छ।

- ❖ ७९ जना स्थानीय तहका कर्मचारीहरूलाई अपाङ्गता अधिकार र पहुँचसम्बन्धी तालिम दिइएको छ।

कोशी (विराटनगर)

- ❖ स्थानीय सरकारको पहलले रोगको रोकथाम र पुनर्स्थापनामा ध्यान दिइएको छ।

- ❖ नगरपालिका र स्थानीय सरोकारवालाहरू मिलेर अपाङ्गता रोकथाम र व्यापक पुनर्स्थापना प्याकेज उपलब्ध गराउने योजना बनाएका छन्, तर कार्यान्वयनमा चुनौती छ र परिवारको प्रतिरोध उच्च छ।

- ❖ कोशी प्रदेशका १४ जिल्लामा साङ्केतिक भाषा दोभाषे सेवा उपलब्ध छ, जसले सुनाइ सम्बन्धी अपाङ्गता भएका व्यक्तिहरूको पहुँच सुनिश्चित गरेको छ।

- ❖ राष्ट्रिय अपाङ्ग महासङ्घ र अन्य संस्थाहरूले स्थानीय सरकारका कर्मचारीहरूको प्राविधिक क्षमता बढाउन तालिम प्रदान गरेका छन्, जसमा समावेशी पूर्वाधार डिजाइन गर्न इन्जिनियरहरूलाई तालिम दिइएको छ।

- स्थानीय सरकार, अपाङ्गता अधिकार संस्था (जस्तै राष्ट्रिय अपाङ्ग महासङ्घ) र फाउन्डेसन (जस्तै करुणा फाउन्डेसन) बीचको सहकार्यले कोशी प्रदेशमा अपाङ्गता समस्याहरू सम्बोधन गर्न मद्दत गरेको छ।

- स्थानीय सरकारले स्थापना गरेको अपाङ्गता सहायता कक्षहरू अपाङ्गता भएका व्यक्तिहरूलाई जानकारी र रोजगारी सहयोग प्रदान गर्न उपयोगी भएका छन्, तर बजेट र सञ्चार समस्याहरू चुनौतीका रूपमा छन्।

- स्थानीय सरकारले उल्लेखनीय सङ्ख्यामा अपाङ्गता भएका व्यक्तिहरूलाई रोजगारी दिएको छ। यस समावेशी अभ्यासले रोजगारीका अवसर र सशक्तीकरणलाई प्रोत्साहन गरेको छ।

मधेश (जनकपुर)

- एकद्वार सङ्कट व्यवस्थापन केन्द्र, प्रहरी र अदालतबीच सहकार्य : एकद्वार सङ्कट व्यवस्थापन केन्द्रले स्थानीय प्रहरी र अदालतसँग राम्रो समन्वय गरेको छ। प्रभावित महिलाहरूलाई सहयोग गर्न विभिन्न निकायहरूबीच सकारात्मक सहकार्य भएका छन्।

- अस्पतालका सबै वडाहरूमा एकद्वार सङ्कट व्यवस्थापन केन्द्रबारे अभिमुखीकरण गरिएको छ र कर्मचारीहरूलाई कस्ता केसहरू एकद्वार सङ्कट व्यवस्थापन केन्द्रमा पठाउने भन्ने जानकारी दिइएको छ। मधेश प्रदेशका सबै एकद्वार सङ्कट व्यवस्थापन केन्द्रका नर्सहरूले मनोसामाजिक परामर्श तालिम प्राप्त गरेका छन्।

अध्याय ५: निष्कर्ष र सिफारिस

नेपालको संविधान २०१५ को धारा १८ मा समानताको हकलाई मौलिक हकको रूपमा व्यवस्था गरिएको छ र धारा १८(३) मा अपाङ्गता भएका व्यक्तिहरूको संरक्षण, सशक्तीकरण र विकासका लागि सकारात्मक कार्यहरू सुनिश्चित गरिएको छ।

हरेक समाजमा अपाङ्गता भएका व्यक्तिहरू सबैभन्दा सीमान्तकृत समूहमा पर्छन्। अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी दस्तावेजले विश्वभर मानिसहरूको जीवनमा परिवर्तन ल्याए पनि अपाङ्गता भएका व्यक्तिहरूले त्यति लाभ पाउन सकेका छैनन्। देशको मानवअधिकार वा आर्थिक स्थिति जे भए पनि, अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकारको सम्मान गर्ने कुरालाई अन्तिममा राख्ने गरिन्छ (बार्नेस र अन्य, २००७)। न्यायमा पहुँच आफ्नैमा एउटा मौलिक हक हो र यो अन्य सबै हकहरूको उपभोगको पूर्वशर्त पनि हो। अपाङ्गता भएका महिलाहरू लगायतका संवेदनशील समूहका लागि न्यायमा पहुँच एकदमै जरुरी हुन्छ। यसले उनीहरूलाई भेदभावविरुद्ध (र प्रायः अपमान, सम्मानको कमी वा हिंसा) विशेष साधन प्रदान गर्छ (बेकिराज र अन्य, २०१७)। भेदभावपूर्ण मनोवृत्ति र गलत विश्वासका कारण अपाङ्गता भएका महिलाहरूलाई मानव गुण भएका व्यक्तिका रूपमा व्यवहार गरिँदैन, जसका कारण उनीहरूले न्यायमा पहुँच पाउने मार्गमा विभिन्न अवरोधहरूको सामना गरिरहनुपर्छ।

नेपाल सङ्घीयतामा प्रवेश गरेको भए तापनि अपाङ्गता भएका व्यक्तिहरूको आवश्यकता, विशेष गरी न्यायमा पहुँचको मुद्दालाई सम्बोधन गर्न अझै धेरै कदम चाल्नुपर्छ। यस प्रतिवेदनमा गरिएको अनुसन्धान र विश्लेषणले अपाङ्गता भएका महिला र बालिकाहरूले न्यायमा पहुँच पाउने क्रममा सामना गर्ने अवरोधहरूलाई देखाएका छन्। अनुसन्धानबाट पहिचान भएका गुणात्मक नतिजाहरू निम्न छन् : अपाङ्गता भएका व्यक्तिका लागि न्यायमा प्रणालीगत अवरोधहरू, पूर्वाधार र पहुँचयुक्तमा चुनौतीहरू,

अपाङ्गतासम्बन्धी पैरवीमा परिवार र समुदायको भूमिका, नीति तथा सुशासनमा रहेको कमी, अपाङ्गतासम्बन्धी सचेतना र तालिमको कमी। यी नतिजाहरूलाई प्रतिवेदनका विभिन्न भागमा समान विषयहरू र परिमाणात्मक तथ्याङ्कसँग मिलाएर राखिएका छन्।

सिफारिसहरू

यस खण्डमा अध्ययन टोलीले नेपालमा अपाङ्गता भएका महिलाहरूको न्यायमा पहुँच वृद्धि गर्न केही सिफारिसहरू प्रस्तुत गरेको छ। यी सिफारिसहरू गुणात्मक र परिमाणात्मक दुवै तथ्याङ्कबाट प्राप्त मुख्य नतिजाहरूमा आधारित छन्। यी सिफारिसहरू महत्वपूर्ण छन् किनभने तिनले अपाङ्गता भएका महिलाहरूलाई न्यायमा पहुँच पाउनबाट रोक्ने संरचनात्मक र सामाजिक अवरोधहरूलाई समग्र रूपमा सम्बोधन गर्छन्। अपाङ्गता परिचयपत्र, रोजगारीका अवसर र कानुनी साक्षरतामा सुधार भएमा, अपाङ्गता भएका महिलाहरू आफ्ना व्यक्तिगत र सामूहिक हकहरू दाबी गर्न र सम्मानपूर्वक बाँच्न सक्छन्। कानुनी साक्षरता र समावेशी सेवाहरूले यी महिलाहरूलाई आत्मनिर्भर बनाउन पनि मद्दत गर्छ।

तल प्रस्तुत सिफारिसहरूले सरकार, गैरसरकारी संस्था र स्थानीय निकायहरूलाई अपाङ्गता भएका महिलाहरूलाई सबै क्षेत्रमा समावेश र एकीकरण गर्ने मार्गचित्र प्रदान गर्नेछ। सरकारी निकायहरूले अपाङ्गता भएका महिलाहरूबारे नीतिमा प्रस्ट रूपमा उल्लेख गर्दै उनीहरूको आवश्यकताअनुसार कार्यक्रमहरू विकास गर्नुपर्छ। अध्ययनबाट प्राप्त नतिजा र निष्कर्षका आधारमा देहायका सिफारिसहरू गरिएका छन् :

१. अपाङ्गता परिचयपत्र वितरण सजिलो र प्रभावकारी बनाउने

- सबै प्रदेशमा परिचयपत्र वितरण गर्ने तरिका एउटै र सजिलो बनाउनुपर्छ।
- फाराम भर्दा वा कार्ड बनाउँदा आउने समस्या बताउने र समाधान गर्ने औपचारिक संयन्त्र हुनुपर्छ।

- अपाङ्गता भएका महिलाहरूलाई परिचयपत्रका फाइदाबारे जानकारी दिने जनचेतना कार्यक्रम सञ्चालन गर्नुपर्छ।
- अझै पनि कार्ड नपाइसकेका महिलालाई विशेष सहयोग गरिनुपर्छ।

२. अपाङ्गता भएका महिलाहरूका लागि रोजगारीका अवसरहरू बढाउने

- सार्वजनिक र निजी दुवै क्षेत्रमा समावेशी रोजगारी नीति बनाएर लागू गर्नुपर्छ।
- सरकारी कार्यालय, विद्यालय, निजी कम्पनी र विकास क्षेत्रहरूमा समतामूलक भर्ना अभ्यास अपनाउन प्रोत्साहन गर्नुपर्छ।
- पढेलेखेका अपाङ्गता भएका महिलालाई श्रम बजारमा सहभागी हुन नदिने संरचनागत अवरोधहरू हटाउनुपर्छ।

३. अपाङ्गता भएका महिलाहरूका लागि न्याय पहुँचमा रहेका अवरोधहरू सम्बोधन गर्ने

- न्याय प्रणालीलाई भौतिक (व्हीलचेयर पहुँच), सञ्चार (साङ्केतिक भाषा) र प्रक्रियागत (सजिलो फाराम र सेवा) रूपमा सहज र पहुँचयुक्त बनाउनुपर्छ।
- प्रहरी, न्यायधीश, न्यायिक निकायका कर्मचारी र स्वास्थ्यकर्मीहरूलाई अपाङ्गता र लैङ्गिक संवेदनशीलतासम्बन्धी विषयमा तालिम दिनुपर्छ।
- प्रभावित महिलालाई कानुनी सहायता, ट्रमा (आघात) परामर्श, साथी समूहको सहयोग र आर्थिक सहयोग पाउने अवसर बढाउनुपर्छ।
- समुदाय र परिवारमा आधारित सहयोगलाई प्रोत्साहन गरी समुदाय र परिवारबाट लाञ्छना घटाउनुपर्छ र प्रभावितलाई सशक्त बनाउनुपर्छ।

४. लैङ्गिकता र अपाङ्गताप्रति अन्तरविविध दृष्टिकोण अपनाउने

- सबै नीतिहरूमा लिङ्ग, जात र अपाङ्गताको अन्तरविविध असरलाई सम्बोधन गर्नुपर्छ।
- परिवार, सम्पत्ति र उत्तराधिकारमा भेदभाव भोगिरहेका अपाङ्गता भएका महिलालाई कानुनी र सामाजिक संरचनाले सहयोग गरिनुपर्छ।
- परिवार र समाजभित्र समावेशी हेरचाह, भावनात्मक सहयोग र महिलाहरूको अधिकार उपभोगलाई प्रवर्द्धन गर्नुपर्छ।

५. नीति कार्यान्वयन र पैरवी प्रभावलाई सुदृढ बनाउने

- अपाङ्गता र लैङ्गिक समानतासम्बन्धी बनेका नीतिहरूलाई सङ्घ, प्रदेश र स्थानीय तहमा समान रूपमा लागू गर्नुपर्छ।
- अपाङ्गता समावेशी कार्यक्रमका लागि छुट्टै बजेट र स्रोत सुनिश्चित गर्नुपर्छ।
- प्रगतिको अनुगमन र जवाफदेहिताका लागि स्वतन्त्र अनुगमन निकाय बनाउनुपर्छ।
- अपाङ्गता भएका महिलाको अधिकारका लागि पैरवी गर्ने नागरिक समाजका संस्थालाई सहयोग गर्नुपर्छ।

६. अपाङ्गता समावेशी सुरक्षित आवासगृहहरूमा लगानी गर्ने

- अपाङ्गता भएका महिलाहरूले सजिलै प्रयोग गर्न सक्ने (भौतिक रूपमा पहुँचयुक्त) सुरक्षित आवास गृहहरू (सेफहाउस) बनाउनुपर्छ र त्यहाँ तालिमप्राप्त कर्मचारी राख्नुपर्छ।
- बालहेरचाह, मनोसामाजिक सहयोग र पुनःएकीकरण योजना सबै समेटेर समग्र सेवाहरू दिनुपर्छ।
- स्रोतको कमीलाई सम्बोधन गरी आश्रय प्रणालीलाई लामो समयसम्म दिगो बनाउने योजनालाई प्राथमिकता दिइनुपर्छ।

७. सामुदायिक सहभागिता बढाएर लैङ्गिक हिंसाविरुद्ध काम गर्ने

- अपाङ्गता भएका महिलाविरुद्ध हुने लैङ्गिक हिंसा पहिचान र रोकथाम गर्न स्थानीय संरक्षण समिति बनाउनुपर्छ र तालिम दिनुपर्छ।
- लैङ्गिक हिंसाका घटनाहरूमा अनिवार्य उजुरी गर्ने र मुद्दाको अनुगमन गर्ने संयन्त्र बनाउनुपर्छ।
- समाजमा रहेका हानिकारक परम्परा र सोच बदल्न, महिलाप्रतिको नकारात्मक धारणा कम गर्न जनचेतना कार्यक्रम गर्नुपर्छ।

८. स्थानीय तहमा कानुनी साक्षरता र न्यायमा पहुँच बढाउने

- अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, महिलाविरुद्धका सबै प्रकारका भेदभाव उन्मुलन गर्नेसम्बन्धी महासन्धि र अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी ऐन जस्ता कानुनी विषयमा जनचेतना अभियान चलाउनुपर्छ।
- डाक्टर, नर्स, सरकारी कर्मचारी जस्ता अग्रपङ्क्तिका सेवा प्रदायकहरूलाई अन्तरविविध अपाङ्गता र लैङ्गिक संवेदनशीलताको विषयमा तालिम दिनुपर्छ।
- पर्याप्त बजेट/स्रोत प्रदान गरेर स्थानीय तहलाई समावेशी नीतिहरू कार्यान्वयन गर्न सक्ने बनाइनुपर्छ।

सन्दर्भ सामग्री

Beqiraj, J., McNamara, L., & Wicks, V. (2017)। अपाङ्गता भएका व्यक्तिका लागि न्यायमा पहुँच: अन्तर्राष्ट्रिय सिद्धान्तदेखि व्यवहारसम्म। इन्टरनेशनल बार एसोसिएसन। *https://www.biicl.org/bcnew/www/documents/28_1771_access_to_justice_persons_with_disabilities_report_october_2017.pdf*

Byrnes, A., Conte, A., Gonnot, J. P., Larsson, L., Schindlmayr, T., Shepherd, N., Walker, S., & Zarraluqui, A. (2007). बहिष्करणबाट समानतासम्म: अपाङ्गता भएका व्यक्तिहरूका अधिकार सुनिश्चितताको मार्ग। स्रोत: संयुक्त राष्ट्रसङ्घको वेबसाइट - *https://www.un.org/disabilities/documents/toolaction/ipuhb.pdf*

बुढाथोकी गजेन्द्र, (२०२३). नेपालमा अपाङ्गताको अवस्था र सुधारको पहल। कान्तिपुर दैनिक (२३ फागुन २०८०)। *https://ekantipur.com/en/opinion/2024/03/06/disability-situation-and-reform-initiatives-in-nepal-50-49.html*

केन्द्रीय तथ्याङ्क विभाग, २०७८। राष्ट्रिय जनगणना २०७८। केन्द्रीय तथ्याङ्क विभाग, नेपाल। *https://censusnepal.cbs.gov.np/Home/Index/EN*

Eide, A. H., Neupane, S., & Hem, Karl-Gerhard (2016)। नेपालमा अपाङ्गता भएका व्यक्तिहरूको जीवन अवस्थासम्बन्धी अध्ययन।

Emerson, E., & Llewellyn, G. (2023)। अपाङ्गता भएका र नभएका महिलामाथि हुने हिंसा र भेदभावको अध्ययन: २९ मध्यम तथा न्यून आय भएका देशहरूबाट प्राप्त तथ्याङ्क। Journal of Interpersonal Violence, 38(11–12), 7215–7241.

महिला, कानुन र विकास मञ्च (FWLD). (2024). न्यायमा पहुँच। महिला, कानुन र विकास मञ्च। *https://fwld.org/core-areas/access-to-justice/#:~:text=Access%20to%20Justice%2C%20a%20basic,exercising%20their%20rights%20for%20justice.https://fwld.org/core-areas/access-to-justice*

राष्ट्रिय न्यायिक प्रतिष्ठान। (२०२१)। न्यायपालिकाको लैङ्गिक समानता र सामाजिक समावेशीकरण रणनीति २०२१/२२–२०२५/२६। http://njanepal.org.np/public/reports/22012444021-Gender%20Equality%20and%20Social%20Inclusion%20(GESI)%20Strategy%20for%20the%20Judiciary%20(2021-2022%20to%202025-2026).pdf

Khanal, N. A. (2009)। नेपालका अपाङ्ग महिलाको सामाजिक समावेशीकरण, जीविकोपार्जन र हिंसाको अवस्थामाथि अध्ययन। एक्सनएड नेपाल, लाजिम्पाट, काठमाडौं।

Kim, E. J., Skinner, T., & Parish, S. L. (2020)। बेलायतमा अपाङ्ग महिलामाथि रोजगारीमा हुने अन्तरविविध भेदभावको अध्ययन। Disability & Society, 35(5), 715–737.

माया ढुङ्गाना (२००६)। नेपालका अपाङ्गता भएका महिलाको जीवन: बेसहारा हुँदाको सङ्कटासन्नता। Disability & Society, 21*(2), 133–146.*

राष्ट्रिय अपाङ्ग महासङ्घ नेपाल (NFDN)। (२०२३)। राष्ट्रिय जनगणना २०७८ मा अपाङ्गतासम्बन्धी तथ्याङ्क। https://nfdn.org.np/news/disability-data

निरज पौडेल, महेश बास्कोटा, दिपेश खड्का (२०१८). नेपालमा अपाङ्गता: अवस्था विश्लेषण र अगाडिको बाटो।

Paudel, S, Bhandari and Bhandari, D.B. (2017) अपाङ्गता: केस स्क्रिनिङ प्रोग्राम अवधारणा। Journal of Biosciences and Medicines, 5,10-21.

Puri, M., Misra, G., & Hawkes, S. (2015). लुकेका आवाजहरू: नेपालमा अपाङ्गता भएका महिलामाथि हुने हिंसाको दर र जोखिमका कारणहरू। BMC Public Health, 15, 1–11.

राष्ट्रिय समाचार समिति। 2024। अपाङ्गता भएका व्यक्तिहरूको न्यून साक्षरता दरले नीति निर्माताहरूलाई चिन्तित बनाएको छ। https://english.himalayatimes.com.np/2024/03/80761

युनेस्को। (2020)। अपाङ्गताका अवरोधहरूभन्दा पर: समान अवसरका लागि शिक्षा र चेतना। संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक र सांस्कृतिक सङ्गठन (युनेस्को)। *Beyond the barriers of disability (unesco.org).*

विश्व स्वास्थ्य सङ्गठन (WHO)। (२०११)। विश्व अपाङ्गता प्रतिवेदन २०११। विश्व स्वास्थ्य सङ्गठन।

अनुसूची १: सर्वेक्षण प्रश्नावली

नेपालमा अपाङ्गता भएका महिलाहरूको न्यायमा पहुँचको स्थिति

प्रदेशहरू

- गण्डकी
- कर्णाली
- कोशी
- मधेश

सहभागीको नाम (प्रकाशन नहुने)

सहभागीको फोन नम्बर (जानकारी प्रमाणीकरणका लागि सङ्कलन गरिनेछ)

खण्ड १: सहभागीहरूको सामान्य जानकारी विवरण

१) उमेर

२) लिङ्ग

(क) महिला

(ख) अन्य (कृपया उल्लेख गर्नुहोस्)

३) जातजाति/जातीय समूह

(क) पहाडी जातजाति समूह

(ख) मधेसी

(ग) पहाडी दलित

(घ) तराई दलित

(ङ) हिमाली/पहाडी जनजाति

(च) धार्मिक र भाषिक समूह

(छ) अन्य (कृपया उल्लेख गर्नुहोस्)

४) धर्म

(क) हिन्दु

(ख) बौद्ध

(ग) इसाई

(घ) इस्लाम

(ङ) किराँत

(च) अन्य (कृपया उल्लेख गनुहोस्)

५) तपाईँ अपाङ्गता भएको व्यक्ति कसरी बन्नुभयो ?

(क) जन्मजात अपाङ्गता

(ख) जन्मपछि भएको अपाङ्गता

५.१ यदि जन्मपछि अपाङ्गता भएको हो भने, कृपया उमेर उल्लेख गर्नुहोस्।

६) अपाङ्गताको प्रकार

(क) शारीरिक अपाङ्गता

(ख) दृष्टिसम्बन्धी अपाङ्गता

(ग) सुनाइसम्बन्धी अपाङ्गता

(घ) श्रवण-दृष्टिविहीन अपाङ्गता

(ङ) स्वर र बोलाइसम्बन्धी अपाङ्गता

(च) मानसिक वा मनोसामाजिक अपाङ्गता

(छ) बौद्धिक अपाङ्गता

(ज) अनुवंशीय रक्तश्राव (हेमोफिलिया) सम्बन्धी अपाङ्गता

(झ) अटिजमसम्बन्धी अपाङ्गता

(ञ) बहुअपाङ्गता

७) के तपाईँले सरकारबाट अपाङ्गता परिचयपत्र प्राप्त गर्नुभएको छ ?

(क) छ

(ख) छैन

७.१ यदि छ भने, सरकारबाट कस्तो प्रकारको परिचयपत्र प्राप्त गर्नुभयो ?

(क) रातो (पूर्ण अशक्त अपाङ्गता)

(ख) निलो (अति अशक्त अपाङ्गता)

(ग) पहेँलो (मध्यम अपाङ्गता)

(घ) सेतो (सामान्य अपाङ्गता)

७.१.१ यदि प्राप्त गर्नुभएको छ भने, अपाङ्गता परिचयपत्र प्राप्त गर्न कत्तिको गाह्रो थियो?

१ = धेरै गाह्रो

२ = गाह्रो

३ = अलिअलि गाह्रो

४ = सजिलो

५ = धेरै सजिलो

७.२ यदि छैन भने, अपाङ्गता परिचयपत्र नपाउनुको कारण के हो ?

(क) मलाई अपाङ्गता परिचयपत्रबारे थाहा छैन

(ख) मलाई परिचयपत्रबारे थाहा छ, तर प्रक्रिया थाहा छैन

(ग) प्रक्रियामा मलाई सहयोग गर्ने कोही छैन

(घ) मैले प्रक्रिया अपनाएँ, तर धेरै गाह्रो भयो

(ङ) म परिचयपत्रका लागि आवेदन दिने प्रक्रियामा छु

(च) अन्य (कृपया उल्लेख गर्नुहोस्)

८) पूरा गरेको शिक्षा तह

(क) निरक्षर

(ख) साक्षर मात्र

(ग) प्राथमिक (१–८)

(घ) माध्यमिक (९–१२)

(ङ) स्नातक तह

(च) स्नातकोत्तर तह र माथि

९) के तपाईँ हाल रोजगारीमा हुनुहुन्छ ?

(क) छु

(ख) छैनँ

९.१ यदि रोजगारीमा हुनुहुन्छ भने, तपाईँको रोजगारीको प्रकृति के हो ?

(क) स्वरोजगार

(ख) सरकारी जागिर

(ग) निजी क्षेत्रको जागिर

(घ) अन्तर्राष्ट्रिय गैरसरकारी संस्था/राष्ट्रिय गैरसरकारी संस्थाको जागिर

(ङ) अन्य

९.२ यदि बेरोजगार हुनुहुन्छ भने, तपाईँको स्थिति के हो ?

(क) अवकाश प्राप्त

(ख) विद्यार्थी

(ग) गृहिणी

(घ) अन्य (कृपया उल्लेख गर्नुहोस्)

९.२.१ यदि बेरोजगार हुनुहुन्छ भने, के तपाईँसँग नियमित आयको स्रोत छ ?

(क) छ

(ख) छैन

यदि छ भने, आयका स्रोतहरू के–के हुन् ?

(क) छात्रवृत्ति

(ख) अपाङ्गता भत्ता

(ग) कार्यक्रममा सहभागिताबाट प्राप्त भत्ता

(घ) परिवारका सदस्यबाट सहयोग

(ङ) अन्य

१०) वैवाहिक स्थिति

(क) अविवाहित

(ख) विवाहित

(ग) अलग भएर बसेको

(घ) सम्बन्धविच्छेद भएको

(ङ) विधवा

(च) विवाह नगरेको, तर सँगसँगै बस्ने गरेको

११) जन्मेका छोराछोरी

(क) छ

(ख) छैन

११.१ यदि छ भने, छोराछोरीको सङ्ख्या

१२) के तपाईँ तलका कुनै संस्थाको सदस्य हुनुहुन्छ ? (लागू हुने सबैमा चिन्ह लगाउनुहोस्)

(क) राजनीतिक पार्टी

(ख) बचत र ऋण समूह

(ग) गैरसरकारी संस्था

(घ) अपाङ्गता भएका व्यक्तिहरूको संस्था

(ङ) अन्य (कृपया उल्लेख गर्नुहोस्)

खण्ड २: प्रदेशस्तरका कानुनी व्यवस्थाहरूको ज्ञान

१) अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सुनिश्चित गर्ने कानुनी संरचनाहरूमध्ये तपाईँलाई कुन-कुन संरचनाबारे थाहा छ ? (लागू हुने सबैमा चिन्ह लगाउनुहोस्))

(क) अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि

(ख) अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी ऐन

(ग) महिलाविरुद्ध सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि

(घ) माथिका कुनै पनिबारे थाहा छैन

२) तपाईँलाई कुन-कुन कानुनी व्यवस्था र सहयोग प्रणालीबारे थाहा छ ? (लागू हुने सबैमा चिन्ह लगाउनुहोस्)

(क) अपाङ्गता भएका महिलामाथि बलात्कार गर्ने कसुरदारलाई थप ५ वर्षको सजाय हुन्छ

(ख) सरकारी वकिलको कार्यालयले अपाङ्गता भएका महिलाहरू र अन्यको मुद्दा लड्न निःशुल्क कानुनी सहायता प्रदान गर्छ

(ग) न्याय खोज्ने र विवाद समाधानका लागि वडा तहमा मेलमिलाप समिति छ

(घ) पालिकाका न्याय समितिहरूले विवाद निरुपण गर्छन्, एक वर्षसम्म सजाय हुनसक्ने फौजदारी (अङ्गभङ्ग हुने बाहेकका कुटपिट) मुद्दाहरूमा मध्यस्थता गरी किनारा गर्ने र निरुपण वा किनारा हुन नसकेका मुद्दाहरूलाई जिल्ला अदालतमा पठाउँछन्

(ङ) धेरैजसो प्रहरी चौकीहरूमा अपाङ्गता भएका महिलाहरू र अन्यको उजुरी दर्ता गर्ने महिला सेल छ

() यो च यो प्रदेशका जिल्ला अस्पतालहरूमा एकद्वार सङ्कट व्यवस्थापन केन्द्र छ, जसले चिकित्सकीय सहयोग र पुनर्स्थापना केन्द्रमा प्रेषण गर्छ

(छ) सुनाइसम्बन्धी अपाङ्गता भएका महिलाहरूको उजुरी दर्ता/फाइल गर्न प्रहरी चौकीहरूले साङ्केतिक भाषा दोभाषे ल्याउनुपर्छ

(ज) माथिका कुनै पनिबारे थाहा छैन

(झ) अन्य (कृपया उल्लेख गर्नुहोस्)

खण्ड ३: अन्यायको अनुभव

१. के तपाईँले परिवारभित्र कुनै प्रकारको अन्यायको अनुभव गर्नुभएको छ ?

(क) छ

(ख) छैन

१.१ यदि छ भने, तपाईँले अनुभव गरेको अन्याय कस्तो प्रकृतिको थियो ? (लागू हुने सबै छान्नुहोस्)

(क) हुर्कंदा शारीरिक र भावनात्मक हेरचाहको कमी

(ख) शारीरिक हिंसा

(ग) यौन हिंसा

(घ) भावनात्मक र मनोवैज्ञानिक हिंसा

(ङ) गुणस्तरीय शिक्षा प्राप्त गर्न सहयोगको कमी

(च) आयआर्जनका अवसरहरूबाट वञ्चित

(छ) सम्पत्तिको अधिकारबाट वञ्चित

(ज) अपाङ्गताको आधारमा भेदभाव

(झ) हिँडडुल/आवतजावत गर्न र व्यक्तिगत स्वतन्त्रतामा बन्देज

(ञ) अन्य (कृपया उल्लेख गर्नुहोस्)

२. के तपाईँले समुदायभित्र कुनै अन्यायको अनुभव गर्नुभएको छ ?

(क) छ

(ख) छैन

२.१ यदि छ भने, अन्यायको प्रकृति कस्तो थियो ?

(क) शारीरिक हिंसा

(ख) भावनात्मक र मनोवैज्ञानिक हिंसा

(ग) यौन हिंसा

(घ) अपाङ्गताको आधारमा भेदभाव

३. के तपाईँले काम गर्ने ठाउँमा कुनै प्रकारको अन्यायको अनुभव गर्नुभएको छ ?

(क) छ

(ख) छैन

(ग) म काम नै गर्दिनँ

३.१ यदि छ भने, तपाईँले अनुभव गरेको अन्यायको प्रकृति कस्तो थियो ?

(क) शारीरिक हिंसा

(ख) भावनात्मक हिंसा

(ग) यौन हिंसा

(घ) अपाङ्गताको आधारमा भेदभाव

(ङ) ज्याला/पारिश्रमिकमा भेदभाव

४. के तपाईँले सार्वजनिक स्थानहरूमा कुनै अन्यायको अनुभव गर्नुभएको छ ?

(क) छ

(ख) छैन

४.१ यदि छ भने, तपाईँले यस्तो अन्याय कहाँ अनुभव गर्नुभयो ? (लागू हुने सबैमा चिन्ह लगाउनुहोस्)

(क) सरकारी कार्यालयहरूमा

(ख) गैरसरकारी कार्यालयहरूमा

(ग) अस्पतालहरूमा

(घ) विद्यालय र विश्वविद्यालयहरूमा

(ङ) सार्वजनिक यातायात र बाटामा

(च) धार्मिक र आध्यात्मिक स्थानहरूमा

(छ) अन्य (कृपया उल्लेख गर्नुहोस्)

४.२ यदि छ भने, अन्यायको प्रकृति कस्तो थियो ?

(क) शारीरिक हिंसा

(ख) भावनात्मक हिंसा

(ग) यौन हिंसा

(घ) अपाङ्गताको आधारमा भेदभाव

(ङ) अन्य (कृपया उल्लेख गर्नुहोस्)

५. यदि तपाईँले प्रश्न (१, २, ३ र ४) मा 'हो' वा 'छ' भन्ने उत्तर भन्नुभयो भने, के तपाईँले प्रहरी, वडा, न्याय समिति, अदालत आदि जस्ता औपचारिक न्यायिक संयन्त्रहरू मार्फत सहयोग खोज्नुभएको छ ?

(क) छ

(ख) छैन

५.१ यदि छ भने, यस प्रक्रियामा तपाईँलाई कसले सहयोग गऱ्यो ?

....

५.१.१ यदि छ भने, तपाईँले कुन-कुन सेवाहरू प्रयोग गर्नुभयो ? (लागू हुने सबैमा चिन्ह लगाउनुहोस्)

(क) वडा तहको मेलमिलाप केन्द्र

(ख) पालिकाको न्यायिक समिति

(ग) प्रहरी चौकी/कार्यालय

(घ) अस्पतालको एकद्वार सङ्कट व्यवस्थापन केन्द्र

(ङ) अन्य (कृपया उल्लेख गर्नुहोस्)

५.२ यदि तपाईँले छ भनेर भन्नुभयो भने, मुद्दा दर्ता गर्दाको तपाईँको अनुभव कस्तो थियो ?

(क) सकारात्मक

(ख) नकारात्मक

५.२.१ यदि तपाईँले प्रश्न ५.२ मा मा सकारात्मक भन्नुभयो भने, तपाईँको सकारात्मक अनुभव के थियो ?

(क) कर्मचारीहरू मित्रवत् र सहयोगी थिए

(ख) कार्यालयहरू भौतिक रूपमा पहुँचयुक्त थिए

(ग) प्रक्रिया स्पष्ट र पहुँचयुक्त तरिकाले बुझाइएको थियो

(घ) कर्मचारीहरूले मेरो अपाङ्गतासँग सम्बन्धित आवश्यकताहरूअनुसार सहयोग गरेका थिए

(ङ) सञ्चार सामग्रीहरू पहुँचयुक्त र अपाङ्गतामैत्री थिए

(छ) अन्य (कृपया उल्लेख गर्नुहोस्)

५.२.२ यदि तपाईँले प्रश्न ५.२ मा नकारात्मक भन्नुभयो भने, तपाईँको नकारात्मक अनुभव के थियो ?

(क) न्यायिक संयन्त्र भौतिक रूपमा पहुँचयुक्त थिएन

(ख) पहुँचयुक्ततासम्बन्धी अवरोधका कारण सञ्चार गर्न गाह्रो भयो

(ग) सेवा प्रदायकहरूले मेरो अपाङ्गताको आधारमा भेदभाव गरे

(घ) अन्य (कृपया उल्लेख गर्नुहोस्)

६. यदि तपाईँले प्रश्न ५ मा छैन भनेर भन्नुभयो भने, उजुरी वा मुद्दा दर्ता नगर्नुको कारण के थियो ? (लागू हुने सबैमा चिन्ह लगाउनुहोस्)

(क) प्रक्रियाबारे जानकारी थिएन

(ख) सहयोग गर्ने कोही थिएन

(ग) पैसा थिएन

(घ) दर्ता गरेर केही फाइदा छैन; त्यहाँ न्याय पाइँदैन

(ङ) अन्य (कृपया उल्लेख गर्नुहोस्)

७. तपाईँजस्ता अपाङ्गता भएका महिलाहरूका लागि न्याय संयन्त्रमा पहुँच सुनिश्चित गर्न कस्ता अनुकूलन गर्नु आवश्यक छन् ?

(क) अपाङ्गता भएका महिलाहरूका लागि भौतिक संरचना पहुँचयुक्त हुनुपर्ने

(ख) सरकारी अधिकारीहरूसँग कुराकानी गर्न सजिलो सञ्चार प्रक्रिया हुनुपर्ने

(ग) अपाङ्गता भएका महिलाहरूप्रति सरकारी अधिकारीहरूले भेदभावपूर्ण व्यवहार गर्न नहुने

(घ) अपाङ्गता भएका महिलाहरूको आवश्यकताअनुसार प्रक्रियागत अनुकूलन गरिनुपर्ने

ङ) पहुँचयुक्त कागजात र स्रोतहरू हुनुपर्ने

(च) अपाङ्गता भएका महिलाहरूको मुद्दामा द्रुतमार्गबाट सेवा दिनुपर्ने

(छ) अन्य (कृपया उल्लेख गर्नुहोस्)